# कोन्ज्योसोम गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चौघरे, ललितपुर

३ नं. प्रदेश, नेपाल

# पार्श्वचित्र

२०७४ असार



# दुई शब्द

ललितपुर जिल्लाको दक्षिण पूर्वमा अवस्थित विकासको गतिमा अगाडि बढिरहेको गाउँपालिका हो कोन्ज्योसोम । साविकका चौघरे, दलचोकी, शंखु, नल्लु र भारदेउ गा.वि.स. समावेश गरी मिति २०७३/११/२२ मा गाउँपालिका गठन गरिएपछि पहिलो प्रकाशित दस्तावेजको रूपमा आउन लागेको पार्श्वचित्र छोटो समयमै तयारी गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ ।

राज्य पुनर्संरचनाको शिलशिलामा स्थापित यस गाउँपालिकाको यथार्थ विद्यमान अवस्था झल्काउने पार्श्वचित्र तयारीले विकासको वर्तमान अवस्थालाई चित्रित गरेको छ । यस्तो चित्रणले आगामी दिनमा तर्जुमा गर्नुपर्ने नीति तथा कार्यक्रमहरूलाई प्राथमिकीकरण गरी हामीलाई उपलब्ध सीमित श्रोत तथा साधनको अधिकतम सदुपयोग गरी विकासलाई गति प्रदान गर्न अवश्य पनि सहयोग पुऱ्याउने आशा तथा विश्वास लिएको छु । यस अध्ययन प्रतिवेदनले प्राय: सबै क्षेत्र तथा वस्तुगत यथार्थलाई समेट्न प्रयास गरेको भएतापनि सीमित समय तथा स्रोत साधनको सीमाभित्र गरिएको अध्ययन आफैमा पूर्ण हुन सक्दैन । यसलाई समय सन्दर्भअनुसार परिष्कृत र परिमार्जित गर्ने दायित्व हाम्रो काँधमा आएको महशुस हामी सबैले गर्नु पर्ने हुन्छ ।

योजनावद्ध विकासको आधारको रूपमा रहने यो पार्श्वचित्र समयमै तयार गर्न लगाउने गाउँ कार्यपालिकाको सम्पूर्ण टिम, कार्यकारी अधिकृत तथा अन्य वडा तहमा महत्त्वपूर्ण जिम्मेवारी पुरा गर्ने कर्मचारी एवं निर्वाचित जनप्रतिनिधि लगायत तथ्याङ्क उपलब्ध गराउने सम्पूर्ण विषयगत कार्यालय, संघसंस्था तथा अन्य सबैमा गाउँपालिकाको तर्फबाट आभार प्रकट गर्न चाहन्छु । यसै गरी यो अध्ययन प्रतिवेदन समयमै सम्पन्न गर्ने इन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि. काठमाडौँलाई हार्दिक धन्यबाद दिन चाहन्छु ।

अन्तमा गाउँको विकासको आधार चित्र कोर्न यो प्रतिवेदन सहयोगी बनोस र दीर्घकालिन सोचका साथ अगाडि बढ्न हामी सबैलाई दिशा निर्देश प्राप्त होस् भन्ने सुभेच्छा प्रकट गर्दछु ।

गोपीलाल सिंतान

अध्यक्ष

# मेरो दुई शब्द

दिगो र योजनाबद्ध विकासलाई अगाडि बढाउनका लागि गाउँको समग्र तथ्याङ्क आवश्यक पर्दछ । यसै आवश्यकतालाई मध्य नजर गरी गाउँपालिकाको पार्श्वचित्र तयार गरिएको छ । जसमा गाउँपालिकाका विभिन्न विषय समावेश गरिएको श्रोत नक्साहरू, विषयगत कार्यालयहरूबाट सङ्कलन गरिएका तथ्यहरूमा आधारित भई उपलब्ध भएसम्मका कृषि, शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, वन, सिंचाई, खानेपानी, विद्युत आदिका तथ्याङ्क समावेश गरी गाउँ पार्श्वचित्र तयारी गरिएको छ ।

यस गाउँपालिकाको अध्ययन गर्न चाहने विद्यार्थी, अनुसन्धानकर्ता, योजना निर्माणकर्ता तथा नगरवासीहरूलाई पार्श्वचित्रले सूचना प्रदान गर्न सहयोग पुग्ने छ भन्ने मैले आशा लिएको छु । पार्श्वचित्रमा उल्लेखित विवरणमा गाउँपालिकाको राजनैतिक तथा प्रशासनिक विवरण छुट्टिने नक्सा, भू-वर्गीकरण तथा भू-उपयोग नक्साका साथै राष्ट्रिय जनगणना २०६८ का विविध पक्षहरू समावेश गरिएको छ ।

अन्तमा प्रस्तुत पार्श्वचित्र तयारी गर्ने शिलशिलामा सूचना संकलन गर्न प्रत्यक्ष र परोक्षरूपमा सहयोग गर्नु हुने सम्पूर्ण विषयगत कार्यालय, संघ/संस्था, सामाजिक परिचालक, वडा सचिवहरू, गाउँ कार्यपालिकाका कर्मचारीहरू, कार्यकारी अधिकृत तथा शुरुदेखि तथ्याङ्क संकलन, प्रशोधन गरी पार्श्वचित्रलाई यो रुप दिनुहुने परामर्शदाता श्री इन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि. काठमाडौंलाई विशेष धन्यबाद दिन चाहन्छु ।

मिङ्मा लामा

उपाध्यक्ष

# मेरो भन्नु

विकासको मार्ग तयार गर्ने योजनाको सही छनोट प्रभावकारी कार्यान्वयन, सरोकारवालाहरूको पूर्ण सन्तुष्टि सहितको उपयोग र निरन्तर अनुगमन एवम् मूल्याङ्कन र दिगोपनाको लागि सही र वस्तुनिष्ट निर्णय लिन तथ्याङ्कको आवश्यकता पर्दछ । विगतबाट सिकेर वर्तमानको भोगाईका आधारमा भविष्यका लागि योजना तर्जुमा गर्नु वर्तमान पुनर्संरचित स्थानीय तहको पहिलो आवश्यकता हो ।

जनताले स्थानीय तहबाट राखेका अपेक्षा पुरा गर्न योजनाहरू तथा कार्ययोजनाहरू अगाडि बढाउन आवश्यक हुन्छ । यसैकारण वर्तमानको हाम्रो धरातलीय, सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थाको पहिचान गरी भविष्यका आवश्यकता आँकलन गर्ने उद्देश्यका साथ यो अध्ययन प्रतिवेदन (पार्श्वचित्र) तयार गरिएको छ । पार्श्वचित्रलाई सामान्य रुपमा अध्ययन गर्ने जो कोहीले पनि यो गाउँको बहुआयामिकता सहितको वर्तमान अवस्था सहजै आँकलन गर्न सक्ने देखिन्छ । यो पार्श्वचित्रलाई एकातिर गाउँको सम्पूर्ण चिनारीको रूपमा हेर्न सकिन्छ भने अर्कोतर्फ हाम्रा सम्भावना र चुनौतीहरूलाई अवगत गर्न सकिन्छ ।

पार्श्वचित्र तयारीको क्रममा आफ्नो महत्त्वपूर्ण समय प्रदान गर्ने गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, विषयगत कार्यालयका प्रमुख लगायत सम्पूर्ण कर्मचारी, वडाध्यक्षज्यूहरू, वडा सचिव साथीहरू, सामाजिक परिचालकहरू विभिन्न संघ/संस्थाका प्रमुख तथा अन्य कर्मचारीहरू तथा पार्श्वचित्रलाई यो रुप दिन सहयोग पुऱ्याउनु हुने परामर्शदाता श्री इन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि. काठमाडौंलाई हार्दिक आभार व्यक्त गर्दछु ।

अन्तमा, यो पार्श्वचित्र आफ्नो उद्देश्य प्राप्तिमा सफल रहोस् भन्ने सुभेच्छा व्यक्त गर्दछु ।

प्रवृत्ति नेपाल
कार्यकारी अधिकृत

# विषयसूची


**खण्ड १ : भूमिका** १

१.१ पृष्ठभूमि १

१.२ अध्ययनको उद्देश्य १

१.३ अध्ययनको महत्त्व २

१.४ अध्ययनको औचित्य २

१.५ अध्ययन विधि २

१.६ अध्ययनका सीमाहरू २

**खण्ड २ : कोन्ज्योसोम गाउँपालिकाको परिचय** ४

२.१ गाउँपालिकाको संक्षिप्त परिचय ४

२.२ भौगोलिक अवस्थिति ७

२.३ राजनैतिक तथा प्रशासनिक केन्द्र ७

२.४ माटोको बनावट र उर्वराशक्ति ११

२.५ कोन्ज्योसोम गाउँपालिकाको भिरालोपन ११

क) Slope 1°-5° (माटोको गहिराई पर्याप्त भएको, पानीको निकास राम्रोगरी हुने कान्ला बनाई खेती गर्न सकिने) ११

ख) Slope 5°-30° (माटोको गहिराई ५०-१०० से.मी. भएको, पानीको निकास राम्रो हुने, कान्ला बनाएर मात्र खेती गर्न सकिने) १२

ग) Slope = 30°–40° माटोको गहिराई २० से.मी. मात्र भएको, पानीको निकाससहज भएको तथा जमिनको भिरालोपन ३०° (१.७ मिटरमा १ मी.) भन्दा बढी भएको, काठ दाउरा उत्पादन गर्न उपयुक्त । १२

घ) Slope > 40° माटोको गहिराई २० से.मी. भन्दा कम भएको, भु-क्षय भइरहने पुनरुत्पादनको संभावना कम भएको १२

२.६ हावापानी १४

२.७ गाउँपालिकाको सम्भाव्यता र अवसर १५

२.८ गाउँपालिकाको चुनौती तथा समस्याहरू १६

२.९ गाउँपालिकाको अन्तर नगर/गाउँ सम्बन्ध १६

२.१० नदीनाला तथा खोलाहरू १७

२.११ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्त्वका स्थलहरू १८

२.१२ पार्क तथा खुला क्षेत्र १९

२.१३ शवदाहको विवरण १९
२.१४ मुख्य चाडपर्वहरू १९

**खण्ड ३ : जनसंख्याको विवरण** २०

३.१ जनसंख्याको विवरण २०
३.२ लिङ्गअनुसार वडागत जनसंख्याको विवरण २१
३.४ जनसंख्याको उमेरगत संरचना २४
३.५ घरमूलीको लैङ्गिक विवरण २५
३.६ १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण २६
३.७ उमेर समुह अनुसार पहिलो विवाह गर्दाको उमेरको विवरण २७
३.८ लैङ्गिक आधारमा वैवाहिक स्थिति २८
३.९ मातृभाषाअनुसार जनसंख्या विवरण २९
३.१० जातजाति समूहको जनसंख्याको विवरण २९
आदिवासी ३१
उत्पीडित समुदाय ३१
३.११ धर्मका आधारमा जनसङ्ख्याको विवरण ३२
३.१२ परिवारले प्रयोग गरेको घरको स्वामित्वको वडागत विवरण ३३
३.१३ महिलाका नाममा भएको घरको स्वामित्वको वडागत विवरण ३४
३.१४ महिलाका नाममा भएको जग्गाको स्वामित्वको वडागत विवरण ३५
३.१५ जगको आधारमा घरको बनोटको वडागत विवरण ३६
३.१६ बाहिरी गारोका आधारमा घरको वडागत विवरण ३७
३.१७ छानाको आधारमा घरको वडागत विवरण ३८
३.१८ बसाई सराईको अवस्था ३९
३.१९ व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण ३९

**खण्ड ४ : भू-उपयोग** ४०

४.१ गाउँपालिकाको भू-उपयोगको अवस्थाको विवरण ४०
४.२ शहरोन्मुख वस्तीहरूको वर्तमान स्वरुप ४३
४.३ वस्ती विकासमा देखिएका समस्या तथा चुनौतीहरू ४३
४.४ भू-क्षय सम्भावित क्षेत्र ४४
४.५ गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण ४५
४.६ सार्वजानिक जग्गाको विवरण ४६

**खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति** ४७

५.१ गाउँपालिका अर्थतन्त्रको संरचनात्मक स्वरुप ४७
५.२ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था ४७
५.३ आश्रित जनसंख्याको विवरण ४८
५.४ कृषि ४८
५.४.१ कृषि बालीमा लाग्ने रोग ४९
५.५ पशुपालन ५०
५.५.१ पशु नश्ल ५१
५.५.२ पशुपंक्षीमा लाग्ने रोगहरू ५१
५.६ व्यापारिक केन्द्रहरू ५२
५.७ उद्योगको विवरण ५२
५.७.१ थोक तथा खुद्रा व्यापार ५२
५.७.२ निकासी पैठारी स्थिति ५२
५.७.३ ढुवानी तथा भण्डार व्यवस्था ५२
५.७.४ स्थानीय उत्पादनहरूले बाह्य उत्पादनसँग गर्नु परिरहेको प्रतिस्पर्धा ५३
५.७.५ स्थानीय कच्चा पदार्थको उपलब्धता र उपयोगको स्थिति ५३
५.८ खानीको स्रोत र उपयोगको स्थिति ५३
५.९ अन्य आर्थिक विकासका सम्भावनाहरू ५४
५.१० सहकारी संस्थाको विवरण ५५
५.१०.१ गाउँपालिकामा संचालित सहकारीहरूको नामावली ५६
५.१०.२ सुपथ मूल्य सहकारी संस्थाको विवरण ५७
**खण्ड ६: भौतिक तथा सार्वजनिक पूर्वाधार** ५८
६.१ सडक सम्बन्धी विवरण ५८
६.१.१ सडक सञ्जालको अवस्था ५८
६.१.२ गाउँ क्षेत्रमा चल्ने सवारी साधनहरूको विवरण ६०
६.१.३ गाउँपालिकाका प्रत्येक वडाबाट गाउँपालिकाको केन्द्र पुग्न लाग्ने अनुमानित समय (घण्टा) ६०
६.१.४ गाउँपालिका कार्यालयदेखि प्रत्येक वडाकेन्द्रसम्मको दूरी ६०
६.१.५ साविकका गाविसबाट सदरमुकाम लगनखेलसम्मको दूरी (कोश) ६०
६.२ संचार ६१
६.३ विद्युत तथा बैकल्पिक उर्जा ६१
६.३.१ दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण ६१

६.३.२ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण ६२

## खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा ६४

७.१ शिक्षा ६४

७.१.१ साक्षरताको अवस्था ६४

७.१.२ शैक्षिक जनशक्तिको विवरण ६५

७.१.३ विषयगत शैक्षिक जनशक्तिको विवरण ६६

७.१.४ उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण ६७

७.१.५ गाउँपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण ६८

७.१.८ आईसीटि कार्यक्रम प्राप्त गर्ने विद्यालयहरू ७२

७.१.१० सामुदायिक विद्यालयहरूमा देखिएका समस्याहरू ७४

७.२ स्वास्थ्य ७५

७.२.१ गााउँघर क्लिनीक र नियमित खोप ७६

७.२.२ एच. आई. भी./एड्सको अवस्था ७६

७.२.३ परिवार नियोजनका अस्थायी तथा स्थायी साधन प्रयोग सम्बन्धी विवरण ७७

७.२.६ सुरक्षित मातृत्वको अवस्थाको विवरण ७७

७.२.७ खोपको विवरण ७९

७.२.८ बालबालिकाको स्वास्थ्य ८०

७.२.९ बाल्यकालमा हुने रोगका जोखिम ८०

७.२.१० शिशु तथा ५ वर्ष बाल मृत्युदर ८०

७.२.११ बालपोषण सम्वन्धी विवरण ८०

७.२.१२ ओपिडी सम्बन्धी विवरण ८२

७.३ खेलकुद तथा मनोरञ्जन ८२

७.४ नागरिक सुरक्षा ८२

७.४.१ बृद्धबृद्धाहरूको अवस्था ८२

७.४.२ सामाजिक सुरक्षा भत्ता ८३

७.५ अपाङ्गताको विवरण ८३

७.६ बालश्रमको अवस्था ८५

७.७ संस्थागत स्याहारमा रहेका द्वन्द्व प्रभावित बालबालिका ८५

७.८ बालसंरक्षण तथा संबर्द्धन समिति ८५

७.९ बालक्लब ८६

७.१० बाल विकास केन्द्रको विवरण ८६
७.११ बाल सञ्जालको अवस्था ८७
७.१२ वडा नागरिकमञ्च तथा नागरिक सचेतना केन्द्र सम्बन्धी विवरण ८७
७.१३ जनचेतनामूलक तालिम प्राप्त गरेको जनसंख्या विवरण ८८
७.१४ खानेपानी तथा सरसफाई ८८
७.१४.१ परिवारले प्रयोग गर्ने पिउने पानीको मुख्य श्रोतको विवरण ८८
७.१४.२ वडागत खानेपानीको विवरण ८९
७.१४.३ शौचालयको विवरण ९०
७.१४.४ वडागत शौचालयको संख्याको विवरण ९१
७.१५ शान्ति सुरक्षा ९१
७.१६ फोहोर मैला व्यवस्थापन तथा ढल निकास ९२
क) घरायसी फोहर ९२

## खण्ड ८ : वन तथा वातावरण ९३

८.१ प्राकृतिक वन तथा वनस्पती ९३
८.२ जैविक विविधता सम्वन्धी विवरण ९३
८.३ गाउँमा पाइने मुख्य वनस्पतिहरू तथा जडिबुटीहरू ९५
८.४ जिल्लामा पाईने वन्यजन्तु तथा पशुपन्छीहरू ९५
८.५ सरकारद्वारा व्यवस्थित वन ९५
८.६ सामुदायिक वन ९६
८.७ काठ/दाउरा संकलन तथा बिक्री वितरणको विवरण ९८
८.८ धार्मिक वन ९८
८.९ कबुलियती बन सम्वन्धी विवरण ९८
८.१० निजी वन ९८
८.११ वृक्षारोपण सम्बन्धी विवरण ९९
८.१३ वन संरक्षणका लागि चाल्नु पर्ने कदम ९९
८.१४ आ.व. २०७२/०७३ मा संचालन भएका कार्यक्रमहरू: १०१
८.१४.१ राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्य १०१
८.१५ भू-संरक्षण १०२

## खण्ड ९ : विकास सुचकांक र गरिबीको स्थिति १०३

९.१ मानव विकास सुचकको विवरण (HDI) १०३
९.२ मानव गरीबी सूचकाङ्क (Human Poverty Index) १०३

# तालिका सूची


| | | |
|---|---|---|
| तालिका नं. १: | कोन्ज्योसोम गाउँपालिकाको बनावट | ७ |
| तालिका नं. २: | कोन्ज्योसोमको तापक्रम | १४ |
| तालिका नं. ३: | जनसंख्याको विवरण | २० |
| तालिका नं. ४: | लिङ्गअनुसार वडागत जनसंख्याको विवरण | २१ |
| तालिका नं. ५: | उमेर समूहअनुसार जनसंख्याको विवरण | २४ |
| तालिका नं. ६: | घरमुलीको लैङ्गिक विवरण | २५ |
| तालिका नं. ७: | पहिलो विवाह गर्दाको उमेरको विवरण | २७ |
| तालिका नं. ८: | १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको लैङ्गिक आधारमा वैवाहिक स्थिति | २८ |
| तालिका नं. ९: | मातृभाषाअनुसार जनसंख्या विवरण | २९ |
| तालिका नं. १०: | जातजाती समुहको जनसंख्याको विवरण | ३० |
| तालिका नं. ११: | धर्मअनुसार जनसंख्याको विवरण | ३२ |
| तालिका नं. १२: | परिवारले प्रयोग गरेको घरको स्वामित्वको वडागत विवरण | ३३ |
| तालिका नं. १३: | महिलाका नाममा भएको घरको स्वामित्वको वडागत विवरण | ३४ |
| तालिका नं. १४: | महिलाका नाममा भएको जग्गाको स्वामित्वको वडागत विवरण | ३५ |
| तालिका नं. १५: | जगको आधारमा घरको बनोटको वडागत विवरण | ३६ |
| तालिका नं. १६: | बाहिरी गारोका आधारमा घरको वडागत विवरण | ३७ |
| तालिका नं. १७: | छानाको आधारमा घरको वडागत विवरण | ३८ |
| तालिका नं. १८: | २०७३ सालको व्यक्तिगत घटना दर्ताको विवरण | ३९ |
| तालिका नं. १९: | भूआवरणको बितरण | ४० |
| तालिका नं. २०: | गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण | ४५ |
| तालिका नं. २१: | कोन्ज्योसोम गाउँपलिकामा रहेका सार्वजनिक जग्गाको विवरण | ४६ |
| तालिका नं. २२: | आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था | ४७ |
| तालिका नं. २३: | आश्रित जनसंख्याको विवरण | ४८ |
| तालिका नं. २४: | विभिन्न बालीमा लाग्ने रोग विवरण | ५० |
| तालिका नं. २५: | व्यापारिक केन्द्रहरू | ५२ |
| तालिका नं. २६: | सहकारी संस्थाको विवरण | ५५ |
| तालिका नं. २७: | गाउँपालिकामा संचालित सहकारीहरूको नामावली | ५६ |
| तालिका नं. २८: | सुपथ मूल्य सहकारी संस्थाको विवरण | ५७ |
| तालिका नं. २९: | सडकको बिबरण | ५८ |

तालिका नं. ३०: गाउँ क्षेत्रमा चल्ने सवारी साधनहरूको विवरण ६०
तालिका नं. ३१: गाउँपालिकाका प्रत्येक वडाबाट गाउँपालिकाको केन्द्रसम्म पुग्न लाग्ने अनुमानित समय (घण्टा) ६०
तालिका नं. ३२: वडागत दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण ६१
तालिका नं. ३३: खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण ६२
तालिका नं. ३४: वडागत साक्षरताको विवरण ६४
तालिका नं. ३५: शैक्षिक जनशक्तिको विवरण ६५
तालिका नं. ३६: विषयगत शैक्षिक जनशक्तिको विवरण ६६
तालिका नं. ३७: उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण ६७
तालिका नं. ३८: कोन्ज्योसोम गाउँपालिकामा संचालन भैरहेका विभिन्न तहका सामुदायिक विद्यालयहरूको विवरण ६८
तालिका नं. ३९: कोन्ज्योसोम गाउँपालिकामा संचालन भैरहेका सामुदायिक विद्यालयहरूको नामावली तथा स्थापना मिति ६९
तालिका नं. ४०: श्रेणीगत शिक्षक विवरण ६९
तालिका नं. ४१: शैक्षिक सत्र २०७३ मा विभिन्न तहका विद्यार्थीहरूको विवरण ७०
तालिका नं. ४२: शैक्षिक सत्र २०७४ मा विभिन्न तहका विद्यार्थीहरूको विवरण ७१
तालिका नं. ४३: शैक्षिक सत्र २०७३ का दलित, जनजाति तथा अपाङ्गता भएका विद्यार्थीहरूको विवरण ७२
तालिका नं. ४४: शैक्षिक सत्र २०७४ का दलित, जनजाति तथा अपाङ्गता भएका विद्यार्थीहरूको विवरण ७२
तालिका नं. ४५: आईसीटि कार्यक्रम प्राप्त गर्ने विद्यालयहरू ७२
तालिका नं. ४६: आधारभुत तहको सबै किसिमको छात्रवृत्ति विवरण २०७३ ७३
तालिका नं. ४७: कक्षा ९ देखि कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको लागि सीमान्तकृत, दलित, अपांग, छात्रा छात्रबृत्तिको विवरण ७४
तालिका नं. ४८: कक्षा ११ र १२ का जम्मा दलित छात्रा छात्रवृत्ति २०७४ ७४
तालिका नं. ४९: गाउँपालिकामा देखिएका मुख्य-मुख्य रोगहरू ७६
तालिका नं. ५०: परिवार नियोजनका अस्थायी तथा स्थायी साधन प्रयोग सम्बन्धी विवरण ७७
तालिका नं. ५१: सुरक्षित मातृत्वको अवस्थाको विवरण ७८
तालिका नं. ५२: खोपको विवरण ७९
तालिका नं. ५३: बालपोषण सम्वन्धी विवरण ८१
तालिका नं. ५४: ओपिडी सम्बन्धी विवरण ८२
तालिका नं. ५५: सामाजिक सुरक्षा भत्ता ८३
तालिका नं. ५६: अपाङ्गताको विवरण ८४
तालिका नं. ५७: वडागत बाल विकास केन्द्रको विवरण ८६

| | | |
|---|---|---|
| तालिका नं. ५८: | बाल सञ्जालको अवस्था | ८७ |
| तालिका नं. ५९: | वडा नागरिकमञ्च तथा नागरिक सचेतना केन्द्र सम्बन्धी विवरण | ८७ |
| तालिका नं. ६०: | जनचेतनामूलक तालिम प्राप्त गरेको जनसंख्या विवरण | ८८ |
| तालिका नं. ६१: | परिवारले प्रयोग गर्ने पानीको मुख्य श्रोत | ८८ |
| तालिका नं. ६२: | खानेपानीको विवरण | ८९ |
| तालिका नं. ६३: | शौचालयको प्रकार | ९० |
| तालिका नं. ६४: | वडागत शौचालय संख्याको विवरण | ९१ |
| तालिका नं. ६५: | आ.व. २०७२/०७३ सम्म ललितपुर जिल्लामा दर्ता भएका सामुदायिक वनको विवरण | ९६ |
| तालिका नं. ६६: | आ.व. २०७२/०७३ मा नविकरण भएका सामुदायिक उपभोक्ता समितिहरूको विवरण | ९६ |
| तालिका नं. ६७: | आ.व. २०७२/०७३ मा जिल्ला वन कार्यालय ललितपुरबाट कटान सहमित प्राप्त गरी सामुदायिक वनबाट संकलन तथा बिक्री वितरण भएको काठ दाउराको विवरण | ९८ |
| तालिका नं. ६८: | आ.व. २०७२/०७३ सम्ममा दर्ता भएका निजी वन | ९९ |
| तालिका नं. ६९: | बाँस तथा लौठसल्लाको वृक्षारोपण सम्बन्धी विवरण | ९९ |

# खण्ड १ : भूमिका

## १.१ पृष्ठभूमि

दिगो र योजनाबद्ध विकासलाई अगाडि बढाउनका लागि वैज्ञानिक योजना पद्धतिको आवश्यकता पर्दछ । वैज्ञानिक योजना पद्धति निर्माणका लागि भरपर्दो तथ्याङ्क अपरिहार्य हुन्छ । त्यसैले तुलनात्मक अध्ययन, अनुसन्धान, विश्लेषण, विवेचना गर्न सम्भावनाहरूको खोजी गर्न यसले महत्त्वपूर्ण भूमिका खेल्दछ । स्थानीय तहमा रहेका विषयगत कार्यालयहरू तथा अन्य संघसंस्थाहरूको तथ्यगत स्थिति झल्कने गरी उपलब्ध भएसम्मका सूचनाहरूलाई संकलन गरी व्यवस्थित ढंगले यो गाउँपालिका पार्श्वचित्र तयार गरिएको छ ।

नेपाल सरकार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्देशन गरेबमोजिम गाउँपालिका तथा नगरपालिकाहरूले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने हुन्छ । चौधौं योजना (२०७३/७४-२०७५/७६) ले पनि गाउँपालिकाहरूको तथ्याङ्कीय आधार तयार गर्ने कार्यलाई नीतिगत प्राथमिकता दिएको र गाउँपालिकाहरूले भौगोलिक सूचना केन्द्र स्थापना र मानव स्रोत विकास योजना तर्जुमा गर्नुपर्ने थप दायित्व उल्लेख गरेको छ । यसै प्रयोजनको लागि गाउँपालिकाको वस्तुस्थिति झल्कने गरी पार्श्वचित्र (Profile) तयार गरिएको हो ।

## १.२ अध्ययनको उद्देश्य

यस अध्ययनका मुख्य उद्देश्यहरू निम्नानुसार छन् ।

- क) गाउँपालिका क्षेत्रभित्र रहेका सेवा सुविधाहरूको बारेमा जानकारी गराउने ।
- ख) गाउँपालिका क्षेत्रभित्रको सम्भावना र समस्याहरूको अवगत गराउने ।
- ग) गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोत साधन तथा सीपको पहिचान गरी समष्टिगत विवरण प्रस्तुत गर्ने ।
- घ) गाउँपालिकाको जनसंख्या तथा विकासात्मक वस्तुस्थिति औंल्याउने ।
- ङ) गाउँपालिकाभित्र बसोवास गर्ने मानिसहरूको आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक, तथा पेशागत स्थितिको बारेमा जानकारी गराउने ।
- च) गाउँपालिकाको वास्तविक र वस्तुगत सूचना संकलन तथा व्यवस्थापनमा सहयोग गर्नु ।
- छ) गाउँपालिका क्षेत्रको तथ्याङ्कको आधारमा जिल्ला तथा राष्ट्रिय स्तरसम्म सूचना उपलब्ध गराई व्यवस्थापनमा सहयोग गर्नु ।
- ज) स्थानीय आवश्यकता र स्रोत साधनको विनियोजनको अवस्थाको जानकारी गराउने ।
- झ) गाउँपालिकास्तरमा सञ्चालित कार्यक्रमको पृष्ठपोषण (Feedback) प्रदान गरी आगामी कार्यक्रमको लागि मार्गनिर्देश गर्न सहयोग पुऱ्याउने ।

ञ) गाउँपालिकाको भावी योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने ।

## १.३ अध्ययनको महत्त्व

नेपाल सरकार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्देशन गरेबमोजिम गाउँपालिका/नगरपालिकाहरूले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ । गाउँपालिकाको भावी योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने उद्देश्यका साथ तयार गरिएको पार्श्वचित्रले तुलनात्मक मूल्याङ्कनका लागि त्यस ठाउँको वस्तुस्थिति सम्वन्धी जानकारी स्पष्ट हुनु जरुरी हुन्छ । विभिन्न स्थानको आवश्यकतामा आधारित विकासका कार्यक्रम तथा रणनैतिक योजना तर्जुमा गर्नका लागि यस अध्ययनले कोन्ज्योसोम गाउँपालिकालाई सहयोग गर्नुका साथै समानुपातिक विकासमा अन्य सरोकारवालाहरूलाई समेत यस क्षेत्रको तथ्यपरक जानकारी प्रदान गर्दछ । यसका अलावा गाउँ पार्श्वचित्रको यो अध्ययन सम्बन्धित क्षेत्रका संघ संस्था एवं अनुसन्धानकर्ता, योजनाकार, शिक्षाकर्मी, समाजसेवी लगायत सरोकारवालालाई उपयोगी हुने भएकोले यस अध्ययनको विशेष महत्त्व रहेको छ ।

## १.४ अध्ययनको औचित्य

स्थानीय आवश्यकता तथा सहभागितामा आधारित विकासात्मक कार्यक्रमलाई प्रोत्साहन गर्न नेपाल सरकारले स्थानीय तह (गाउँपालिका/नगरपालिका) बजेटमा उल्लेख्य बृद्धि गरेको छ । विकास खर्च थप गर्नुका साथै नेपाल सरकारले गाउँपालिकाहरूको न्यूनतम शर्त मापनका सूचकहरू पनि निर्धारण गरेको छ । ती सूचकहरू मध्ये हरेक गाउँपालिकाले आ-आफ्नो क्षेत्रको वस्तुगत विवरणमा आधाारित Rural Municipal Profile तयार गर्नु एक हो । भौतिक विकासका दृष्टिले कमजोर स्थिति रहेको नेपालको सन्दर्भमा यस प्रकारको कार्यले विशेष महत्त्व राख्दछ । यसले वर्तमानको यथार्थलाई विश्लेषण गरी सोको आधारमा गाउँपालिकामा उपलब्ध श्रोत साधनको व्यवस्थापन र उचित कार्यक्रमहरूको तर्जुमा, कार्यन्वयन एवम् अनुगमन मुल्यांकनका निम्ति मार्गदर्शकको काम गर्ने हुनाले यो अध्ययनको औचित्य रहन्छ ।

## १.५ अध्ययन विधि

यस गाउँपालिकाको पार्श्वचित्रका तयारी गर्दा प्रयोग गरिएका विधीहरू निम्नानुसार छन् –

- गाउँपालिकाको विभिन्न स्थान तथा कार्यालयहरूको स्थलगत अध्ययन भ्रमण गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।
- यसमा विषयगत कार्यालय तथा विभिन्न संघसंस्थाहरूबाट उपलब्ध तथ्याङ्कहरू समावेश गरिएको छ ।
- राष्ट्रिय जनगणना, विभिन्न सर्वेक्षण आदिका नतिजाहरू समावेश गरिएको छ ।
- यस अध्ययन प्रतिवेदनमा तथ्याङ्कको बिश्लेषणका क्रममा विभिन्न तालिकाहरू, चित्रहरू तथा नक्साको प्रयोग गरी बर्णनात्मक तथा तुलनात्मक रुपमा बिश्लेषण गरिएको छ ।

## १.६ अध्ययनका सीमाहरू


राष्ट्रिय योजना आयोग र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गरेको ढाँचाअनुसार पार्श्वचित्र तयार गर्दा प्रयोग गरिएका तथ्यांकहरूको स्रोत र आधार वर्ष खुलाईएको छ । गाउँका विभिन्न सरकारी

तथा गैरसरकारी कार्यालय, अन्य संघसंस्थाले उपलब्ध गराएका तथ्याङ्क, केन्द्रीय तथ्याङ्क विभाग, विभिन्न मन्त्रालय, विभागहरू, सम्बन्धित गाउँपालिका आदि स्रोतहरूबाट उपलब्ध तथ्याङ्कको आधारमा यो वस्तुगत विवरण तयार गरिएको छ । यसले पार्श्वचित्रको अवधारणा अनुसार कोन्ज्योसोम गाउँपालिकाको सम्पूर्ण पक्षको यथार्थ जानकारी सरल एवं स्पष्ट रुपमा दिन्छ । अध्ययनलाई यथासक्य वस्तुगत बनाउने प्रयास गरिएको छ । तैपनि स्रोत, साधन तथा समयको परिधिले यस अध्ययनलाई केही सीमिततामा बाँधेको छ । यस अध्यनमा निर्धारित उद्देश्यका आधारमा आवश्यकता अनुसार तथ्याङ्क सङ्कलन गरिएको छ ।


# खण्ड २ : कोन्ज्योसोम गाउँपालिकाको परिचय

## २.१ गाउँपालिकाको संक्षिप्त परिचय

कोन्ज्योसोम गाउँपालिका नेपालको नयाँ संरचना अनुसार प्रदेश नं. ३ अन्तर्गत ललितपुर जिल्लामा पर्दछ। यस गाउँपालिकालाई मिति २०७३ फागुन २२ गते साविकका चौघरे, शंखु, दलचोकी, नल्लु र भारदेउ गाविसलाई समेटी साविकको चौघरे गा.वि.स.को कार्यालय भवनलाई केन्द्र बनाई ५ ओटा वडा कायम गरी गाउँपालिका घोषणा गरिएको हो। यस गाउँपालिकाको उत्तरमा गोदावरी नगरपालिका, पश्चिमतिर गोदावरी नगरपालिका र बाग्मती गाउँपालिका, दक्षिणमा बाग्मती र महाङ्काल गाउँपालिका र पूर्वमा महाङ्काल गाउँपालिका र काभ्रेपलाञ्चोक जिल्ला रहेका छन्। भौगोलिक हिसाबले ८५° १८' २७" देखि ८५° २४' २३" पूर्वी देशान्तरसम्म र २७° २८' ३६" देखि २७° ३३' ४९" उत्तरी अक्षांशमा अवस्थित यस कोन्ज्योसोम गाउँपालिकाको क्षेत्रफल ४४.१६ वर्ग कि.मि. छ। गाउँपालिकाको उचाइ समुन्द्र सतहबाट १०५३ मिटरदेखि २६१९ मिटरसम्म छ। यहाँको औषत अधिकतम तापक्रम २६.४ डिग्री, औषत न्युनतम तापक्रम २.३ डिग्री रहेको पाईन्छ। यस गाउँपालिकाको १२ महिनाको औषत तापक्रम १४.८ डिग्री सेल्सियस र वार्षिक औषत वर्षा १६९७ मि.मि. रहेको छ। गाउँपालिकामा सामुदायिक विद्यालयहरू ६ वटा मावि, ५ वटा निमावि र ७ वटा प्रावि गरी जम्मा १८ वटा शिक्षण संस्थाहरू संचालित छन् भने ३२ बालविकास केन्द्र पनि रहेको छ। ललितपुर जिल्लामा नयाँ गठन भएका नगरपालिका तथा गाउँपालिकाहरूमा सम्भावना बोकेको गाउँपालिकाको रुपमा कोन्ज्योसोम गाउँपालिका छ। यसका अतिरिक्त सचेत राजनैतिक दल र उत्प्रेरित गाउँवासी समेत यो गाउँपालिकाका दरिलो अनि दिगो विकासको श्रोतका रुपमा रहेका छन्। राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाको जनसंख्या ९,७०९ छ। जसमा महिला ५११३ (५२.६६ प्रतिशत) र पुरुष ४५९६ (४७.३४ प्रतिशत) छ। यस गाउँपालिकामा विभिन्न जातजाति तथा धर्म मान्ने व्यक्तिहरूको बसोबास रहेको छ। राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्कअनुसार सबैभन्दा बढी तामाङ जाति ७,३५७ जना (७५.७८%), दोस्रोमा पहाडी ब्राम्हण १,३५१ (१३.९१%) र तेस्रोमा क्षेत्री २७५ (२.८३%) हरूको बसोबास रहेको पाइन्छ। ललितपुर जिल्लाको धार्मिक तथा पर्यटकीय दृष्टिकोणका साथै यहाँ उपलब्ध प्रशस्त खानीको स्रोतले यस गाउँपालिकालाई महत्त्वपूर्ण क्षेत्रको रुपमा लिइन्छ। ग्रामीण क्षेत्रको रुपमा रहेको यस गाउँपालिकामा व्यापार, प्राकृतिक श्रोत तथा सामाजिक महत्त्वका क्षेत्रहरू रहेका छन्। औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अर्को मुख्य श्रोतको रुपमा वैदेशिक रोजगारी पनि एक हो। परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जीवनशैलीमा रमाउन थालेका छन्। स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम वृद्धि भइरहेको छ। यस गाउँपालिकामा आधारभूतदेखि उच्च शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्था केही मात्रामा रहेका छन्। अध्ययनका लागि यस गाउँपालिकाका शैक्षिक संस्थाहरूमा स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी गाउँपालिकाबाट समेत आउने गरेका छन्। अधिकांश घरमा विद्युतीकरण भएको भएतापनि केही सिमान्तकृत वर्गमा रहेका नागारिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन्। स्थानीय निकायमा जनप्रतिनिधिको अभाव, योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन। विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ। बुद्धजयन्ती, ल्होसार, दशैं, तिहार, माघे सङ्क्रान्ति, होली, कृष्णजन्माष्टमी, जनैपूर्णिमा, क्रिष्मस आदि यहाँका प्रमुख चाडपर्वको रुपमा रहेको पाईन्छ।




नक्सा नं. १: **कोन्ज्योसोम गाउँपालिकाको समग्र वस्तुस्थिति**




नक्सा नं. २: **कोन्ज्योसोम गाउँपालिकाको उचाईअनुसार वितरण**

## २.२ भौगोलिक अवस्थिति


प्रदेश नं. ३ अन्तर्गत ललितपुर जिल्लामा अवस्थित क्षेत्रफल ४४.१६ व.कि.मि. रहेको यस कोन्ज्योसोम गाउँपालिकाको उत्तरमा गोदावरी नगरपालिका, पश्चिमतिर गोदावरी नगरपालिका र बाग्मती गाउँपालिका, दक्षिणमा बाग्मती र महाङ्काल गाउँपालिका र पूर्वमा महाङ्काल गाउँपालिका र काभ्रेपलाञ्चोक जिल्ला रहेका छन्। ललितपुर जिल्लाको पहाडी भागमा पर्ने यस गाउँपालिकाको करिब ३१ प्रतिशत भू-भाग खेतीयोग्य अति उर्भर जमिनले ओगटेको भए पनि पछिल्ला वर्षहरूमा शहरीकरणको प्रभावले जग्गा टुक्रिने क्रम बढेको छ। जंगल तथा जलाधार क्षेत्रको कमी नभएको यस गाउँपालिकाको परिसरमा सानाठूला खोला तथा नदीहरू रहेका छन्। यो समुन्द्री सतहदेखि १०५३ मिटर को उचाईदेखि २६१९ मिटर उचाईसम्म रहेको छ।

## २.३ राजनैतिक तथा प्रशासनिक केन्द्र


नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगले मिति २०७३/०९/२२ मा पेश गरेको प्रतिवेदन र नेपाल सरकारको मिति २०७३/१०/२२ को निर्णय अनुसार माननीय संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा साबिकका गा.वि.स.हरू चौघरे, शंखु, दलचोकी, नल्लु र भारदेउलाई गाभेर जम्मा ५ वडाहरू कायम गरी कोन्ज्योसोम गाउँपालिका घोषणा गरिएको हो।

तालिका नं. १ : कोन्ज्योसोम गाउँपालिकाको बनावट


| वडा नं. | समावेश भएका साविक गाविसहरू | साविक वडा नं. |
|---|---|---|
| १ | चौघरे | १-९ |
| २ | शंखु | १-९ |
| ३ | दलचोकी | १-९ |
| ४ | नल्लु | १-९ |
| ५ | भारदेउ | १-९ |




नक्सा नं. ३: **कोन्ज्योसोम गाउँपालिका**




नक्सा नं. ४: **कोन्ज्योसोम गाउँपालिकाको वडाविभाजन**




नक्सा नं. ५: **कोन्ज्योसोम गाउँपालिकाको वडाअनुसार क्षेत्रफल (वर्ग कि.मि.)**

## २.४ माटोको बनावट र उर्वराशक्ति

गाउँपालिकाको ठूलो क्षेत्रफल पहाड तथा भिरपाखाले ओगटेकोले कृषि उत्पादनको लागि उर्वर भूमि सीमित रहेको छ । यस गाउँपालिका क्षेत्रमा उत्पादन हुने प्रमुख खाद्यान्न तथा अन्न बालीमा धान, मकै, कोदो, गहुँ, जौ तथा नगदेबालीमा तोरी, आलु, तरकारी र दलहन बालीमा केराउ, चना, भटमास आदि प्रमुख हुन् । गाउँपालिकामा हाल शहरीकरणको प्रभावसँगै उर्वरभूमि साँगुरिदै गएका छन् । गाउँपालिकामा भएर बग्ने विभिन्न नदीनाला तथा खोलाहरूका आसपासका भूमिहरूमा गेगरिलो माटोको कारण खाद्यान्न बालीको लागि कम उर्वराशक्ति रहेको पाईन्छ । समथल भूभागमा खाद्यान्न बालीको लागि उर्वर भूमि पाइन्छ भने भिराला पाखाहरूमा फलफूल, डाँलेघाँस र खरघाँसको लागि उर्वरता रहेको पाइन्छ । अधिकांश कृषकहरूको कृषि पेशा परम्परागत रुपमा नै रहेकोले कृषि पेशामा युवा पुस्ताहरूको आकर्षण कम हुँदै गएकोले गाउँपालिकामा रहेका सम्भाव्य क्षेत्रहरूमा समेत उर्वर भूमि बृद्धि गर्ने दीर्घकालिन सोचले सार्थकता पाउन सकेको छैन । गाउँपालिकामा माटोको बनावट र उर्वराशक्तिको अध्ययनको आधारमा गाउँवासीहरूको आर्थिक हैसियत वृद्धि गर्न के-कस्ता उत्पादन प्रणाली अपनाउन सकिन्छ भन्ने विषयमा छुट्टै अध्ययन गर्नुपर्ने देखिन्छ ।

## २.५ कोन्ज्योसोम गाउँपालिकाको भिरालोपन

भिरालोपनका आधारमा यस गाउँपालिकाको भूवनोटलाई विश्लेषण गर्दा यहाँ ५ डिग्रीभन्दा कम देखि लगभग ४० डिग्रीभन्दा माथिको तिब्र भिरालोपन भएको छ । गाउँपालिकाको साविकका गाविस नल्लुमा अधिकांश भूभाग ५ डिग्री देखि २० डिग्रीसम्मको भिरालोपन रहेको छ । मुख्य गरी गाउँपालिकाको शंखु र दलचोकी क्षेत्रमा बढी भिरालोपन रहेको देखिन्छ ।

समग्रमा भन्दा लगभग आधा भूभागमा १५ डिग्री भन्दा बढीको भिरालोपन छ । खासगरी गाउँपालिका विकासका लागि निर्माण गरिने पूर्वाधारहरू भिरालो स्थानमा बढी जोखिम युक्त हुन सक्छन । यस क्षेत्रमा प्रायजसो कमजोर माटो तथा बालुवा मिसिएको माटो भएको कारण थोरै भिरालो भएपनि पहिरो तथा भूस्खलनको जोखिम बढी छ । गाउँपालिका क्षेत्रको विकासका क्रममा जनसंख्याको आप्रवासन र स्रोत माथिको तिब्र दोहन आदिका कारण बढी जोखिम हुन्छ । यो गाउँपालिका पनि त्यही वर्गीकरणमा पर्दछ ।

### क) Slope 1°-5° (माटोको गहिराई पर्याप्त भएको, पानीको निकास राम्रोगरी हुने कान्ला बनाई खेती गर्न सकिने)

यस्तो जमिनमा माटोको गहिराई पर्याप्त हुन्छ र पानी सतहमा तथा अर्धभूमिगत अवस्थामा समेत सजिलै निकास हुन्छ । मनसुनी खेती गर्नका लीगि यस्तो भूमिमा गराहरू बनाउनु पर्दछ । सतहगत जलप्रवाह एवं अर्धभूमिगत पानीको निकासलाई भू-क्षय हुन नपाओस भनी नियन्त्रणका उपायहरू अपनाउनु पर्दछ । माटोका भौतिक गुणहरू तथा जमिनको भिरालोपनका कारण वर्षाको पानीबाट नयाँ खोल्सीहरू बन्ने र ती खोल्सीहरू प्रकारान्तरमा चौडा हुँदै गएर भू-क्षयको प्रवृत्ति बढ्ने हुनाले यस वर्गको जमिनको संरक्षण गर्न विशेष ध्यान दिनु पर्दछ ।

यस वर्गको जमिनमा पराम्परागत, मध्यम वा आधुनिक विधिबाट खेती गर्न सकिन्छ । मनसुनको समयमा हुने वर्षाका कारण चरन तथा वनस्पतिलाई पनि मनग्गे फाइदा पुग्दछ । यस्तो जमिनमा धान खेती गर्न सकिन्छ । सिंचाई सुविधा उपलब्ध भएको छ भने मोटो दानादार भएको अवस्थामा समेत धानबाली लगाउन सकिन्छ । सिंचाइ भएमा हिउँदे एवं बसन्ते बाली पनि लगाउन सकिन्छ ।

**ख) Slope 5°-30° (माटोको गहिराई ५०–१०० से.मी. भएको, पानीको निकास राम्रो हुने, कान्ला बनाएर मात्र खेती गर्न सकिने)**

५°-३०° स्लोप रहेको, पानीको निकास राम्रो हुने गरेको तथा माटोको पत्रको गहिराई ५० से.मी. देखि १०० से.मी. सम्म रहेको जग्गा यस वर्गमा पर्दछ

यस वर्गको जमिनमा पहिरो जवाने, जमिन भासिने जस्ता भू-क्षयीकरणका प्रबृत्तिहरू सामान्यरुपमा देखा परिरहन्छन्। त्यसैले जमिनलाई सामान्यरुपमा व्यवस्थापन नगरिएमा यस्ता प्रबृत्तिमा झन् वृद्धि हुने हुन्छ। वन, वनस्पतीका लागि यो जमिन त्यति सहज हुँदैन। गाईबस्तुको आवत-जावतबाट भू-क्षयीकरणमा वृद्धि हुने हुनाले चरन विकासलाई यस प्रकारको जमिनमा प्रश्रय दिन ठीक हुँदैन। तर, पालैपालो निश्चित स्थानहरूमा गाईबस्तु थुनेर चराउने हो भने त्यसले जमिनको उत्पादकत्वमा सघाउ पनि पुऱ्याउन सक्दछ।

यस प्रकारको जमिनमा विशेष गरी मनसुन खेतीका लागि भू-क्षय रोक्न गराहरू बनाउन अनिवार्य हुन्छ। यसमा खेतीका परम्परागत र मध्यमस्तरीय प्रविधि नै अपनाउनुपर्ने हुन्छ। यस प्रकारको भिरालोपन भएको जमिनमा खेती गर्दा माटोको भौतिक गुणहरूसँग व्यवस्थापन सिपको सम्मिश्रणले मुख्य भूमीका खेलेको हुन्छ। सिंचाइको प्रयोग नियमित रुपमा पहिलेदेखि नै भइरहेको खण्डमा सिंचाइ गर्दा भू-क्षयको समस्या आउदैन, तर नयाँ सिंचाइ प्रणाली शुरु गर्ने हो भने शुरुमा सावधानी अपनाउनु पर्दछ। अलिकती पनि बढी सिंचाइ भएको खण्डमा भू-क्षयीकरणको प्रवृत्ति तुरुन्त शुरु हुन सक्दछ।

**ग) Slope = 30°–40° माटोको गहिराई २० से.मी. मात्र भएको, पानीको निकाससहज भएको तथा जमिनको भिरालोपन ३०° (१.७ मिटरमा १ मी.) भन्दा बढी भएको, काठ दाउरा उत्पादन गर्न उपयुक्त ।**


माटोको पत्र २० से.मी. मात्र गहिराई भएको पानीको निकास सहज भएको तथा जमिनको भिरालोपन भिरालोपन ३०° (१.७ मिटरमा १ मि.) भन्दा बढी भएको जमिन यस वर्गमा पर्दछ। यस प्रकारको ज्यादा भिरालोपन भएको जग्गामा गरा बनाएर खेती गर्नु फाइदाजनक देखिदैन। यस प्रकारको जनिमनमा वर्षाको पानीबाट छिटो खोल्सीहरू बन्ने वा बाढीले क्षती पुऱ्याउने ठूलो सम्भावना रहन्छ। यस प्रकारको जमिनमा बनस्पतीहरू लगाउन, उपयुक्त देखिन्छ। यहाँ काठ र इन्धनका लागि वन पैदावारको उत्पादन बृद्धि गर्नु उपयुक्त हुनेछ। पहिरो जाने वा बाढीबाट क्षति हुने प्रबृत्ति यस प्रकारको जमिनका सामान्य लक्षण हुन्।

यस्तो क्षेत्रमा जङ्गलको विकास गरी इन्धन, पशु आहार तथा काठ उत्पादन गर्न सकिन्छ। जङ्गल फडानी भएको छ भने पनि यस्तो क्षेत्रमा या त बोटविरुवालाई पुन: हुर्काउन सकिन्छ या त वृक्षारोपण गर्न सकिन्छ। यस वर्गमा पर्ने जमिनहरूमा गाईबस्तुलाई चराउने चलन कडाइकासाथ नियन्त्रण गर्नुपर्छ। यदि इन्धन, पशु, आहार तथा चरनको लागि उपयोग गर्ने हो भने पनि वार्षिक उपयोगले भविष्यको उत्पादकत्वलाई जोखिममा पार्ने खालको हुनुहुदैन। यस प्रकारको क्षेत्रमा यस्तो वन पैदावर उपयोग गर्ने तरिका, स्थान र पहुँचको लागि बाटोका विशेष र सुरक्षित योजना बनाउनु पर्दछ। यस्तो जमिन खेतिको लागि उपयुक्त हुँदैन।

**घ) Slope > 40° माटोको गहिराई २० से.मी. भन्दा कम भएको, भु–क्षय भइरहने पुनरुत्पादनको संभावना कम भएको**

ज्यादै भिरालो भएको, मध्यम भिरालोपन भए पनि माटो पत्र (तह) २० से.मी. भन्दा कम भएको वा जस्तोसुकै भिरालोपन भए पनि वर्षे पानीबाट क्षति भएको, धेरै खोल्सीहरू सिर्जना भएको जमिन यस वर्गमा पर्दछ। यस प्रकारको जमिन अति नै कमजोर, भू-क्षयीकरणको प्रवृत्ति भएको तथा पुनर्निर्माण र पुनर्स्थायीकरणको सम्भावना पनि अत्यन्त कम भएको कारण अन्न एवं वनस्पती खेतीका लागि अनुपयुक्त मानिन्छ।

यस प्रकारको जमिनलाई घाँस वा बोट-विरुवा लगाएर हराभरा बनाइराख्नु पर्छ, किनभने माथि उल्लेख गरिए झै एकातिर यस्तो जनिमा भू-क्षयीकरणको प्रवृत्ति तीब्र रहेको हुन्छ भने अर्कातिर एक पटक भू-स्खलन भइसकेको क्षेत्रलाई पुन: अधिग्रहण (reclaim) गर्न असम्भव नै हुन्छ। उच्च भू-भागमा माटोको तापक्रम कम रहने भएबाट तथा भिरालोपन बढी भएबाट माटो सजिलैसँग बग्दछ।




नक्सा नं. ६: **कोन्ज्योसोम गाउँपालिकाको भिरालोपन**


## २.६ हावापानी

जलवायुको हिसाबले यस गाउँपालिकाको हावापानी समशितोष्ण खालको रहेको तथा औषत सापेक्षिक आर्द्रता ५० देखि ८० प्रतिशत रहेको छ। यस गाउँपालिकाको भौगोलिक विषमताको आधारमा खास गरी गाउँपालिकामा समशीतोष्ण र शितोष्ण किसिमको हावापानी रहेको पाईन्छ । चैत्र महिनादेखि आश्विनको सुरुसम्म गर्मी हुन्छ । आश्विन, कार्तिक र फागुनमा यहाँको हावापानी समशितोष्ण हुन्छ भने मंसिर, पौष र माघमा निकै जाडो हुन्छ। जेष्ठको अन्त्यदेखि आश्विनको सुरुसम्म मनसुनी वायुका कारण प्रशस्त वर्षा हुने गर्छ। गर्मीयाममा यहाँको ताफक्रम अधिकतम २६.४ डिग्री सेल्सियससम्म पुग्छ भने हिउँदमा न्युनतम २.३ डिग्री सेल्सियससम्म पुग्न जान्छ। यस गाउँपालिकाको १२ महिनाको औषत तापक्रम १४.८ डिग्री सेल्सियस र वार्षिक औषत वर्षा १६९७ मि.मि. रहेको छ। जसको विस्तृत विवरण तलको तालिकामा दिइएको छ।

तालिका नं. २ : कोन्ज्योसोमको तापक्रम

| महिना | जनवरी | फेब्रुरी | मार्च | एप्रिल | मे | जुन | जुलाई | अगस्ट | सेप्टेम्बर | अक्टोबर | नोभेम्बर | डिसेम्बर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| औषत अधिकतम तापक्रम (ºC) | ६.९ | ८.४ | १२.५ | १७ | २०.५ | २०.६ | १९ | १८.६ | १८ | १५.५ | १२ | ९ |
| अधिकतम तापक्रम (ºC) | ११.६ | १३.५ | १८ | २२.९ | २६.४ | २५.४ | २२.२ | २१.६ | २१.६ | २०.३ | १७.२ | १४ |
| न्यूनतम तापक्रम (ºC) | २.३ | ३.४ | ७.१ | ११.१ | १४.६ | १५.९ | १५.८ | १५.६ | १४.४ | १०.७ | ६.९ | ४ |
| न्यूनतम तापक्रम (ºF) | ३६.१ | ३८.१ | ४४.८ | ५२ | ५८.३ | ६०.६ | ६०.४ | ६०.१ | ५७.९ | ५१.३ | ४४.४ | ३९.२ |
| अधिकतम तापक्रम (ºF) | ५२.९ | ५६.३ | ६४.४ | ७३.२ | ७९.५ | ७७.७ | ७२ | ७०.९ | ७०.९ | ६८.५ | ६३ | ५७.२ |
| औषत सापेक्षिक आर्द्रता (ºF) | ४४.४ | ४७.१ | ५४.५ | ६२.६ | ६८.९ | ६९.१ | ६६.२ | ६५.५ | ६४.४ | ५९.९ | ५३.६ | ४८.२ |
| औषत वर्षा (मि.मि.) | ७४ | ५९ | ५८ | २३ | ५१ | १८६ | ४८९ | ४०६ | २२४ | ८८ | ९ | ३० |

स्रोत: जल तथा मौसम विभाग



## २.७ गाउँपालिकाको सम्भाव्यता र अवसर

गाउँपालिका क्षेत्रमा रहेका सम्भाव्यता र अवसर अन्तर्गत यातायात सेवा, सूचना प्रविधि, शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू रहेका छन् ।

कोन्ज्योसोम गाउँपालिका क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ । गाउँपालिकामा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, तोरी, मसला तथा जडीबुटी र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ । आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनु । उपलब्ध मल तथा औजारको अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन । जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ ।

गाउँपालिकामा रहेको उर्वर भूमिमा वस्ती विकास तथा अन्य निर्माणले गर्दा खेतीयोग्य भूमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ माटोको उर्वराशक्ती क्रमश: क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ । जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नुको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वराशक्ती बढाई वातावरणीय प्रदुषण कम गर्न सकेमा भावी पुस्ताको लागि एउटा बस्न लायक जिवन्त स्थानको जोहो गर्न सकिनेछ ।

गाउँपालिकामा दुग्ध उत्पादन तथा पशु पन्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न, मासुजन्य उद्योग आदि विकास गर्न सकिनेछ । जसबाट रोजगार श्रृजना गरी समग्र गाउँपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ ।

यस गाउँपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा गाउँपालिका भित्रका विभिन्न इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नुको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ ।

गाउँपालिकामा मात्र नभई तथा नेपालमै बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ । यस गाउँपालिकाका युवाहरूलाई सिपमुलक तालिम प्रदान गरी दक्ष जनशक्ति उत्पादन गर्न सकेमा गाउँपालिकाको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदान पुऱ्याउने प्रशस्त सम्भावना देखिन्छ ।

यसका अतिरिक्त कोन्ज्योसोम गाउँपालिकाको विकासका लागि विभिन्न सम्भावनामूलक उपायहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- गाउँपालिका क्षेत्र भित्र रहेका कृषि भूमिमा सिंचाई गरी व्यवसायिक रुपमा खेती गर्न सके कृषि उत्पादनमा उल्लेखनीय वृद्धि हुन सक्छ ।
- स्थानीय कच्ची सडकको स्तर वृद्धि गरी कालोपत्रे गर्न सके स्थानीय वासिन्दाले भरपुर सुविधा लिनुका साथै समग्र गाउँपालिकाको सुन्दरतामा वृद्धि हुन सक्छ ।
- तरकारी, पशुपालन तथा अन्य कृषि उत्पादनको बजारको लागि समस्या नभएकोले व्यवसायिक कृषि उत्पादनलाई नै जोड दिनु सहज तथा उचित देखिन्छ ।

## २.८ गाउँपालिकाको चुनौती तथा समस्याहरू

यस कोन्ज्योसोम गाउँपालिकाको सामाजिक तथा भौतिक विकासका लागि विद्यमान चुनौती तथा समस्याहरूलाई निम्न बुँदामा संक्षेपिकरण गर्न सकिन्छ ।


- गाउँपालिकाको क्षेत्र भित्र रोजगारमुलक उद्योगधन्दा, कलकारखाना नहुनु ।
- गाउँपालिका क्षेत्रमा खानेपानी तथा सार्वजनिक चर्पीको अझै पनि उचित व्यवस्थापन हुन नसक्नु ।
- गाउँपालिका क्षेत्रभित्रका धेरै सडकहरू कच्ची तथा कम गुणस्तरको रहनु ।
- कृषि क्षेत्रको बाहुल्यता भए तापनि व्यवसायिक खेतीको पर्याप्त विकास हुन नसक्नु ।
- आयश्रोतको कमीले गाउँपालिकाको स्तरीय विकास प्रकृयामा समस्या उत्पन्न हुनु ।
- शहरीकरणलाई ब्यवस्थित बनाउन नसक्नु ।
- कृषियोग्य भूमि खण्डिकृत हुदै प्रयोग बिहीन हुनु ।
- कोन्ज्योसोममा खेलकुदका लागि खुला स्थानको कमी हुनु ।
- यसका अलावा गाउँपालिका क्षेत्रमा नदी कटान, अनियन्त्रित ढुंगागिटी बालुवाको उत्खनन्, बनजंगलको चोरी निकासीलाई नियन्त्रण गर्नु चुनौतीपूर्ण रहेको छ ।

## २.९ गाउँपालिकाको अन्तर नगर/गाउँ सम्बन्ध

कुनै पनि स्थानीय तह (नगरपालिका तथा गाउँपालिकाको) अर्को नगरपालिका अथवा गाउँपालिकासँग कुनै न कुनै रुपमा एक आपसमा सम्बन्ध रहेको हुन्छ । सम्बन्धको प्रकृति र दुरी स्थानीय तहहरू बिच फरक-फरक हुन सक्छ । मानव विकासको निम्ति विभिन्न स्थानहरूमा आवत जावत गर्नु पर्ने, उपलब्ध स्रोत र साधनको परिचालन गर्ने क्रममा एक गाउँपालिकाले अर्को गाउँपालिकामा निर्भर रहनु पर्ने हुन्छ । ती अन्तरनिर्भताका मुख्य क्षेत्रहरू, यातायात, बसाईसराई, कृषि तथा पशु उपज, वन पैदावर, पर्यटन, रोजगारी, प्राकृतिक स्रोत उपयोग एवं व्यवस्थापन, शिक्षा, स्वास्थ्य आदि हुन् । यस गाउँपालिकामा भएका विविध खाले सुविधा प्राप्त गर्न अन्य गाउँपालिकाबाट आउने गरेको देखिन्छ । अन्य पहाडी तथा तराई क्षेत्रमा कृषि र वनजन्य उत्पादनहरू यस गाउँपालिकाबाट बाहिरिने गर्दछन् र काठमाडौं उपत्यका तथा ललितपुर जिल्लाको सदरमुकामबाट अन्य घरेलु उद्योगबाट उत्पादित वस्तु तथा विभिन्न सेवाहरू लत्ताकपडा, इलेक्ट्रोनिक्स सामानहरू यस गाउँपालिकामा आयात गर्ने गरेको पाइन्छ । यी विविध कारणले अन्तर नगरपालिका/गाउँपालिकासम्बन्ध अझ बढी सुदृढ भएको देखिन्छ ।

कोन्ज्योसोम गाउँपालिकाको छिमेकी नगरपालिका, गाउँपालिका तथा जिल्ला समन्वय समितिजस्ता सरकारी निकायहरूसँग राम्रो सम्बन्ध रहेको छ । फलत: यस क्षेत्रको विकासात्मक कृयाकलापको सञ्चालनमा समन्वय गर्ने गरिएको छ । त्यसैगरी विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थासँग समेत राम्रो सम्वन्ध रहेको छ ।

## २.१० नदीनाला तथा खोलाहरू




नक्सा नं. ७: **कोन्ज्योसोम गाउँपालिकाको नदी तथा खोलाहरु**



गाउँपालिकाका विभिन्न स्थानहरू भएर बग्ने नदीनाला तथा खोलाहरूले प्रशस्त जलभण्डार गर्नुका साथै विभिन्न किसिमका जलचरहरू र पंछीहरूलाई सुरक्षित बासस्थानको रुपमा आश्रय दिइरहेको पाइन्छ। साथै यस्ता नदीनाला, खोलाहरूबाट पशुहरूले पानी पिउने र किसानहरूले समेत बेलाबखत आंशिकरुपमा सिंचाईको लागि पानीको प्रयोग गरेको देखिन्छ। मानव वस्तीको विकास र बसाईसराईको चापका साथै अनुत्पादक पशुहरूको अत्याधिक चरीचराउ र उपयोगले प्राकृतिक नदीनाला तथा खोलाहरूमा भूक्षय भई पुरिने क्रम जारी छ ।

## २.११ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्त्वका स्थलहरू

अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषी, बहुधर्म र सामाजिक विविधता एवं ऐतिहासिक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्यस्थलको रुपमा सुपरिचित छ। विज्ञान, प्रविधि र सञ्चार प्रणालीमा भएको अभूतपूर्व विकासले पुरा विश्व नै एउटा गाउँको रुपमा परिणत हुँदै गइरहेको अवस्थामा नेपालले यस्ता राष्ट्रिय सम्पदालाई विश्व सामु प्रस्तुत गर्दै विश्व पर्यटन बजारलाई आकर्षित गरी अत्यधिक लाभ लिन सक्ने क्षमता अभिवृद्धि गर्नु आवश्यक छ। पर्यटन व्यवसाय आफैंमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधीकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ। यस प्रयोजनार्थ एकातर्फ नेपालका यी विविध सम्पदाको समुचित संरक्षण र सम्वर्द्धन गर्नु अत्यावश्यक भएको छ भने अर्कोतर्फ अन्तर्राष्ट्रिय हवाई यातायात सेवा लगायत पर्यटन सेवासँग सम्बद्ध सबै प्रकारका पूर्वाधार विकास गर्दै पर्यटन सेवा उद्योगको संख्यात्मक एवं गुणात्मक वृद्धि गर्नु आवश्यक छ।

प्राकृतिक नदी, खोलाहरू र हरियाली, अत्यन्तै नजिकबाट अवलोकन गर्न सकिने भएकोले आन्तरिक तथा बाह्य पर्यटकहरूको भ्रमण हुने गर्दछ। भौगोलिक कालक्रमको इतिहासमा यहाँ बग्ने साना र ठूला खोला तथा नदीहरू र पोखरीहरूको निर्माण हुन गएको छ। पर्यटकीय तथा धार्मिक दृष्टिकोणले महत्त्वपूर्ण मानिने गुप्तेश्वर गुफा यस कोन्ज्योसोम गाउँपालिकाको वडा नं. ५ मा रहेको छ, जसले आन्तरिक बाहिरी पर्यटकलाई आकर्षण गरेको देखिन्छ। यस स्थानमा वैशाख पूर्णीमाको दिन ठूलो मेला लाग्ने गर्दछ। वैशाख पूर्णिमाका अघिल्लो दिन यस गुफामा बौद्ध धर्मावलम्बीहरूले पुजाआजा गरी भोलिपल्ट पूर्णिमाका दिन फेदीमा गुम्बा गई पुजा गर्ने प्रचलन रहेको छ।

कुन्यकाली मन्दिर, कालेश्वरी मन्दिर, बालकुमारी मन्दिर आदि यहाँका प्रसिद्ध मन्दिरहरू हुन्। वडा नं. ५ भारदेवमा अवस्थित कुन्यकाली मन्दिर देवीको मन्दिर हो । जहाँ तामाङ जातीले पूजाआजा गर्ने गर्दछन् भने वडा नं. ५ कै भालुखोलामा कालेश्वरी मन्दिर रहेको छ। यस मन्दिरमा माघ १ गते मेला लाग्ने गर्दछ। यसका अतिरिक्त स-साना मन्दिर, गुम्बा, टुशाल, चैत्य, चर्च आदि यहाँका विभिन्न धार्मिक आस्था र मान्यता राख्नेहरूका लागि पवित्र र दर्शन गर्ने स्थानहरू हुन् जस्ले यस गाउँपालिकको विविधता प्रस्तुत गरेका छन।

यस गाउँपालिकामा स्वच्छ हावापानी लगायत मनोरम दृष्य भएका धार्मिक स्थलहरू, मन्दिर तथा ठाउँ ठाउँमा स-साना गुफा रहेका कारण पर्यटकका लागि सम्भावना बोकेको क्षेत्रको रूपमा लिन सकिन्छ। यहाँ भएका पर्यटकीय स्थलहरूलाई व्यवसायिक रूपमा लैजाने हो भने यहाँ रोजगारीका अवसरहरू पनि सिर्जना हुने सम्भावना देखिन्छ।

१. दृश्यावलोकन, यात्रा तथा साईकल यात्राका लागि,
२. कृषि पर्यटकका लागि गाउँपालिका क्षेत्रमा रहेका टनेला, टहरा र आधुनिक र पुरातन मिश्रृत खेती प्रणालीका लागि
३. दैनिक वनभोज, वनस्पति अवलोकनका लागि
४. ध्यान तथा आत्मशान्तीका लागि

## २.१२ पार्क तथा खुला क्षेत्र

गाउँपालिकामा विभिन्न स्थानहरूमा सानातिना फूटबल मैदान आदि रहेतापनि गाउँपालिका भित्र ठूला पार्क तथा खुला क्षेत्रहरू घोषितरुपमा हालसम्म देखिँदैन । गाउँपालिकाले यहाँ रहेका जंगल सहितका सार्वजनिक टापुहरूमा आवश्यक भौतिक पूर्वाधारको निर्माण गरेर पार्क तथा खुला स्थानको पहिचान, प्रवर्धन र संरक्षण गर्नु पर्ने हुन्छ र त्यस्ता स्थानहरूको यहाँ प्रशस्त सम्भावना छ। गाउँपालिकाको भू-उपयोग नक्साका आधारमा त्यस्ता स्थानहरू प्राय: सबै वडामा देखिन्छ। हरेक वडामा वडानागरिक भेला गराई तिनीहरूको आवश्यक कार्यगत योजना गाउँपालिकाले गर्न सक्ने सम्भावना देखिन्छ।

## २.१३ शवदाहको विवरण

यस कोन्ज्योसोम गाउँपालिकामा विभिन्न स्थानहरूमा शवदाह रहेको देखिन्छ। गाउँपालिकाको वडा नं. ५ को लामिडाँडा, खोरभञ्ज्याङ, ब्लोन टोल, वडा नं. ४ को ढुङ्गे सुन्दरपानी र वडा नं. २ को भारदेव, लोसेमा शवदाह रहेको छ।

## २.१४ मुख्य चाडपर्वहरू

यस गाउँपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरू बसोबास गर्दछन्। यहाँ अधिकांश बौद्ध धर्म मान्ने पहाडी मूलका मानिसहरू रहेका छन् भने त्यस्तै हिन्दु र क्रिष्चियन धर्म मान्ने मानिसहरू पनि छन्। सबै जातजाती र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरू छन्। जसमा बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरू, बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, छठ (होली), चैते दशैं, साउने-माघे संक्रान्ती, माघी, गोठधूप, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंशी, बालाचतुर्दशी, कोजाग्रत पूर्णिमा, क्रिशमस डे, नयाँ वर्ष, भ्यालेनटाईन डे (प्रणय दिवस), होली आदि चाडपर्वहरू रहेका छन्।

# खण्ड ३ : जनसंख्याको विवरण

## ३.१ जनसंख्याको विवरण

राष्ट्रिय जनगणना, २०६८ अनुसार कोन्ज्योसोम गाउँपालिकाको जनसंख्या ९,७०९ रहेको छ, जस मध्ये पुरुष ४७.३४ प्रतिशत (४,५९६ जना) र महिला ५२.६६ प्रतिशत (५,११३ जना) रहेका छन्। राष्ट्रिय जनगणना, २०६८ अनुसार लैंगिक अनुपात (Sex Ratio) अर्थात् प्रति १०० महिलामा पुरुषको संख्या ८९.८९ रहेको छ। गाउँपालिका क्षेत्रमा प्रति वर्ग किलोमिटर जनघनत्व करिब २२० रहेको छ। यस गाउँपालिकाको कुल जनसंख्या मध्ये ५,६४७ जना (५८.१६ प्रतिशत) १५ देखि ५९ वर्ष उमेर समूहका, ३,२६९ जना (३३.६७ प्रतिशत) १४ वर्ष वा सो भन्दा कम उमेरका र ७९३ जना (८.१७ प्रतिशत) ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका रहेका छन्। राष्ट्रिय जनगणना, २०६८ अनुसार कोन्ज्योसोम गाउँपालिकामा २,००१ घरपरिवार रहेका छन्। हाल यस गाउँपालिकामा प्रति परिवार औषत ४.८५ जना सदस्य रहेको देखिन्छ। गाउँपालिकाको साक्षरता दर ५९.४६ प्रतिशत रहेको छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ बमोजिम यस गाउँपालिकाको कुल जनसंख्या मध्ये १.६२ प्रतिशत (१५७ जना) अपाङ्गता भएकाहरू रहेका छन्। जसमध्ये ९५ जना (६०.५१ प्रतिशत) पुरुष र ६२ (३०.४९ प्रतिशत) जना महिला छन्। नेपालको परिवारको औषत आकार ४.८८ रहेको छ। देशमा सबैभन्दा बढी रौतहट जिल्लामा ६.४४ र सबैभन्दा कम कास्कीमा ३.९२ रहेको देखिन्छ। यस गाउँपालिकामा परिवारको आकार मध्यम देखिन्छ।

तालिका नं. ३ : जनसंख्याको विवरण

| विवरण | वि.सं. २०६८ |
|---|---|
| जम्मा जनसंख्या | ९७०९ |
| पुरुष | ४५९६ (४७.३४%) |
| महिला | ५११३ (५२.६६%) |
| लैंगिक दर (प्रति १०० महिलामा पुरुष) | ८९.८९ |
| जम्मा घरधुरी | २००१ |
| औषत परिवार आकार | ४.८५ |
| ६ वर्ष र सोभन्दा माथिको साक्षरता दर | ५९.४६ |
| जनघनत्व (प्रति वर्ग कि.मि.) | २२० |

श्रोतः राष्ट्रिय जनगणना, २०६८

## ३.२ लिङ्गअनुसार वडागत जनसंख्याको विवरण


तालिका नं. ४ : लिङ्गअनुसार वडागत जनसंख्याको विवरण


| वडा नं. | जम्मा क्षेत्रफल | औषत परिवार आकार | जम्मा घरधुरी संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| १ | ७.७४ | ४.९६ | ३८० | १८८४ | ८९५ | ९८९ | २४३.४१ |
| २ | १४.३२ | ४.९३ | ४६२ | २२७७ | ११०९ | ११६८ | १५९.०१ |
| ३ | ६.२५ | ४.३४ | २६९ | ११६७ | ५३७ | ६३० | १८६.७२ |
| ४ | ८.०२ | ४.७२ | ४६० | २१७१ | १०२१ | ११५० | २७०.७० |
| ५ | ७.८३ | ५.१४ | ४३० | २२१० | १०३४ | ११७६ | २८२.२५ |
| जम्मा | ४४.१६ | ४.८५ | २००१ | ९७०९ | ४५९६ | ५११३ | २१९.८६ |

श्रोत: राष्ट्रिय जनगणना, २०६८


माथिको तालिकामा यस कोन्ज्योसोम गाउँपालिकामा रहेका ५ वटा वडाहरूको जनसंख्याको विवरण देखाइएको छ । जसमा महिलाको संख्या ५२.६६ प्रतिशत छ भने पुरुषको संख्या ४७.३४ प्रतिशत रहेको देखिन्छ । महिला र पुरुषको जम्मा जनसंख्या ९,७०९ रहेकोमा यसलाई लैङ्गिक आधारमा छुट्याएर हेर्दा महिलाको भन्दा पुरुषको जनसंख्या ५.३२ प्रतिशतले कम रहेको देखिन्छ । समग्र देशको तुलना गर्दा पुरुषको भन्दा महिलाको जनसंख्या बढी रहेको अवस्थामा यस गाउँपालिकामा पनि महिलाको जनसंख्या पुरुषको जनसंख्याभन्दा बढी रहेको देखिन्छ । साथै वडागत रुपमा हेर्दा सबै भन्दा बढी जनसंख्या वडा नं. २ मा २,२७७ रहेको देखिन्छ भने सबै भन्दा कम वडा नं. ३ मा १,१६७ रहेको छ । परिवारको संख्यालाई हेर्दा यस गाउँपालिकामा जम्मा २,००१ घरपरिवारको बसोबास रहेको देखिन्छ जसलाई वडागत रुपमा हेर्दा सबैभन्दा बढी ४६२ घरपरिवार वडा नं. २ मा नै रहेको छ र सबै भन्दा कम २६९ घरपरिवार पनि वडा नं. ३ मा रहेको देखिन्छ । यसरी हेर्दा जनसंख्याको आधारमा घरधुरी संख्या पनि समानुपातिक नै रहेको छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

### वडागत जनसंख्याको विवरण






नक्सा नं. ८: **कोन्ज्योसोम गाउँपालिकाको वडाअनुसार जनसंख्या**




नक्सा नं. ९: **कोन्ज्योसोम गाउँपालिकाको वडाअनुसार घरपरिवार**

## ३.४ जनसंख्याको उमेरगत संरचना


तालिका नं. ५ : उमेर समूहअनुसार जनसंख्याको विवरण

| उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|
| ०-४ | ३७२ | ३९३ | ७६५ | ७.८८ | ०.९५ |
| ५-९ | ५६७ | ५५७ | ११२४ | ११.५८ | १.०२ |
| १०-१४ | ७०७ | ६७३ | १३८० | १४.२१ | १.०५ |
| १५-१९ | ५५० | ६४८ | ११९८ | १२.३४ | ०.८५ |
| २०-२४ | ३१८ | ४५० | ७६८ | ७.९१ | ०.७१ |
| २५-२९ | २९० | ४०८ | ६९८ | ७.१९ | ०.७१ |
| ३०-३४ | २७८ | ३५२ | ६३० | ६.४९ | ०.७९ |
| ३५-३९ | २७१ | ३५२ | ६२३ | ६.४२ | ०.७७ |
| ४०-४४ | २४५ | २६६ | ५११ | ५.२६ | ०.९२ |
| ४५-४९ | २२६ | २५१ | ४७७ | ४.९१ | ०.९० |
| ५०-५४ | २११ | २१२ | ४२३ | ४.३६ | १.०० |
| ५५-५९ | १७९ | १४० | ३१९ | ३.२९ | १.२८ |
| ६०-६४ | १२८ | १३९ | २६७ | २.७५ | ०.९२ |
| ६५-६९ | १०६ | १०६ | २१२ | २.१८ | १.०० |
| ७०-७४ | ५७ | ६६ | १२३ | १.२७ | ०.८६ |
| ७५-७९ | ५३ | ५७ | ११० | १.१३ | ०.९३ |
| ८०-८४ | २६ | २६ | ५२ | ०.५४ | १.०० |
| ८५-८९ | ८ | ९ | १७ | ०.१८ | ०.८९ |
| ९०-९४ | ४ | ५ | ९ | ०.०९ | ०.८० |
| ९५+ | ० | ३ | ३ | ०.०३ | ०.०० |
| जम्मा | ४५९६ | ५११३ | ९७०९ | १००.०० | ०.९० |

स्रोत: राष्ट्रिय जनगणना, २०६८

यस तालिकामा सन् २०११ को केन्द्रीय तथ्याङ्क विभागले गरेको सर्वेक्षण अनुसार गाउँपालिकामा बसोबास गर्ने विभिन्न उमेर समूहका मानिसहरूको विवरण उल्लेख गरिएको छ। जसमा ०-१४ वर्ष उमेर समूहको संख्या ३,२६९ (३३.६७ प्रतिशत), १५-४४ वर्ष उमेर समूहको जनसंख्या ४,४२८ (४५.६१ प्रतिशत) रहेको देखिन्छ। यसैगरी काम गर्ने उमेर १५ देखि ५९ वर्षसम्मको जनसंख्या ५,६४७ (५८.१६ प्रतिशत) रहेको छ। लिङ्गको आधारमा हेर्दा महिलाको जनसंख्या ५,११३ (५२.६६ प्रतिशत) र पुरुषको जनसंख्या ४,५९६ (४७.३४ प्रतिशत) छ। यसप्रकार पुरुष र महिलाको जनसंख्याको अन्तर ५.३२ प्रतिशत देखिन्छ। ६० वर्ष भन्दामाथि उमेर समूहको संख्या ७९३ (८.१७ प्रतिशत) देखिएको छ। तथ्याङ्कले गाउँपालिकामा मानव स्रोत प्रशस्त मात्रामा सम्भावना रहेको तथ्यलाई देखाउँछ। जसको विस्तृत विवरण माथिको तालिकामा देखाइएको छ।

उमेर समूहअनुसार जनसंख्याको विवरण




## ३.५ घरमूलीको लैङ्गिक विवरण


तालिका नं. ६ : घरमुलीको लैङ्गिक विवरण

| वडा | १ | २ | ३ | ४ | ५ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| पुरुष | ३१९ | ४२२ | १९७ | ३५३ | ३४० | १६३१ | ८१.५१ |
| महिला | ६१ | ४० | ७२ | १०७ | ९० | ३७० | १८.४९ |
| जम्मा | ३८० | ४६२ | २६९ | ४६० | ४३० | २००१ | १००.०० |

श्रोत: राष्ट्रिय जनगणना, २०६८

वि.सं. २०६८ को केन्द्रीय तथ्यांक विभागको नतिजाअनुसार जम्मा २,००१ घरधुरी संख्या रहेको यस गाउँपालिकामा ८१.५१ प्रतिशत घरमा चाहिँ पुरुषहरू नै घरमुली भएर घरको मुख्य जिम्मेवारी लिइएको पाइन्छ भने सानो हिस्सामा करिव पाँच भागको एक भाग मात्र १८.४९ प्रतिशत महिलाहरू घरमुली भई घरको मुख्य जिम्मेवारी लिइएको देखिन्छ। यो अवस्था समग्र देशको अवस्थासंग मिल्दोजुल्दो नै देखिन्छ। लैङ्गिक आधारमा घरमुलीको संख्यो पुरुष र महिलाको बीचमा ठूलो अन्तर देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

घरमूलीको लैङ्गिक विवरण




## ३.६ १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण

कुनै पनि देशले विवाहका लागि कानुनमै न्युनतम उमेर तोकेको हुन्छ । उक्त उमेर नपुग्दै विवाह गरिन्छ भने त्यसलाई बालविवाहको रुपमा तथा कम उमेरमा गरेको विवाहका रुपमा लिने गरिन्छ । नेपालमा मुलुकी ऐन, (एघारौं संशोधन २०५८) २०२० ले विवाह गर्दा महिला र पुरुषको उमेर संरक्षकको मञ्जुरी भए अठार वर्ष र संरक्षकको मञ्जुरी नभए बिस वर्ष नपुगी विवाहवारी गर्न नहुने व्यवस्था गरेको छ । वर्तमान समयमा शिक्षाको प्रचारप्रसारका कारणले गर्दा व्यक्तिहरूमा विस्तारै चेतनामा अभिबृद्धि हुँदै आएको कारण बालविवाहको चलन घट्दै गइरहेको पाइन्छ । तापनि अझै केही क्षेत्रहरूमा गलत सामाजिक परम्परा र मूल्य मान्यताका कारण नाबालक अवस्थामै विवाह गरिदिने चलन रहेको देखिन्छ । साथै पछिल्लो क्रममा इन्टरनेट, टेलिभिजन र मोवाइलमा बालबालिकाको पहूँच बृद्धि भई दुरुपयोग बढेर आफुखुसी बालविवाह गरेका घटनाहरू पनि सुन्नमा आउन थालेका छन् ।

राष्ट्रिय जनसाङ्खिक तथा स्वास्थ्य सर्भेक्षण अनुसार बालविवाह गर्ने क्रममा १५ देखि १९ वर्षका किशोरीको प्रतिशत तुलनात्मक रुपमा बढ्दै गएको देखिन्छ । प्लान नेपाल लगायत अन्य संस्थाहरू मिलेर गरेको अध्ययन प्रतिवेदन सन् २०१२ अनुसार २६.७ प्रतिशत किशोरीहरू र ५.८ प्रतिशत किशोरहरूले बालविवाह गरेको देखिन्छ । जुन २०६८ को जनसाङ्खिक तथा स्वास्थ्य सर्भेक्षणभन्दा घट्दो क्रममा देखिन्छ ।

## ३.७ उमेर समुह अनुसार पहिलो विवाह गर्दाको उमेरको विवरण


तालिका नं. ७ : पहिलो विवाह गर्दाको उमेरको विवरण

| लिङ्ग | १० वर्ष सम्ममा | १०-१४ वर्ष | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ३५-३९ वर्ष | ४०-४४ वर्ष | ४५-५० वर्ष | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ३० | १७७ | ११७३ | ६८१ | १९७ | ४८ | १२ | ६ | १ | २३२५ |
| महिला | ३३ | ३५४ | १७२२ | ५८३ | ७३ | १७ | ४ | ३ | १ | २७९० |
| जम्मा | ६३ | ५३१ | २८९५ | १२६४ | २७० | ६५ | १६ | ९ | २ | ५११५ |
| प्रतिशत | १.२३ | १०.३८ | ५६.६० | २४.७१ | ५.२८ | १.२७ | ०.३१ | ०.१८ | ०.०४ | १०० |

श्रोत: राष्ट्रिय जनगणना, २०६८

माथिको तालिकामा १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको पहिलो विवाह गर्दाको उमेरको विवरण देखाइएको छ। गाउँपालिकामा १५ वर्षदेखि १९ वर्षसम्मको उमेर समूहमा विवाह गर्नेको संख्या सबैभन्दा बढी २,८९५ (५६.६० प्रतिशत) देखिन्छ भने त्यसपछि २० वर्ष देखि २४ वर्षसम्मको उमेर समूहको संख्या १,२६४ (२४.७१ प्रतिशत) रहेको छ। १० देखि १४ वर्ष उमेरसमूहको बालबालिकाको पनि पहिलो विवाह गर्दाको जनसंख्या ५३१ (१०.३८ प्रतिशत) रहेको पाइन्छ। गाउँपालिकामा गलत सामाजिक परम्परा र मूल्य मान्यताका कारण नाबालक अवस्थामा नै विवाह भएका व्यक्तिहरू अझै पनि जिवितै छन्। जुन गलत सामाजिक परम्परा र मूल्य मान्यतालाई फेरि पनि नदोहोऱ्याउन उचित शिक्षा तथा चेतनामूलक कार्यक्रमको प्रचार प्रसार गर्नु पर्ने देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

पहिलो विवाह गर्दाको उमेर समूह



## ३.८ लैङ्गिक आधारमा वैवाहिक स्थिति

बैबाहिक स्थिति भन्नाले बिबाह गरेका, बिबाह गरेर पनि सम्वन्ध विच्छेद भएका साथै श्रीमान वा श्रीमती गुमाएर एकल भई बसेको अवस्थलाई जनाउँछ। यस्ता अवस्थाहरूलाई आधार मानेर कोन्ज्योसोम गाउँपालिकामा भएका जनसंख्याहरूमध्ये १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका व्यक्तिहरूको बैवाहिक अवस्थालाई तलको तालिकाबाट प्रस्ट्याउने प्रयास गरिएको छ।


तालिका नं. ८ : १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको लैङ्गिक आधारमा वैवाहिक स्थिति

| लिङ्ग | कहिल्यै विवाह नभएको | एक विवाह | बहु विवाह भएको | पुन: विवाह भएको | विधवा/ विधुर | पारपाचुके भएको | छुट्टिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| पुरुष | १३४४ | २०९४ | १०४ | ६७ | ४० | १ | ७ | ३६५७ |
| महिला | १३८९ | २५४३ | २५ | ९० | १०८ | २ | ६ | ४१६३ |
| जम्मा | २७३३ | ४६३७ | १२९ | १५७ | १४८ | ३ | १३ | ७८२० |
| प्रतिशत | ३४.९५ | ५९.३० | १.६५ | २.०१ | १.८९ | ०.०४ | ०.१७ | १००.०० |

श्रोत: राष्ट्रिय जनगणना, २०६८

माथिको तालिकालाई हेर्दा यस गाउँपालिकाका सम्पूर्ण १० वर्ष वा सो उमेर समुह भन्दा माथिको उमेर समुहमा गरिएको अध्ययन अनुसार जम्मा ७,८२० व्यक्तिहरू मध्ये ५,०८७ (६५.०५ प्रतिशत) व्यक्तिहरू विबाहित र बाँकी २,७३३ (३४.९५ प्रतिशत) अविवाहित छन्। विवाहित पुरुष भन्दा महिलाको संख्या ९.०६ प्रतिशतले बढी देखिएको छ। कुल संख्याको ४,६३७ (५९.३० प्रतिशत) एक विवाह गर्ने, बहु विवाह गर्ने १२९ (१.६५ प्रतिशत) र पुन: विवाह गर्ने १५७ (२.०१ प्रतिशत) छन्। गाउँपालिकामा एक विवाह गर्ने महिलाको संख्या एक विवाह गर्ने पुरुषको भन्दा ९.६८ प्रतिशतले बढी रहेको छ भने बहु विवाह गर्ने पुरुषको संख्या बहु विवाह गर्ने महिलाको संख्या भन्दा ६१.२४ प्रतिशतले बढी रहेको देखिन्छ। विवाह गरेर पनि सम्वन्ध विच्छेद गरेको संख्या ३ (०.०४ प्रतिशत) रहेको छ। विधुवा/विधुरको संख्या १४८ (१.८९) प्रतिशत र छुट्टिएका १३ (०.१७) प्रतिशत रहेका छन्। यो तथ्याङ्क पनि समग्र देशको राष्ट्रिय तथ्याङ्कसँग मेल खाएको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

लैङ्गिक आधारमा वैवाहिक स्थिति



## ३.९ मातृभाषाअनुसार जनसंख्या विवरण


तालिका नं. ९ : मातृभाषाअनुसार जनसंख्या विवरण

| तामाङ | नेपाली | मगर | पहरी | उल्लेख नगरिएको | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| ७२८६ | २०८७ | १४७ | १२३ | ८ | ५८ | ९७०९ |
| ७५.०४ | २१.५० | १.५१ | १.२७ | ०.०८ | ०.६० | १००.०० |

श्रोत: राष्ट्रिय जनगणना, २०६८

यस गाउँपालिकामा अक्सर बसोबास गर्ने व्यक्तिहरूले बोल्ने विभिन्न मातृभाषाहरूमा विविधता रहेको पाइन्छ। मातृभाषा बोल्नेहरूको जनसंख्या हेर्दा सबैभन्दा बढी तामाङ भाषा बोल्ने संख्या ७,२८६ (७५.०४ प्रतिशत) रहेको देखिन्छ। साथै, नेपाली २,०८७ (२१.५० प्रतिशत), मगर १४७ (१.५१ प्रतिशत), पहरी १२३ (१.२७ प्रतिशत), नेवार २२ (०.२३ प्रतिशत), मैथिली १० (०.१० प्रतिशत) रहेको पाईयो। सबै आ-आफ्ना मातृभाषा बोल्नेहरूले समेत सरकारी भाषाको रुपमा नेपाली भाषालाई राम्ररी बोल्ने र बुझ्ने गरेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा देखाइएको छ।

मातृभाषाअनुसार जनसंख्याको विवरण




## ३.१० जातजाति समूहको जनसंख्याको विवरण

गाउँपालिका सामाजिक संरचनाको दृष्टिकोणबाट बढो विविधतायुक्त रहेको पाईन्छ। पछिल्लो जनगणना अनुसार यस गाउँपालिकामा २६ ओटा जात/जाति समूहको बसोबास रहेको पाईन्छ भने १६ ओटा मातृभाषाभाषीहरू बोलिने गरिएको देखिन्छ।

नेपाल एक बहुभाषी, बहुधर्मिक र बहु जातीय मुलुक भएको हुँदा धेरै जातजाति भाषाभाषीहरू रहेका छन्। यस कोन्ज्योसोम गाउँपालिकामा पनि धेरै जातजातिहरूको बसोबास रहेको पाइन्छ। २००१ घरधुरीमा गरेको जनसांख्यिक विवरण अनुसार यस गाउँपालिकामा बसोबास गर्दै आएका विभिन्न जातजातिहरूको विवरणलाई तलको तालिकामा उल्लेख गरिएको छ।


तालिका नं. १० : जातजाती समुहको जनसंख्याको विवरण

| क्र.सं. | जातजाति | जम्मा | प्रतिशत | क्र.सं. | जातजाति | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | तामाङ | ७३५७ | ७५.७८ | ५ | नेवार | २१७ | २.२४ |
| २ | पहाडी ब्राम्हण | १३५१ | १३.९१ | ६ | पहरी | १४० | १.४४ |
| ३ | क्षेत्री | २७५ | २.८३ | ७ | अन्य | १४६ | १.५० |
| ४ | मगर | २२३ | २.३० | | जम्मा | ९७०९ | |

श्रोतः राष्ट्रिय जनगणना, २०६८

माथिको तालिकाको तथ्याङ्कलाई हेर्दा यस गाउँपालिकामा सबै भन्दा बढी तामाङ जातिको बसोबास रहेको पाइन्छ। यस गाउँपालिकाको कुल ९,७०९ जनसंख्याको ७,३५७ (७५.७८ प्रतिशत) जनसंख्या तामाङ जाति रहेको देखिन्छ। दोस्रो स्थानमा पहाडी ब्राम्हण १,३५१ (१३.९१ प्रतिशत) र तेस्रोमा क्षेत्री २७५ (२.८३ प्रतिशत) रहेको पाइन्छ। त्यस्तै, मगर २२३ (२.३० प्रतिशत), नेवार २१७ (२.२४ प्रतिशत) र पहरी १४० (१.४४ प्रतिशत) रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

## जातजाती समुहको जनसंख्याको विवरण



## आदिवासी

यस गाउँपालिकाको कुल जनसंख्या ९,७०९ मध्ये ८०.५५ प्रतिशत (७,८२१ जना) जनसंख्या आदिवासी जनजाति रहेको छ। जसमध्ये सबैभन्दा बढी तामाङ समुदाय ७,३५७ (७५.७८ प्रतिशत), दोस्रोमा मगर २२३ (२.३० प्रतिशत), तेस्रोमा नेवार २१७ (२.२४ प्रतिशत) रहेको छ। मुख्यत: कृषि पेशामा संलग्न यो समुदायमा साक्षरता प्रतिशत भने न्यून रहेको छ। एकातर्फ बाल विवाह, गुरुवा (धामी, झाक्री) प्रथा जस्ता सामाजिक प्रथाहरू यस समुदायमा हालसम्म आंशिक रुपमा भएपनि कायमै रहेको पाइन्छ भने अर्कातर्फ आफ्नो मौलिक संस्कृतिलाई भने यस समुदायले अद्यावधि बचाई राखेको पाइन्छ। कोन्ज्योसोम गाउँपालिकाको वडा नं. ४ मा २,०३१ (९३.४४ प्रतिशत) तामाङ्गहरूको बसोबास रहेकोले यस वडालाई तिनीहरूको मौलिक संस्कृतिको जिवन्त नमुनाग्रामको रुपमा देखिन पुगेको छ। यस समुदायबाट जनप्रतिनिधिको रुपमा हाल निर्णायक तहमा सहभागिता देखिएको छ। कोन्ज्योसोम गाउँपालिकाको विकास निर्माणमा हात पाखुरी चलाउदै आएको यो समुदाय अहिले आएर सामाजिक, राजनैतिक र आर्थिक विकासको दृष्टिकोणले समेत महत्त्वपूर्ण अवस्थामा रहेको छ।

## उत्पीडित समुदाय

जातजातिको हिसावले कोन्ज्योसोम गाउँपालिकामा उत्पीडितहरूले ०.८० प्रतिशत मात्र (७८ जना) हिस्सा ओगटेको छ। सामाजिक विभेदका रुपमा छुवाछुत जस्तो अमानवीय भेदभाव भोगिरहेको यो समुदायले राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा समेत उपेक्षाको सिकार हुनु परेको छ। यस समुदायका प्रा.वि., नि.मा.वि. र मा.वि.मा अध्ययन छात्र छात्राहरूको संख्या भने तुलनात्मक रुपमा कम रहेको छ। परम्परागत शिल्प र विभिन्न कलाको धनी यो समुदायले आफ्नो सिपलाई आर्थिक विपन्नता र सामाजिक उपेक्षाका कारण पनि अघि बढाउन नसकेको पाइन्छ। मुलुकी ऐन २०२० को कानुनी व्यवस्था अन्तर्गत जातिय छुवाछुतलाई कानुनी अपराधको रुपमा परिभाषित गरिएको आधा शताब्दी नाघ्दा समेत कोन्ज्योसोम गाउँपालिकामा मात्र नभएर समग्र देशमा नै उत्पीडित र उपेक्षित समुदायले यद्यपि उपेक्षित अवस्था कायमै रहेको छ। निजामती सेवा र गैर सरकारी सेवामा पनि यो समुदायको उपस्थिति अत्यन्तै न्यून छ। त्यसै गरी राजनीतिक क्षेत्रमा २०४६ साल यता यो समुदायले आफ्ना सामुदायिक संगठनहरू समेत निर्माण गरेको पाइन्छ। राजनीतिक नेतृत्वमा भने सीमित व्यक्तिहरूमात्र यस समुदायको प्रतिनिधित्व गरिरहेका छन्। यस समुदायका अधिकांश व्यक्तिहरू अदक्ष र अर्धदक्ष जनशक्ति कै रुपमा ज्याला, मजदुरी गरेर जीवनयापन गरिरहेको पाइन्छ। गाउँपालिकाको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष अभियानको थालनी गर्नुपर्ने देखिन्छ।


## ३.११ धर्मका आधारमा जनसङ्ख्याको विवरण

धार्मिक दृष्टिकोणले हेर्दा यस गाउँपालिकामा अधिकांश बौद्ध धर्मावलम्बीहरू रहेका छन्। २०६८ को जनगणना अनुसार ६,१५३ (६३.३७ प्रतिशत) जना जनसंख्याले बौद्ध धर्म मान्ने गरेको देखिन्छ भने त्यसपछि दोस्रोमा हिन्दु धर्म मान्ने ३,३५९ (३४.६० प्रतिशत), तेस्रोमा क्रिश्चियन धर्म मान्ने १७८ (१.८३ प्रतिशत) रहेका छन्। साथै, बोन धर्म मान्ने ४ (०.०४ प्रतिशत) र प्रकृति ३ (०.०३ प्रतिशत) रहेको पाइन्छ। यस गाउँपालिकाका धेरैजसो मानिसहरूले बौद्ध धर्म मान्ने र सोही अनुसारका चाडपर्वहरू जस्तै, ल्होसार, बुद्धजयन्ती, चण्डी पर्व आदि मनाउने गर्दछन् भने अन्य धर्मावलम्बीहरूले दशैं, तिहार, जनैपूर्णिमा, तीज, छठ, माघी, होली, क्रिसमस डे आदि जस्ता चाडपर्वहरू मनाउने गर्दछन्। तलको तालिकामा कोन्ज्योसोम गाउँपालिकाको धर्मगत जनसंख्याको तथ्यांकलाई देखाइएको छ। यी विविध तथ्यबाट यस गाउँपालिकामा धार्मिक संरचनाको दृष्टिकोणबाट बढी विविधतायुक्त रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ११ : धर्मअनुसार जनसंख्याको विवरण

| हिन्दु | बौद्ध | क्रिश्चियन | बोन | प्रकृति | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| ३३५९ | ६१५३ | १७८ | ४ | ३ | १२ | ९७०९ |
| ३४.६० | ६३.३७ | १.८३ | ०.०४ | ०.०३ | ०.१२ | १००.०० |

श्रोत: राष्ट्रिय जनगणना, २०६८



## ३.१२ परिवारले प्रयोग गरेको घरको स्वामित्वको वडागत विवरण


तालिका नं. १२ : परिवारले प्रयोग गरेको घरको स्वामित्वको वडागत विवरण

| वडा | १ | २ | ३ | ४ | ५ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| निजी | ३७० | ४४६ | २५६ | ४५५ | ४१८ | १९४५ | ९७.२० |
| भाडा | ७ | १५ | १० | ४ | ८ | ४४ | २.२० |
| संस्थागत | ० | ० | १ | ० | ० | १ | ०.०५ |
| अन्य | ३ | १ | २ | १ | ४ | ११ | ०.५५ |
| जम्मा | ३८० | ४६२ | २६९ | ४६० | ४३० | २००१ | १००.०० |

श्रोत: राष्ट्रिय जनगणना, २०६८

माथिको तालिकामा कोन्ज्योसोम गाउँपालिकाका परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण देखाइएको छ। यस गाउँपालिकामा जम्मा २,००१ घरधुरीहरूमध्ये आफ्नो स्वामित्वमा रहेको घरधुरी संख्या १,९४५ (९७.२० प्रतिशत), भाडामा बस्ने घरधुरी संख्या ४४ (२.२० प्रतिशत) रहेको देखिन्छ। त्यस्तै संस्थागत घरधुरी १ (०.०५ प्रतिशत) र अन्य घरधुरीको संख्या ११ (०.५५ प्रतिशत) रहेका छन्। त्यस्तै परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरणलाई वडागत रुपमा तुलना गर्दा वडा नं. ४ मा निजी स्वामित्वमा रहेको घरधुरी संख्या (४५५) सबैभन्दा बढी रहेको पाइन्छ। त्यसैगरी वडा नं. ३ मा सबैभन्दा कम (२५६) घरधुरी संख्या निजी स्वामित्वमा रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

घरको स्वामित्वको विवरण



## ३.१३ महिलाका नाममा भएको घरको स्वामित्वको वडागत विवरण


तालिका नं. १३ : महिलाका नाममा भएको घरको स्वामित्वको वडागत विवरण

| | १ | २ | ३ | ४ | ५ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| भएको | ३१ | ११ | २८ | ४२ | २१ | १३३ | ६.६५ |
| नभएको | ३४६ | ४५१ | २४० | ४१४ | ४०६ | १८५७ | ९२.८० |
| उल्लेख नगरिएको | ३ | ० | १ | ४ | ३ | ११ | ०.५५ |
| जम्मा | ३८० | ४६२ | २६९ | ४६० | ४३० | २००१ | १००.०० |

श्रोत: राष्ट्रिय जनगणना, २०६८

यस कोन्ज्योसोम गाउँपालिकामा बसोबास गर्ने परिवारमा उनीहरूको घरमा महिलाको स्वामित्व भएको तथा नभएको कुरालाई देख्न सक्छौ। जसमा महिलाको स्वामित्वमा रहेको घरधुरी संख्या १३३ (६.६५ प्रतिशत) र स्वामित्व नभएको घरधुरी संख्या १,८५७ (९२.८० प्रतिशत) रहेको छ भने उल्लेख नगरिएको घरधुरी संख्या ११ (०.५५ प्रतिशत) रहेको छ। जुन प्राप्त तथ्यांक अनुसार यस गाउँपालिकामा महिला र पुरुषबीच अन्तर धेरै नै रहेको पाइएकाले यहाँका महिलाको जनजागरणमा विकास गर्न विभिन्न जनचेतनामुलक कार्यक्रमहरू संचालन गर्नुपर्ने देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

महिलाका नाममा भएको घरको स्वामित्वको वडागत विवरण



## ३.१४ महिलाका नाममा भएको जग्गाको स्वामित्वको वडागत विवरण


तालिका नं. १४ : महिलाका नाममा भएको जग्गाको स्वामित्वको वडागत विवरण

| वडा नं. | १ | २ | ३ | ४ | ५ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| भएको | ३८ | १६ | ३९ | ६३ | २६ | १८२ | ९.१० |
| नभएको | ३३९ | ४४६ | २२९ | ३९३ | ४०१ | १८०८ | ९०.३५ |
| उल्लेख नगरिएको | ३ | ० | १ | ४ | ३ | ११ | ०.५५ |
| जम्मा | ३८० | ४६२ | २६९ | ४६० | ४३० | २००१ | १००.०० |

स्रोत: राष्ट्रिय जनगणना, २०६८

यस कोन्ज्योसोम गाउँपालिकामा बसोबास गर्ने परिवारमा जमिनमा महिलाको स्वामित्वको विवरण देखाइएको छ । जमिनमा महिलाको स्वामित्व भएको १८२ (९.१० प्रतिशत) परिवार रहेको छ भने स्वामित्व नभएको १,८०८ (९०.३५ प्रतिशत) परिवार र उल्लेख नगरिएकोमा ११ (०.५५ प्रतिशत) परिवार रहेको पाइन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ । लैङ्गिक आधारमा जग्गाको स्वामित्व पुरुषको तुलनामा महिलाको अत्यन्त कम देखिन्छ । यस ठुलो अन्तरलाई कम गर्न विशेष खालका कार्यक्रमहरू ल्याउनु पर्ने देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

महिलाका नाममा भएको जग्गाको स्वामित्वको वडागत विवरण



## ३.१५ जगको आधारमा घरको बनोटको वडागत विवरण


तालिका नं. १५ : जगको आधारमा घरको बनोटको वडागत विवरण

| वडा नं. | जगअनुसार घरको अवस्था | १ | २ | ३ | ४ | ५ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | माटोको जोडाइ भएको ईँटा/ढुङ्गा | ३७६ | ४५७ | २६५ | ४४५ | ४१६ | १९५९ | ९७.९० |
| २ | सिमेन्टको जोडाइ भएको ईँटा/ढुंगा | ० | १ | १ | ८ | ५ | १५ | ०.७५ |
| ३ | ढलान पिल्लरसहितको | १ | ० | ० | ० | १ | २ | ०.१० |
| ४ | काठको खम्बा गाडेको | १ | ० | १ | २ | ० | ४ | ०.२० |
| ५ | अन्य | ० | ० | ० | १ | ० | १ | ०.०५ |
| ६ | उल्लेख नगरिएको | २ | ४ | २ | ४ | ८ | २० | १.०० |
| | जम्मा | ३८० | ४६२ | २६९ | ४६० | ४३० | २००१ | १००.०० |

श्रोत: राष्ट्रिय जनगणना, २०६८

कोन्ज्योसोम गाउँपालिकामा परिवारले प्रयोग गरेको माटोको जोडाइ भएको ईँटा तथा ढुंगाबाट बनेको घरको जग भएका घरधुरी संख्या सबैभन्दा बढी अर्थात् १,९५९ (९७.९० प्रतिशत) छन् भने सिमेन्टको जोडाइ भएको ईँटा तथा ढुङ्गाबाट बनेको घरको जग भएको घरधुरी १५ (०.७५ प्रतिशत), काठको खम्बा गाडेको जग भएको ४ (०.२० प्रतिशत), ढलान पिल्लरसहितको जग भएका घरधुरी २ (०.१० प्रतिशत) रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

### जगको आधारमा घरको बनोट




## ३.१६ बाहिरी गारोका आधारमा घरको वडागत विवरण

तालिका नं. १६ : बाहिरी गारोका आधारमा घरको वडागत विवरण

| वडा नं. | १ | २ | ३ | ४ | ५ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| माटोको जोडाइ भएको ईंटा/ढुङ्गा | ३६९ | ४५५ | २६० | ४३९ | ४१५ | १९३८ | ९६.८५ |
| सिमेन्टको जोडाइ भएको ईँटा/ढुंगा | ० | ३ | ५ | १४ | ६ | २८ | १.४० |
| काठ/फल्याक | ८ | ० | १ | ० | १ | १० | ०.५० |
| बाँसजन्य सामग्री | ० | ० | १ | ३ | ० | ४ | ०.२० |
| अन्य | १ | ० | ० | ० | ० | १ | ०.०५ |
| उल्लेख नगरिएको | २ | ४ | २ | ४ | ८ | २० | १.०० |
| जम्मा | ३८० | ४६२ | २६९ | ४६० | ४३० | २००१ | १००.०० |

श्रोत: राष्ट्रिय जनगणना, २०६८

यस गाउँपालिकामा परिवारले प्रयोग गरेको बाहिरी गारोको आधारमा घरको अवस्था हेर्ने हो भने सबैभन्दा बढी १,९३८ (९६.८५ प्रतिशत) घरधुरीले माटोको जोडाइ भएको ईँटा तथा ढुङ्गाबाट बनेको बाहिरी गारोको प्रयोग गरेको देखिन्छ। यसैगरी सिमेन्टको जोडाइ भएको ईँटा तथा ढुङ्गाको गारो भएको घरधुरी २८ (१.४० प्रतिशत), काठ तथा फल्याकको गारो भएको घरधुरी १० (०.५० प्रतिशत), बाँसजन्य सामाग्रीबाट बनेको घरधुरी ४ (०.८० प्रतिशत) रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।



## ३.१७ छानाको आधारमा घरको वडागत विवरण


तालिका नं. १७ : छानाको आधारमा घरको वडागत विवरण

| वडा नं. | १ | २ | ३ | ४ | ५ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| खर/पराल/छ्वाली | १० | १४ | १६ | ४ | २५ | ६९ | ३.४५ |
| जस्ता/टिन/च्यादर | ३६५ | ४३९ | २५१ | ४३२ | ३४५ | १८३२ | ९१.५५ |
| टायल/खपडा/झिँगटी/ढुङ्गा | २ | ३ | ० | १४ | ४५ | ६४ | ३.२० |
| सिमेन्ट/ढलान | १ | ० | ० | ४ | ५ | १० | ०.५० |
| काठ/फल्याक | ० | ० | ० | ० | १ | १ | ०.०५ |
| माटो | ० | ० | ० | १ | ० | १ | ०.०५ |
| अन्य | ० | २ | ० | १ | १ | ४ | ०.२० |
| उल्लेख नगरिएको | २ | ४ | २ | ४ | ८ | २० | १.०० |
| जम्मा | ३८० | ४६२ | २६९ | ४६० | ४३० | २००१ | १००.०० |

श्रोतः राष्ट्रिय जनगणना, २०६८

परिवारले प्रयोग गरेको घरको छानाको आधारमा घरको अवस्थालाई हेर्दा यस गाउँपालिकाका घरपरिवारले जस्ता, टिन तथा च्यादरबाट बनाईएको छानाको बढी प्रयोग गरिएको देखिन्छ। जुन घरधुरी संख्या १,८३२ (९१.५५ प्रतिशत) रहेको छ भने माटो र काठ तथा फल्याकबाट बनेको छाना सबैभन्दा कम अर्थात् १/१ (०.०५ प्रतिशत) घरधुरी संख्या रेहेको पाइन्छ। यसैगरी खर, पराल तथा छ्वालीबाट बनाइएको छाना भएको घरधुरी ६९ (३.४५ प्रतिशत), टायल, खपडा, झिँगडी तथा ढुङ्गाको छाना भएको घरधुरी ६४ (३.२० प्रतिशत) रहेका छन्। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

### छानाको आधारमा घरको विवरण



## ३.१८ बसाई सराईको अवस्था

कुनै पनि स्थानमा जनसंख्या परिवर्तन हुने कारणहरूमध्ये बसाइसराई एक प्रमुख कारण मानिन्छ। तराईका जिल्लाहरूमा बसाई सराईको इतिहास वि.सं. २०१९ सालदेखि प्रारम्भ भएको मान्न सकिन्छ। विभिन्न अवसर र रोजगारीको खोजीमा देश भित्र वा देश बाहिर एक स्थानबाट अर्को स्थानमा स्थायी वा अस्थाई रुपमा बसाई सरेर जाने प्रवृत्ति क्रमश: बढ्दै गएको पाइन्छ। यसरी बसाई सराई गर्नुका विभिन्न कारणहरू छन्। तीमध्ये पाँच मुख्य कारण आर्थिक वृद्धि, द्वन्द्व, सामाजिक कारण, व्यापार र रोजगार हुन्।

त्यस्तै प्रवासी नेपालीहरूको लगानीको प्रमुख र आकर्षक क्षेत्रमा जग्गा जमिन खरिद गरी स्थायी रुपमा गाउँपालिकामै बसोबास गर्न थालेको पाइन्छ। बेरोजगारीको समस्या दिनदिनै वृद्धि हुँदै गइरहेको परिप्रेक्ष्यमा काम गर्ने उमेरका युवाहरू विदेसिने क्रम बढ्न थालेको देखिन्छ।

## ३.१९ व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण

नागरिकले आफ्नो व्यक्तिगत अधिकार उपयोग गर्न कानुनी मान्यताहरू पालना गर्नु पर्ने हुन्छ। नागरिकता, राहादानी, वा अन्य परिचयपत्र लिन, रोजगारी वा उद्यम गर्न, विदेश जान निश्चित कानुनी मान्यता पालना गर्नु पर्ने हुन्छ। यसका लागि सरकारले प्रमाणपत्र उपलब्ध गराउँछ। जन्म, मृत्यु, बसाई, सराई विवाह र सम्बन्ध विच्छेद जस्ता घटना दर्ता गर्नु पर्ने हुन्छ। संविधानले नागरिकलाई विभिन्न अधिकारको प्रत्याभूत गरेको छ। त्यसको प्रस्थान विन्दु भनेकै व्यक्तिगत घटना दर्ता हो। राष्ट्रिय तथ्याङ्क बनाउने यसको विश्वव्यापी मान्यता हो। कहाँ कति जन्मे, कतिको मृत्यु भयो कतिले बसाईसराई गरे, कतिको सम्बन्ध विच्छेद भयो भन्ने कुराको जानकारी राज्यले पाउनु पर्छ। यसको आधारमा सरकारले नीति बनाउने हुँदा जनचेतना अभिवृद्धि गर्नु पर्ने देखिन्छ।

तालिका नं. १८ : २०७३ सालको व्यक्तिगत घटना दर्ताको विवरण

| वडा नं. | साविकका गाविस | जन्म दर्ता | | | मृत्यु दर्ता | | | विवाह दर्ता संख्या | बसाई सराई | | | | | | | | | जम्मा दर्ता संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | म. | पु. | जम्मा | म. | पु. | जम्मा | | दर्ता संख्या | आएको दर्ता | गएको दर्ता | आएको सदस्य संख्या | | | गएको सदस्य संख्या | | | |
| | | | | | | | | | | | | म. | पु. | जम्मा | म. | पु. | जम्मा | |
| १ | चौघरे | ७४ | ४४ | ११८ | १५ | ३२ | ४७ | २६ | ३ | १ | २ | १ | १ | २ | ४ | ५ | ९ | १९४ |
| २ | शंखु | १८ | २९ | ४७ | ३ | १ | ४ | ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ५५ |
| ३ | दलचोकी | १४ | १५ | २९ | ० | २ | २ | १८ | ६ | ० | ६ | ० | ० | ० | ४ | ९ | १३ | ५५ |
| ४ | नल्लु | ७६ | ६१ | १३७ | १५ | २२ | ३७ | ४५ | ३ | ३ | ० | ५ | ६ | ११ | ० | ० | ० | २२२ |
| ५ | भारदेउ | ३६ | ३३ | ६९ | ६ | १८ | २४ | १६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १०९ |
| | जम्मा | २१८ | १८२ | ४०० | ३९ | ७५ | ११४ | १०९ | १२ | ४ | ८ | ६ | ७ | १३ | ८ | १४ | २२ | ६३५ |

स्रोत: सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, २०७३

माथिको तालिकामा कोन्ज्योसोम गाउँपालिकाको व्यक्तिगत घटना दर्ताको अवस्थालाई देखाइएको छ। विवाह दर्ताको स्थिति हेर्दा गाउँपालिकामा १०९ जोडीको २०७३ वैशाखदेखि चैतसम्ममा विवाह दर्ता भएको देखिन्छ। सो अवधिमा गाउँपालिकामा कुनै पनि सम्बन्ध विच्छेदको घटना दर्ता भएको देखिदैंन भने आएको ४ र गएको ८ गरी जम्मा १२ बसाई सराई दर्ता भएको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।


# खण्ड ४ : भू-उपयोग

## ४.१ गाउँपालिकाको भू–उपयोगको अवस्थाको विवरण


तालिका नं. १९ : भूआवरणको बितरण

| क्र.सं. | भूआवरणको वितरण | ओगटेको क्षेत्रफल (वर्ग कि.मी.) | प्रतिशत |
|---|---|---|---|
| १ | झाँडी | ४.०१ | ९.०८ |
| २ | खेतीयोग्य जमिन | १३.७१ | ३१.०५ |
| ३ | वनजंगल | २४.६४ | ५५.८ |
| ४ | घाँसे मैदान | ०.२९ | ०.६६ |
| ५ | बालुवा | ०.६ | १.३६ |
| ६ | नदीनाला तथा खोला | ०.०८ | ०.१८ |
| ७ | वस्ती | ०.८३ | १.८८ |
| | जम्मा | ४४.१६ | १००.०० |


स्रोतः नापी बिभागले तयार गरेको भूआवरण नक्सामा आधारित भौगोलिक सूचना प्रणालीका सहायता बाट निकालिएको




ललितपुर जिल्लामा अवस्थित यस कोन्ज्योसोम गाउँपालिकाको विद्यमान भू-उपयोग हेर्दा झण्डै ५५.८ प्रतिशत (२४.६४ वर्ग कि.मी.) भूभाग वनजंगलले ढाकिएको छ भने ३१.०५ प्रतिशत (१३.७१ वर्ग कि.मी.) भूभाग हाल खन-जोत हुने उपयुक्त जमिनको रुपमा रहेको छ । त्यस्तै झाँडी तथा बुट्यान क्षेत्रले करिव ९.०८ प्रतिशत (४.०१ वर्ग कि.मी.) जग्गा ओगटेको पाइन्छ । बालुवा तथा चट्टान १.३६ प्रतिशत (०.६ वर्ग कि.मी.), घाँसे मैदान ०.६६ प्रतिशत (०.२९ वर्ग कि.मी.) र नदीनाला तथा खोलाहरू ०.१८ प्रतिशत (०.०८ वर्ग कि.मी) भूभागमा रहेको पाइन्छ। गाउँपालिकामा १.८८ प्रतिशत (०.८३ वर्ग कि.मी.) भूभागमा गाउँबासीहरूले आफ्नो वस्ती बनाई बसोबास गरेको देखिन्छ। माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, वस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययनको आधारमा गाउँबासीहरूको आर्थिक हैसीयत वृद्धि गर्न र वातावरणमा प्रतिकुल असर पर्न नदिन के-कस्ता उत्पादन प्रणाली तथा नीतिहरू अवलम्बन गर्न सकिन्छ। यस विषयमा विस्तृत अध्ययन गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ। भू-उपयोगको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ।




नक्सा नं. १०: **कोन्ज्योसोम गाउँपालिकाको भू-आवरण**




नक्सा नं. ११: **कोन्ज्योसोम गाउँपालिकाको बसोबास क्षेत्र**

## ४.२ शहरोन्मुख वस्तीहरूको वर्तमान स्वरुप

कोन्ज्योसोम गाउँपालिकाको जलवायुको आधारमा बसोबासको लागि पहाडका अन्य गाउँहरूमध्ये उपयुक्त मानिएको छ । ग्रामीण क्षेत्रको सडकहरूको सञ्जाल विस्तारै विकास भैरहेको र शिक्षा, स्वास्थ्य जस्ता सुविधाहरू समेत अन्य गाउँहरूको दाँजोमा सुलभ रहेको सन्दर्भमा गाउँपालिका क्षेत्रमा समेत वस्ती एवं वस्ती श्रृंखलाहरूको विकास भइरहेको छ । हुलाक, टेलिफोन, स्वास्थ्य चौकी र विद्यालयको पहुँचका साथसाथै आन्तरिक बस सेवाको सुगम यातायात सुविधा हुनाले पनि ग्रामीण वस्ती विकासका लागि योगदान पुऱ्याइरहेको पाइन्छ । यसका साथै विभिन्न गाउँपालिकाहरूले आफ्ना आन्तरिक यातायात मार्गहरू बनाई सार्वजनिक क्षेत्रहरूमा हाट बजारको व्यवस्थापन गर्ने काम भएता पनि स-साना व्यापारिक केन्द्रका रुपमा वस्तीहरूको विकास भइरहेको छ ।

गाउँपालिका क्षेत्रहरूको व्यवस्थित तवरले विकास गर्न प्रत्येक क्षेत्रमा आवत जावत गर्न मोटर वाटो, खुल्ला क्षेत्रका प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरू लगायत भौतिक तथा पूर्वाधारको निर्माण सहितको व्यवस्थित वस्तीको विकास गर्न जग्गा एकीकरण वा सेवा सुविधा जस्ता कार्यक्रमहरू संचालन गर्नु पर्दछ ।

गाउँपालिकाको कुल २,००१ परिवारहरू मध्ये घरको जग सिमेन्टको जोडाइ भएको इट्टा, ढुङ्गा र पक्की पिलर भएका घरधुरी ०.७५ प्रतिशत मात्र रहेको छ भने बाहिरी गाह्रो सिमेन्टको जोडाइ भएका घरधुरी १.४० प्रतिशत र सिमेन्ट ढलान छाना भएका घरधुरी ०.५० प्रतिशत छन् । गाउँपालिकामा ४४ (२.२० प्रतिशत) परिवारहरू मात्र घर भाडा लिई बसेका छन् भने १,९४५ (९७.२० प्रतिशत) परिवारको आफ्नै घर रहेको छ ।

## ४.३ वस्ती विकासमा देखिएका समस्या तथा चुनौतीहरू

बढ्दो जनसंख्या सँगै तीव्र गतिमा विकास भैरहेको शहरोन्मुख ग्रामिण वस्तीहरूको योजनाबद्ध विकासमा देखिएका चुनौतीहरू निम्नानुसार छन् :

- वस्तीहरूको विकासका लागि योजनाबद्ध प्रयास हुन सकेका छैनन् । वस्तीहरूमा सुविधा वर्गीकरण (Zoning) को आधारबाट आवास क्षेत्र, सार्वजनिक खुला क्षेत्र, हरित क्षेत्र, अस्पताल विद्यालय तथा कार्यलय क्षेत्र आदि गरी शहरी क्षेत्र लगायत शहरोन्मुख एवं ग्रामीण क्षेत्रहरूको किटान गर्न सकिएको छैन । यस सम्बन्धमा वस्तीहरूको गुरुयोजना पहिले नै बनाई आवासिय क्षेत्र व्यावसायिक क्षेत्र, औद्योगिक क्षेत्र, पार्क, उद्यान र खेल मैदान जस्ता सार्वजनिक क्षेत्र तथा कार्यालय एवं संघसंस्थाहरूको लागि क्षेत्र पहिले नै निर्धारण गर्नु जरुरी देखिएको छ ।
- वस्तीहरूको प्राकृतिक वातावरणमा सुधारका लागि सार्वजनिक एवं निजी रुपमा बृक्षारोपण गर्न योजनाबद्ध प्रयास हुन सकेको छैन । वस्तीहरूमा छाडा पशुहरूको व्यवस्थापन तथा पशु हाट बराजको समेत व्यवस्था गर्नुपर्ने देखिन्छ ।
- सार्वजनिक निर्माण कार्यहरूमा सम्बन्धित निकाय एवं कार्यालयहरू बिच समन्वय हुन नसकि पुर्वाधार हरूको दीगो निर्माण हुन सकेको छैन । यस सम्बन्धमा स्थानीय निकाय तथा नागरिक समाजसँग समन्वय हुन सकेको छैन ।

## ४.४ भू–क्षय सम्भावित क्षेत्र



कोन्ज्योसोम गाउँपालिकाको माथिल्लो भागको कमजोर भूधरातलबाट बगेका खोलाहरूमा वस्तीको सीमान्तक्षेत्र तर्फको बिस्तारका कारण भूक्षय अत्यधिक हुनगई नदीको बहावमा प्रतिकुल प्रभाव देखिएको छ, जस्काकारण बर्षातका समयमा खोलाहरूमा अनियन्त्रित बाढी आउने गरेको छ। यो क्रम प्राय सबै खोला तथा खोल्सामा नियमित देखिन्छ। यसका अतिरिक्त खोला तथा खोल्साको प्राकृतिक बहावक्षेत्र मानव वस्तीको अतिक्रमणमा परेका छन्। ती खोला तथा खोल्साका प्राकृतिक बहाव क्षेत्रमा सडक बनाउने क्रममा अतिक्रमण गर्ने, घर जग्गा, पर्खाल र ढलका नाली तथा पाईप र अबैज्ञानिक पुल, पुलेसा, कलभर्ट र कजवे निर्माण गर्दा पानीको बहाव थुनिने, छेकिने कारण बर्षातमा अत्यन्त जोखिम भोग्नुपरेको यथार्थ खासगरी गाउँपालिकाका तल्लो भागमा रहेका वस्तीहरूमा छ।

यसका अतिरिक्त खोला छेउ तथा पाखाबाट बालुवा निकाल्ने कार्य पनि यहाँ देखिन्छ जस्काकारण धरातल रुखबिरुवा बिहिन भै सेतो तथा फुस्रो जमीनको भाग प्रस्टै देख्न सकिन्छ।

## ४.५ गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

तालिका नं. २० : गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

| क्र स | संभावित प्रकोप | विधमान अवस्था | समय |
|---|---|---|---|
| १ | भुकम्प | भूकम्पिय जोखिमका दृष्टिले नेपाल विश्वको ११ औं स्थानमा रहेको र गाउँपालिकामा भुकम्प प्रतिरोधात्मक भवन कमै मात्रामा भएको, भवन आचार संहिता पूर्ण रुपमा लागु नभएको | जुनसुकै समयमा |
| २ | बाढी | गाउँपालिकामा विशेषत: साना ठुला नदि/खोलाहरू बग्ने गरेको र वर्षायाममा नदी तथा खोलाहरूले आसपासका भुभागहरू बर्षेनी कटान गरि क्षति पुर्‍याईरहेको छ। बर्षेनी धेरै संख्यामा परिवारहरू प्रभावित भैरहेका छन् । | जेष्ठ–असोज |
| ३ | आगलागी | गाउँपालिकाको धेरै जसो भु–भागमा घनावस्ती रहेका (सुकुम्वासी, बाढी विस्थापित) लगाएतका अति विपन्न समुदायका घरहरू सचेतना अभाव, अग्नी नियन्त्रण यन्त्रको अभाव, खाना पकाउने कोठाका भित्ताहरू माटोले नपोत्नु, हावाहुरी चलेको बेला खाना पकाउनु र चुल्होमा आगो राख्ने चलन रहनु, चुल्होमा आगो सल्काउँदा मट्टीतेलको प्रयोग गर्नु र सलाई लाईटर जस्ता आगो बाल्ने वस्तुहरू बच्चाले खेलाउँदा आगलागीका घटना बढी हुने गरेको। | चैत्र–जेष्ठ |
| ४ | चट्याङ, असिना | बढी जसो बर्षायाम र पानी परेको समयमा | जुनसुकै समयमा |
| ५ | किट आतंक | जलवायु परिवर्तन, बढी विषादि प्रयोगका कारण लाभकारी चरा, किरा लोप | खेती मौसम |
| ६ | मौसमी सुख्खा | पानी नपरेमा नहरको सिचाईं नपुगेका भागहरू | असार –भदौ |
| ७ | वर्डफ्लु, अन्य फ्लु | अव्यवस्थित कुखुरा पालन, स्वाइन फ्लु, आदि | जुनसुकै समयामा |
| ८ | महामारी | बाढी पश्चात पूर्ण प्रकोपका रुपमा झाडापखाला लगायतका पानी जन्य रोग बढ्ने गरेको, स्रोत साधन अभाव र जनचेतना कमी, अनुकूल क्षमताको अभाव। | विपद् पछि, अन्य समयमा |
| ९ | जंगली जनावर आतंक | गाउँपालिकाको वनजंगल वरिपरि बसोबास भएको क्षेत्रहरू | जुनसुकै समयमा |
| १० | शितलहर | चिसोको मात्रा बढ्दै गएको समयमा विपन्न वस्ती बढी प्रभावित | पुस –माघ |

## ४.६ सार्वजानिक जग्गाको विवरण

मालपोत ऐन, २०३४ ले सरकारी स्वामित्वमा रहेको जग्गालाई सरकारी र सार्वजानिक प्रयोजनमा रहेको जग्गालाई सार्वजानिक जग्गा भनी परिभाषित गरेको छ ।

राज्यको स्वामित्वमा रहेको जग्गाको संरक्षण गर्ने दायित्व राज्यले तत्सम्बन्धी जिम्मेवारी दिइएका निकायहरू जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय तथा स्थानीय निकाय (नगरपालिका तथा गाउँपालिका) को क्षेत्राधिकार तोकेको पाइन्छ । जिल्लाको सम्पूर्ण सरकारी तथा सार्वजानिक जग्गाको संरक्षण यी उल्लेखित संस्था तथा निकायहरूबाट मात्र सम्भव नभई त्यस क्षेत्रका सचेत नागरिक, उपभोक्ता, नागरिक समाजका प्रतिनिधिहरू, गैरसरकारी संस्था एवम् निजी क्षेत्रका प्रतिनिधि समेतको सक्रिय सहयोग भएमा मात्र भएमा मात्र यस्ता सरकारी, सार्वजानिक जग्गाको संरक्षण तथा सवर्द्धनमा सहयोग पुग्न जान्छ । कोन्ज्योसोम गाउँपालिकामा रहेका खोला, जंगल, खोल्साखोल्सी, बुट्यान, गौचर, बाटो, भिरपाखा, चौर कुलो आदि सरकारी तथा सार्वजानिक प्रयोजनमा रहेका जग्गाको विवरण साविकका गाविस अनुसार दिइएको छ । जसको विस्तृत विवरण तलको तालिकामा दिईएको छ ।

तालिका नं. २१ : कोन्ज्योसोम गाउँपलिकामा रहेका सार्वजनिक जग्गाको विवरण

| क.सं. | साविकका गाविस | कित्ता संख | जम्मा क्षेत्रफल |
|---|---|---|---|
| १ | शंखु | ८०४ | १९२०२-३-०-० |
| २ | चौघरे | ३९७ | १०८७३-१०-३ |
| ३ | नल्लु | ३४३ | ४१७६-८-३ |
| ४ | भारदेउ | १४५ | २२१०-३-३ |
| | जम्मा | | ३६४६२-१०-१-० |

स्रोतः मालपोत कार्यालय, ललितपुर, २०६४

# खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति

## ५.१ गाउँपालिका अर्थतन्त्रको संरचनात्मक स्वरुप

गाउँपालिकाको अर्थतन्त्र मुख्यतया: कृषि, वन, उद्योग, ग्याँस, पानी, निर्माण, थोक, खुद्रा बजार, होटल, रेस्टुरेन्ट, पर्यटन तथा सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ। उपयुक्त हावापानी, माटोको बनोट र केही समतल तथा पहाडी भूभाग भएको यस गाउँपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको पहाडी क्षेत्र हो । गाउँपालिकाका सबै वडाहरूमा बाह्रै महिना मजबुत नभएको सडक सञ्जालको पहुँचको असहजीकरणको कारण कृषि एवम् वनजन्य औद्योगिक कच्चा पदार्थको उपलब्धता भएतापनि गाउँपालिकामा अन्य उद्योगधन्दाको साथै सूचना प्रविधिमा आधारित उद्योगको समेत विकास हुन सकेको छैन । मील, फर्निचर उद्योग, कुखुरा पालन, पशुपालन आदि यस गाउँपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरू हुन्। यस गाउँपालिकाको अर्को मुख्य आर्थिक आधार वैदेशिक रोजगार रहेको देखिन्छ। यद्यपि यो त्यति सकारात्मक भने होइन।

प्राकृतिक सौन्दर्यको धनी, जैविक विविधता एवं साँस्कृतिक विविधताले भरीपूर्ण रहेका कारण नेपालको आकर्षण गन्तव्यहरू मध्ये ललितपुर जिल्ला र यस जिल्लाको कोन्ज्योसोम गाउँपालिका पनि एक महत्त्वपूर्ण स्थान रहेको छ । कोन्ज्योसोम गाउँपालिकामा विभिन्न किसिमका जातजातिका विभिन्न किसिमका संस्कृति, रहनसहन तथा चाडपर्वलगायत उल्लेख्य संख्यामा रहेका धार्मिक, पौराणिक महत्त्वका स्थलहरू जस्तै गुप्तेश्वर गुफा, कुन्यकाली मन्दिर, बालेश्वरी मन्दिर, बालकुमारी मन्दिर आदि गाउँपालिकाका प्रमुख पर्यटकीय आकर्षणको रुपमा रहेका छन् । यसैकारण यो गाउँपालिका पर्यटकीय तथा व्यापारिक दृष्टिकोणबाट विशेष महत्त्वपूर्ण मानिन्छ। पर्यटन व्यवसाय, होटेलहरू, होमस्टे, मील, फर्निचर उद्योग, पशुपालन आदि यस गाउँपालिकामा रहेका मुख्य व्यवसायहरू हुन्। कोन्ज्योसोम गाउँपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको पहाडी क्षेत्र भएको हुँदा गाउँपालिकाका अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन्।

## ५.२ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

तालिका नं. २२ : आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

| कुल जनसंख्या | आर्थिकरुपले सक्रिय जम्मा जनसंख्या | | |
|---|---|---|---|
| | पूरुष | महिला | जम्मा जनसंख्या |
| ९,७०९ | ३,२७५ (४६.६१%) | ३,७५२ (५३.३९%) | ७,०२७ (७२.३८%) |

श्रोत: राष्ट्रिय जनगणना, २०६८

गाउँपालिकामा १० वर्ष देखि ५९ वर्षसम्मका आर्थिकरुपले सक्रिय जनसंख्याको विवरण देखाइएको छ। जसमा पुरुषको संख्या ३,२७५ (४६.६१ प्रतिशत), महिलाको संख्या ३,७५२ (५३.३९ प्रतिशत) देखिन्छ। आर्थिक रुपले सक्रिय जनसंख्यामा लैगिंक भिन्नता ६.७९ प्रतिशत रहेको छ भने गाउँपालिकाको कुल जनसंख्याको ७,०२७ अर्थात् ७२.३८ प्रतिशत जनसंख्या आर्थिकरुपले सक्रिय छन्। आर्थिक रुपमा निस्कृय जनसंख्या २७.६२ प्रतिशत छन्। जसको विस्तृत विवरण तालिकामा देखाइएको छ।

## ५.३ आश्रित जनसंख्याको विवरण

तालिका नं. २३ : आश्रित जनसंख्याको विवरण

| जनगणना वर्ष | आश्रित बालबाबिालका (०-१४) | | आश्रित जेष्ठ नागरिक (६० वा सोभन्दा माथि) | | जम्मा आश्रित | |
|---|---|---|---|---|---|---|
| | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत |
| २०६८ | ३,२६९ | ८०.४८ | ७९३ | १९.५२ | ४,०६२ | ४१.८४ |

श्रोतः राष्ट्रिय जनगणना, २०६८

गाउँपालिकामा आश्रित जनसंख्या ०-१४ वर्ष उमेर समूहका आश्रित बालबालिका र ६० वर्ष वा सोभन्दा माथिका आश्रित बृद्धबृद्धाहरूको संख्या र प्रतिशतलाई देखाइएको छ। जसमध्ये आश्रित बालबालिकाको संख्या ३,२६९ (८०.४८ प्रतिशत), आश्रित बृद्धबृद्धाहरूको संख्या ७९३ (१९.५२ प्रतिशत) देखिन्छ। कुल जनसंख्यामध्ये जम्मा आश्रित जनसंख्या ४,०६२ (४१.८४ प्रतिशत) देखिन्छ। जसको विस्तृत विवरण तालिका उल्लेख गरिएको छ।

## ५.४ कृषि



नेपालमा कृषि क्षेत्र देशको प्रमुख रोजगार प्रदायक तथा कूल ग्राहस्थ उत्पादनमा प्रमुख हिस्सेदार भै देशको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको छ। ग्रामीण जनताहरूको जीवनस्तरमा प्रत्यक्ष सरोकार राख्ने कृषि क्षेत्रको आधारभूत कृषि तथ्याङ्कलाई ग्रामीण विकासको सूचकको रुपमा लिन सकिन्छ। खाद्यान्न तथा नगदे बालीहरू फलफूल, पशुपंक्षी, मत्स्य सिंचाई साथै कृषि उत्पादन र क्षेत्रफल सम्बन्धी विविध सूचनाहरू कृषि तथ्याङ्कको क्षेत्रभित्र पर्ने भएतापनि नेपालमा सरकारी स्तरबाट राष्ट्रिय तथा स्थानीयस्थरमा कृषि सम्बन्धी सूचना तथा तथ्याङ्कको प्रमुख स्रोतको रुपमा कृषि मन्त्रालय र केन्द्रीय तथ्याङ्क विभाग रहेका छन्। स्थानीय उत्पादनको वृद्धि र विकास गर्न बजारीकरणतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ।

तुलनात्मक रुपमा हेर्दा पुरुषहरू यस पेशाबाट विमुख हुँदै अन्य पेशातर्फ आकर्षित भएको देखिन्छ । यसो हुनुमा अन्य पेशाबाट आम्दानीमा वृद्धि हुनु र खेती योग्य जमिनको अभाव विस्तारै सिर्जना हुनु पनि हो । कृषि क्षेत्रमा आधुनिकीकरण नहुनु, बजार व्यवस्थाको अभाव, सबै ठाउँमा सिंचाईको व्यवस्था नहुनु तथा अन्य जीवनशैली जटिल बन्दै जानु यस क्षेत्रबाट विमुख हुनाको केही प्रमुख कारण हुन् ।

गाउँपालिकाको केही क्षेत्रफल समथर त धेरै भूभाग पहाडले भरिएको हुँदा कृषिका लागि सीमित मात्रामा उपयोगी क्षेत्र रहेको छ । सामान्यत: कृषि प्रणालीमा मुख्य अन्न बालीहरू धान, मकै, गहुँ, कोदो, जौ, फापर आदि पाइन्छ भने फलफुलमा कागती, सुन्तला, आरु वखडा, नास्पाती, अम्बा, केरा आदि पाइन्छ । यस्तै दलहन बालीमा अडहर, मास, केराउ, चना उत्पादन हुने गर्दछ । तेलहन बालीमा तोरी, अर्सी, तिल उत्पादन गरिन्छ, नगदे बालीमा चिया, कफी आदी उत्पादन हुन्छ भने तरकारी खेती आलु, बन्दा, प्याज, काउली, भिन्डी, लसुन, टमाटर, गाँजर, फर्सी, काँक्रो लगायत प्रमुख खाद्य तथा नगदे बाली हुन् र यिनको उत्पादकत्व पनि बढी छ । गाउँपालिकामा सबैभन्दा धेरै क्षेत्रमा खाद्यान्न र फलफूल बाली लगाइने गरेको छ भने तुलनात्मक रुपले न्यून क्षेत्रमा दलहन र मसला बाली लगाइने गरेको छ । यस गाउँपालिकामा कृषि विविधता अन्तर्गत सिंचाई हुने क्षेत्रमा धान पछि मकै, धान पछि जौ, धान पछि तरकारी, धान त्यसपछि आलु, सिंचाई नहुने ठाउँमा मकै पछि कोदो, मकै पछि गहुँ, मकै पछि फापरको खेती गर्ने चलन रहेको छ । कोन्ज्योसोम गाउँपालिकाले कृषि क्षेत्रको तर्फबाट पनि आफ्नो आर्थिक वृद्धिदर कायम नै राखेको देखिन्छ ।

### (क) हिउँदे बाली

गाउँपालिकामा उत्पादन गरिने प्रमुख हिउँदे बालीहरूमा कोदो, फापर, जौ, उखु, चना, अरहर, मास, गहत, राजमा, भटमास, मुङ, तोरी, तिल, आलस, केरा, सुन्तला जात, आँप, अम्बा, लिची, कटहर, आरु, नास्पती, हिउँदे तरकारी, बसन्ते तरकारी, वर्षे तरकारी, आलु, मसला बाली रहेका छन् ।

### (ख) वर्षे बाली

गाउँपालिकाका प्रमुख वर्षे बालीहरूमा धान, मकै, कोदो, फापर, दलहन, भटमास, मास, मुग, गहत, अन्य तरकारी, वर्षे तरकारी, आलु, फलफूल, सुन्तला, कागती निबुवा, केरा, मसला बाली, अदुवा आदि रहेका छन् ।

## ५.४.१ कृषि बालीमा लाग्ने रोग

गाउँपालिकाको कृषि उत्पादनमा धान, गहुँ, मकै, दलहन, तेलहन, तरकारी, फलफूल आदि नै मुख्य रुपमा रहेको छ । सामान्यतया धानमा डढुवा, खैरो थोप्ले, सिथ ब्लाइट रोगहरू देखा परेको छ भने गहुँमा कालो पोके र सिन्दुरे जस्ता रोगहरू देखिन्छन् । यसैगरी मकैमा डाठ वा धोगा कुहिने र तरकारी आलु, सागपात आदिमा लेटव्लाइट, मोजाइक, ओइलाउने, खोस्टे, अल्टरनेरिया, कवरट, ड्याम्पिङ्ग अफ, जरा कुहिने जस्ता रोगहरू मुख्य रुपमा देखा पर्दछन् । फलफूलमा विशेषगरी कोत्रे, सेतो धुले रोग, भोजक पात गुजुमुज्ज हुने, क्याक रोग, जरा कुहिने, ओइलाउने आदि रोगहरूको प्रकोपबाट कृषकहरू समस्यामा परेका छन् । मुख्य बालीहरूमा लाग्ने शत्रु जीव र रोगहरूको विस्तृत विवरण तलको तालिकामा राखिएको छ ।

तालिका नं. २४ : विभिन्न बालीमा लाग्ने रोग विवरण

| क्र.सं. | बाली | प्रमुख शत्रु जीव | प्रमुख रोग |
|---|---|---|---|
| १ | धान | गवारो, पात बेरुवा, पात कटुवा, हरियो फडके, खैरो फड्के, स्किपर, पतेरो, मिलिवग, निमाटोड, ढुङ्गे, फट्याङ्ग्रा | मरुवा, डढुवा, खैरो, थोप्ले, सिथ व्लाइट, खैरे रोग |
| २ | गहुँ | कटवर्म, वायरवर्म, लाही | कालो पोके, सिन्दुरे, खैरा |
| ३ | मकै | खुम्रे, फेद वटुवा, गवारो, फट्याङ्ग्रा, लाही | डाठ कुहिने, घोगा कुहिने, कालोपोके |
| ४ | आलू | लाही, फेद कटुवा, खुम्रे, रातो कमिला, धमिरा, आलुको पुतली | लेटव्लाइट, मोजाइक, ओइलाउने रोग, खोस्टे रोग, डढुवा |
| ५ | तरकारी | भण्टाको गवारो, लाही, वन्दाको पुतली, टमाटरको फलको गवारो, फल कुहाउने औसा, सुलसुले, रातो खपटे, डल्ले खपटे, थ्रिप्स, खुम्रे | ओइलाउने रोग, अल्टरनोरिया, क्लवरट, ड्याम्पिङ्ग अफ, डाइ ब्याक, जरा कुहिने, पाउडरी मिल्ड्यू |
| ६ | फलफूल | आपको मधुवा, गवारो, फल कुहाउने औसा सुलसुले, अनारको पुतली, होपर | एनथ्राक्नोजा, ससेतो ढुसी, डाईव्याक, आँपको गुच्चा हुने, डाउनी मिल्ड्यू |
| ७ | केरा खेती | केराको स्किपर, थाम र गानोका गवारा तथा घुनहरू, खपटे | जरा कुहिने रोग, ओईलाउने रोग, गुवो कुहिने, डढुवा, बन्चिटप |

## ५.५ पशुपालन

कोन्ज्योसोम गाउँपालिकामा पशुपालन एक प्रमुख पेशाको रुपमा रही आएको भएतापनि पशु व्यवसायलाई उत्पादक र व्यवसायिक रुपमा विस्तार गर्न सकिएको छैन । विशेषगरी गाई, भैसी, बाखा, सुँगुर, बुंगुर, भेडा, खरायो, कुखुरा, परेवा र हाँस नै यहाँका मुख्य घरपालुवा जनावर हुन् । यहाँ डेरी उद्योग, व्यापारिक फार्म, गाई, भैसी फर्महरू रहेका छन् ।



### ५.५.१ पशु नश्ल

गाउँपालिकामा पालन गरिने मुख्य पशुपंक्षीहरूमा गाई, भैंसी, बाख्रा र बंगुर रहेका छन् । सामान्यतया व्यवसायिक पशुपालनको विकाससँगै वर्णशंकर तथा उन्नत जातका पशुहरूको हिस्सा कुल पशुको तुलनामा वृद्धि हुँदै गएको पाइन्छ । गाई भैंसीमा कृत्रिम गर्भाधान सेवा उपलब्ध हुनु तथा बाख्रा र बंगुरतर्फ उन्नत जातका भालेहरूसँग प्रजनन् गराउने परिपाटी बसेको हुँदा यी जातका जनावरहरूमा वर्णशंकरको संख्या बढ्दो छ । तथापि बँधुवा पशुपालन पद्धतिको कमी, कमजोर पशु स्वास्थ्य व्यवस्थापन, कुपोषण तथा पशुपालनसम्बन्धी प्राविधिक ज्ञान तथा चेतनाको अभावको कारण वर्ण शंकरबाट उत्पादनमा खासै उत्साह थपिएको अवस्था छैन । त्यसैगरी ठूलो संख्यामा रहेका कम उत्पादक जनावरहरूले अपेक्षाकृत बढी उत्पादक जनावरहरूको आहारा खाई दिनु तथा सबै न्यून उत्पादक जनावरहरूलाई हटाएर उन्नत जातको जनावर किनेर पाल्नु न त सम्भव छ, न व्यवहारिक हुन्छ । तसर्थ नश्ल सुधारमार्फत् नयाँ जन्मिएका जनावरका बच्चाहरूलाई भविष्यको राम्रो माउ हुने कुरा मध्यनजर गरी थप कार्यक्रमहरू संचालन गर्नु आवश्यक छ ।

सारांशमा, विगतका वर्षहरूमा गाउँपालिकाको पशुपालन क्षेत्रले राम्रो फड्को मारेको छ जसले गर्दा पशुपंक्षीजन्य उत्पादनमा परिमाणत्मक विकास सम्भव भएको छ । तर हालको परिमाणात्मक विकासको गति सुस्त छ ।पशु पालन क्षेत्रमा क्रमिक रुपमा व्यवसायिकता थपिएको छ तरपशुपंक्षीजन्य उत्पादन प्रशोधनका लागि उद्योग स्थापना खासै हुन सकेको पाईँदैन । त्यसैगरी पशुपालनतर्फ गुणात्मक विकासको पनि एकदम खाँचो सर्वत्र महसुस गरिएको छ । पशुपालनसँग आवद्ध श्रमिक तथा महिला वर्गहरूको उत्पादकत्व अति न्युन हुनु, युवा वर्गहरू विदेश पलायन हुनु र सो अनुरुप पशुपालनमा यान्त्रिकरण हुन नसक्नु, पशु पालन क्षेत्रमा पुँजी लगानीको आकार धेरै सानो हुनु तथा जनमानसमा पशुपालनको कृषि अर्थतन्त्रमा योगदानको बारेमा अज्ञानता आदि कारणले गर्दा पशुपालन क्षेत्रबाट आशातीत उपलब्धि हासिल हुन सकिरहेको छैन ।

### ५.५.२ पशुपंक्षीमा लाग्ने रोगहरू

कृषकहरूको मुख्य आम्दानीको स्रोतको रुपमा रहेको पशुपंक्षीहरूको पालन यस गाउँपालिकामा निकै बढी मात्रामा रहेको देखिन्छ । गाउँपालिकामा देखिने पशु रोगहरूमा रेविज, खोरेत, पिपिआर, स्वाइन फिवर, भ्यागुते, चरचरे, नाम्ले, माटे, थुनेलो, प्रजनन् सम्बन्धि र जुका पर्दछन् ।

जिवाणुबाट हुने रोगहरूमध्ये भ्यागुत्ते, चरचरे विरुद्ध यस गाउँपालिकाका किसानहरूले खोप लगाउने गरेको पाइन्छ । तापनि यी रोगहरू फाटफुट रुपमा देखिने गरेको छन । गाउँपालिकामा स्वाइन फिवर, खोरेत, रेविज विरुद्धको खोपकार्य समेत गाउँपालिकाका विभिन्न वडाहरूमा समेत संचालन गर्न सकेमा धेरै हदसम्म रोग नियन्त्रण कार्य सफल हुने देखिन्छ । सामान्यतया पशुपंक्षीमा ठूलो महामारी फैलिएको पाइँदैन । तथापी यहाँका पशुपंक्षीहरूमा खोरेत, भ्यागुते, चरचरे, नाम्लेजुका, रेवीज जस्ता रोगहरूको प्रकोप रहेको छ भने पंक्षीहरूमा मुलत रानीखेत, गम्बोरा, सिआरडी र बर्डफ्लू मुख्य रुपमा लाग्ने गरेको छ ।

## ५.६ व्यापारिक केन्द्रहरू

तालिका नं. २५ : व्यापारिक केन्द्रहरू

| क्र.सं. | व्यापारिक केन्द्रहरू | क्र.सं. | व्यापारिक केन्द्रहरू |
|---|---|---|---|
| १ | भारदेउ-५ | ९ | लाकुरी भन्ज्याङ्-२ |
| २ | पौवाचौर-५ | १० | मगरगाउँ माविछेउ-२ |
| ३ | सुइरे-५ | ११ | गोठभन्ज्याङ-३ |
| ४ | भालुखोला-५ | १२ | सिलोङ्गे बेसी-३ |
| ५ | चौघरे-१ | १३ | देवीथान-४ |
| ६ | सिमभङ्ज्याङ्-१ | १४ | वतीस्योङ-४ |
| ७ | चौतारा-१ | १५ | मङसम-४ |
| ८ | ज्ञानोदय स्कुल छेउ-१ | | |

## ५.७ उद्योगको विवरण

### ५.७.१ थोक तथा खुद्रा व्यापार

गाउँपालिकाको व्यापारिक केन्द्रहरू भारदेउ-५, पौवाचौर-५, सुइरे-५, भालुखोला-५, चौघरे-१, सिमभङ्ज्याङ्-१, चौतारा-१, ज्ञानोदय स्कुल छेउ-१, लाकुरी भन्ज्याङ्-२, मगरगाउँ माविछेउ-२, गोठभन्ज्याङ-३, सिलोङ्गे बेसी-३, देवीथान-४, वतीस्योङ-४ र मङसम-४ हुन्। यी बजारहरूबाट विशेषगरी खुद्रा व्यापार हुने गरेको छ।

थोक व्यापार अन्तर्गत खाद्य मिलबाट उत्पादित चामल, पिठो, तेल, तरकारी, फलफुल, गेडागुडी तथा मसला अन्य गाउँ तथा जिल्लासँग हुने गरेको छ भने अन्य थोक व्यापारमा विस्कुट, साबुन, चाउचाउ, चिया, चिनी आदिको हुने गरको छ। यसका अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरूका साथै फरेन गुड्सको नाममा विभिन्न तेस्रो मुलुकहरूबाट उत्पादन भई पैठारी गरिएका घरेलु उपयोगका सामानहरूको समेत उल्लेख्य मात्रामा थोक र खुद्राबिक्री हुने गरेको पाइन्छ।

### ५.७.२ निकासी पैठारी स्थिति

गाउँपालिकाबाट बाहिर निकासी हुने बस्तुभाउहरूमा तयारी खाद्यान्न, तरकारीहरू हुन् भने आयात गरिने बस्तुहरूमा घरायसी सामानहरू, चिनी, साबुन, इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरू, मोटर पार्टस, कपडा, मसलाहरू, मैदा, मिश्री, तरकारी रहेका छन्।

### ५.७.३ ढुवानी तथा भण्डार व्यवस्था

गाउँपालिकाभित्र उत्पादित मालसामानहरू गाउँपालिकाको एक ठाँउबाट अर्को ठाउँमा पुऱ्याउन ढुवानी साधानको रुपमा, ट्रक, ट्याक्टर, बस, जिप आदि रहेका छन्। गाउँपालिकाका अधिकांश क्षेत्रहरूमा पक्की सडक नभएको कारण ढुवानी गर्न समस्या भएको पाइन्छ। कतिपय ठाउँहरूमा विभिन्न खोलाहरूमा पुल नभएका कारण आवागमनको समेत समस्या रहेको सन्दर्भमा मालसामान ढुवानी गर्ने समस्या झन टड्कारोरुपमा रहेको छ। गाउँपालिकाको आन्तिरिक ढुवानी प्रणालीलाई सुदृढ गर्न विभिन्न खोला तथा नदीहरूमा पुल निर्माण तथा कच्ची बाटोहरुको स्तर उन्नति गर्नुपर्ने देखिन्छ।

### ५.७.४ स्थानीय उत्पादनहरूले बाह्य उत्पादनसँग गर्नु परिरहेको प्रतिस्पर्धा

स्थानीय उद्योगहरू उत्पादित बस्तुहरू चामल, तोरी, पिठो, मैदा, पोल्ट्री प्रोडक्ट, फलफुल तथा तरकारीसम्बन्धी उद्योगहरूको अन्य जिल्ला तथा गाउँपालिका बजारको प्रतिस्पर्धा गर्नु परिरहेको छ ।

उद्यमशीलता, सिप विकास, बजारीकरण, सेवा कर्जा बजारको सूचनामा उद्यमीहरूको पहुँचको स्थिति, सिप विकास तालिम, उद्यमशिलता विकास तालिमका माध्यमबाट गाउँपालिकामा रोजगारी बढाउने, उद्योग व्यवसायमा बृद्धि गर्ने उद्देश्य पूर्ति गर्न कोन्ज्योसोम गाउँपालिका अग्रसर हुनुपर्ने देखिन्छ ।

### ५.७.५ स्थानीय कच्चा पदार्थको उपलब्धता र उपयोगको स्थिति

कोन्ज्योसोम गाउँपालिकामा कृषिजन्य कच्चा पदार्थहरूमा धान, गहुँ, मकै, कोदो, फापर, जौँ, काउली, बन्दाकोवी, केराउ, फलफुल आदि प्रमुख छन् । यी कच्चा पदार्थहरूमा आधारित खाद्य मिल उद्योगहरू स्थापना गर्न नसक्दा ती कच्चा पदार्थको उपयोग भएको पाइँदैन । व्यापारको प्रकृति अनुसार खाद्यान्न धान, गहुँ, तोरी व्यापारीहरूले अन्य जिल्लाबाट आयात तथा निर्यात गर्ने गरेको पाइन्छ ।

## ५.८ खानीको स्रोत र उपयोगको स्थिति



गाउँपालिकामा खानीसम्बन्धी सम्भाव्यता प्रशस्तमात्रामा रहेको देखिन्छ । गाउँपालिकाको रातो ककारो-५ मा चुनढुङ्गा खानी, भारदेव-५ मा फलामखानी, भारदेव-१, चौघरेमा तामाखानी र नल्लु-४ मा ढुङ्गा खानी रहेको छ । गाउँपालिकामा पर्याप्त मात्रामा खानीको स्रोत रहेको छ । केपी सिमेन्टले यहीको चुनढुङ्गा प्रयोग गरेर सिमेन्ट उत्पादन गरिरहेको छ । तर फलामखानी तथा तामाखानीको भने उत्खनन र उपयोग हुन सकेको छैन् । गाउँपालिकामा सडक सुविधाको पहुँचलाई व्यवस्थित गर्ने हो भने यी खानीहरू उत्खनन् गरी विभिन्न उद्योगहरू संचालन गरी गाउँपालिकामा रोजगारीको सिर्जना हुनुका साथै आर्थिक लाभ हुने प्रशस्त सम्भावना रहेको देखिन्छ ।

## ५.९ अन्य आर्थिक विकासका सम्भावनाहरू

गाउँपालिकामा आर्थिक विकास अन्तर्गत पर्यटन,कृषि उद्योग, साना तथा घरेलु उद्योग, यातायात सेवा, सूचना प्रविधि, 'शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा जस्ता थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू रहेका छन् ।

समग्रमा यस गाउँपालिकामा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ। गाउँपालिकामा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, तोरी, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सोको अधिकतम लागत मूल्यले गर्दा प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन । जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेका छन् ।

गाउँपालिकामा रहेको अत्यन्त उर्वर भूमिमा वस्ती विकास तथा अन्य निर्माणले गर्दा खेतीयोग्य भूमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ माटोको उर्वराशक्ती क्रमश: क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलो तथा नहरहरूको मर्मत सुधार गरी माटोको उर्वरा शक्ती बढाई वातावरणीय प्रदुषण कम गर्न सकेमा भावी पुस्ताको लागि एउटा वस्न लायक जिवन्त स्थानको जोहो गर्न सकिनेछ ।

गाउँपालिकामा दुग्ध उत्पादन तथा पशु पन्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई व्यापक रुपमा विस्तार गर्नाको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ । जसबाट रोजगार श्रृजना गरी  समग्र गाउँपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ ।

यस गाउँपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणीय मित्रवत प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ ।

गाउँपालिकाका सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटीको खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारमुखी गर्न सकेमा सोक्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ ।

गाउँपालिकामा रहेका मुख्य पर्यटकीय क्षेत्रहरू तथा धार्मिक, साँस्कृतिक महत्त्वका स्थलहरूको संरक्षण र सूचना संकलन गरी पर्यटकहरूलाई आकर्षित गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ ।

गाउँपालिकामा बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ । यस गाउँपालिकाका युवाहरूलाई सिपमुलक तालिम प्रदान गर्ने व्यवस्था भएमा गाउँपालिकाको आर्थिक विकासमा यस क्षेत्रले ठूलो योगदान पुर्‍याउने प्रशस्त सम्भावना देखिन्छ ।

## ५.१० सहकारी संस्थाको विवरण

तालिका नं. २६ : सहकारी संस्थाको विवरण


(रु. हजारमा)

| कार्य/प्रकृति | संस्था संख्या | सदस्य | | कर्मचारी संख्या | संचालक संख्या | शेयर पुँजी रु. | कोष र कम | निक्षेप (रु.) | लगानी रु. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | | | | | | |
| बचत तथा ऋण | १० | ६८० | ७५३ | ६ | ७० | ८१५७ | ५७७६ | १९७७६ | २९५८६ |
| कृषि | १२ | ४६९ | ४१० | ६ | ८८ | ३६०८ | २३० | ४७२० | ५३९८ |
| बहुउद्देश्यीय | ६ | ६६३ | २१६ | ८ | ३४ | ३५७२ | ३९५४ | १३९९७ | २०६८८ |
| चिया | २ | ४० | ६२ | | १४ | ५६० | १ | ८० | १९३ |
| उपभोक्ता | २ | १६३ | १२५ | ३ | १८ | २६० | ७ | २००२ | १६६५ |
| दूग्ध | १४ | ९३ | २४४ | १९ | ५० | १६५ | १०२२ | १९८ | ८०१० |
| तरकारी तथा फलफूल | ३ | ८ | १७ | | १४ | ७५ | ० | २० | ४५ |
| जडिबुटी | २ | | | | १४ | ५० | | | |
| संचार | १ | | | | ७ | | | | |
| मौरीपालन | २ | | | | १४ | ५० | | | |
| जम्मा | ५४ | २११६ | १८२७ | ४२ | ३२३ | १६४९७ | १०९९० | ४०७९३ | ६५५८५ |

स्रोत: ललितपुर जिल्लाको सहकारी सम्बन्धी गतिविधी, २०७३

कोन्ज्योसोम गाउँपालिकामा कृषि, उद्योग व्यापार क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ बचत तथा ऋण, कृषि, बहुद्देश्यीय, उपभोक्ता, चिया, दुग्ध, तरकारी तथा फलफूल, जडिबुटी, संचार आदि प्रकृतिका सहकारी संस्थाहरूबाट कर्जा लगानी हुने गरेको छ। साथै नियमित रुपमा सदस्यहरूबाट बचत सङ्कलन पनि गर्दै आएको देखिन्छ। जसमा बचत तथा ऋण सहकारीको संख्या १०, बहुउद्देश्यीय सहकारी ६, कृषि सहकारी १२, चिया सहकारी २, उपभोक्ता सहकारी २, दुग्ध सहकारी १४, तरकारी तथा फलफूल सहकारी ३, जडिबुटी २, मौरीपालन २ र संचार १ गरी जम्मा ५४ सहकारीहरू रहेका छन्। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

### सहकारी संस्थाको विवरण



## ५.१०.१ गाउँपालिकामा संचालित सहकारीहरूको नामावली

यस कोन्ज्योसोम गाउँपालिकामा संचालित विभिन्न प्रकृतिका सहकारीहरूको विवरण तल तालिकामा दिइएको छ।

तालिका नं. २७ : गाउँपालिकामा संचालित सहकारीहरूको नामावली

| क्र.सं. | संघ/संस्थाको विवरण | ठेगाना |
|---|---|---|
| १ | श्री ललित सन्देश सूचना तथा संचार स.सं.लि. | शंखु |
| २ | श्री मानव उत्थान बचत तथा ऋण स.सं.लि. | दलचोकी |
| ३ | श्री जनचेतना बचत तथा सेवा स.सं.लि. | दलचोकी |
| ४ | श्री लुपल्छी सेतीदेवी बचत तथा सहयोग स.सं.लि. | नल्लु |
| ५ | श्री जनमुखी बचत तथा ऋण स.सं.लि. | शंखु |
| ६ | श्री आफन्त बचत तथा ऋण स.सं.लि. | दलचोकी |
| ७ | श्री निश्शी बचत तथा ऋण स.सं.लि. | भारदेउ |
| ८ | श्री नोरतेन बचत तथा ऋण स.सं.लि. | चौघरे |
| ९ | श्री चिनारी ब. तथा ऋण स.सं.लि. | दलचोकी |
| १० | श्री थानापानी बचत तथा ऋण स.सं.लि. | नल्लु |
| ११ | श्री नविल बचत तथा ऋण स.सं.लि. | दलचोकी |
| १२ | श्री कालेश्वर बहुउद्देश्यीय दुग्ध स.सं.लि. | शंखु |
| १३ | श्री बाघभैरव बहुउद्देश्यीय स.सं.लि. | चौघरे |
| १४ | श्री लालीगुराँस महिला विकास बहुउद्देश्यीय स.सं.लि. | नल्लु |
| १५ | श्री गुप्तेश्वर महिला विकास बहुउद्देश्यीय स.सं.लि. | भारदेउ |
| १६ | श्री दलचोकी प्राङ्गारिक कृषि बहुउद्देश्यीय स.सं.लि. | दलचोकी |
| १७ | श्री अपेक्षा बहुउद्देश्यीय स.सं.लि. | दलचोकी |
| १८ | श्री मगरगाउँ कालीदेवी दुग्ध स.सं.लि. | शंखु |
| १९ | श्री कालीसेती देवी दुग्ध स.सं. लि. | चौघरे |
| २० | श्री सातकन्य दुग्ध स.सं.लि. | शंखु |
| २१ | श्री जनप्रिय दुग्ध स.सं.लि. | चौघरे |
| २२ | श्री सदाबहार दुग्ध स.सं.लि. | शंखु |
| २३ | श्री लाकुरी भन्ज्याङ दुग्ध स.सं.लि. | शंखु |
| २४ | श्री भुमेथुम्का दुग्ध स.सं.लि. | शंखु |
| २५ | श्री सिद्धदेवी दुग्ध स.सं.लि. | चौघरे |
| २६ | श्री भकारी डाडा दुग्ध स.सं.लि. | शंखु |
| २७ | श्री खरिडाडा दुग्ध स.सं.लि. | शंखु |
| २८ | श्री चौघरे दुग्ध स.सं.लि. | चौघरे |
| २९ | श्री सफल दुग्ध स.सं.लि. | शंखु |
| ३० | श्री नमूना गाउँ महिला दुग्ध उत्पादक स.सं.लि. | शंखु |

| क्र.सं. | संघ/संस्थाको विवरण | ठेगाना |
|---|---|---|
| ३१ | श्री कोसेली दुग्ध स.सं.लि. | चौघरे |
| ३२ | श्री महाविर मौरीपालन स.सं.लि. | दलचोकी |
| ३३ | श्री भुमे थुम्का मौरीपालन स.सं.लि. | शंखु |
| ३४ | श्री बालमिकी जडिबुटि स.सं.लि. | दलचोकी |
| ३५ | श्री पिपलबोट जडिबुटि स.सं.लि. | शंखु |
| ३६ | श्री ग्रीन गोल्ड अर्गानिक चिया उत्पादक स.सं.लि. | चौघरे |
| ३७ | श्री तिनपाते अर्गानिक चिया उत्पादक स.सं.लि. | शंखु |
| ३८ | श्री साधना उपभोक्ता स.सं.लि. | नल्लु |
| ३९ | श्री वप्तिस उपभोक्ता स.सं.लि. | चौघरे |
| ४० | श्री चौघरे प्राङ्गारिक कृषि स.सं.लि. | चौघरे |
| ४१ | श्री भरोसा कृषि स.सं.लि. | भारदेउ |
| ४२ | श्री नल्लु कृषि स.सं.लि. | नल्लु |
| ४३ | श्री याङला कृषि स.सं.लि. | दलचोकी |
| ४४ | श्री छारम्हेन्दो कृषि स.सं.लि. | नल्लु |
| ४५ | श्री मानेचौर कृषि स.सं.लि. | शंखु |
| ४६ | श्री परिकल्पना कृषि स.सं.लि. | शंखु |
| ४७ | श्री सयजित महिला कृषि स.सं.लि. | शंखु |
| ४८ | श्री नयाँपाईला कृषि स.सं.लि. | शंखु |
| ४९ | श्री मखमली महिला कृषि स.सं.लि. | दलचोकी |
| ५० | श्री आशिष कृषि स.सं.लि. | भारदेउ |
| ५१ | श्री उज्याला साना किसान कृषि स.सं.लि. | शंखु |
| ५२ | श्री मगर गाउँ तरकारी तथा फलफुल स.सं.लि. | शंखु |
| ५३ | श्री भट्टेडाँडा च्याउ उत्पादक स.सं.लि. | दलचोकी |
| ५४ | श्री मानेचौर च्याउ उत्पादक स.सं.लि. | शंखु |

स्रोतः ललितपुर जिल्लाको सहकारी सम्बन्धी गतिविधी, २०७३

## ५.१०.२ सुपथ मूल्य सहकारी संस्थाको विवरण

तालिका नं. २८ : सुपथ मूल्य सहकारी संस्थाको विवरण

| क्र.सं. | संस्था नाम | ठेगाना | क्र.सं. | संस्था नाम |
|---|---|---|---|---|
| १ | श्री साधना उपभोक्ता स.सं.लि. | नल्लु | ३ | श्री बाघ भैरब बहुउद्देश्यीय स.सं.लि. |
| २ | श्री बद्रीनाथ दुग्ध उत्पादक स.सं.लि. | दलचोकी | ४ | श्री सात कन्या दुग्ध उत्पादक स.सं.लि. |

स्रोतः ललितपुर जिल्लाको सहकारी सम्बन्धी गतिविधी, २०७३

# खण्ड ६ः भौतिक तथा सार्वजनिक पूर्वाधार

## ६.१ सडक सम्बन्धी विवरण

### ६.१.१ सडक सञ्जालको अवस्था


सडक सञ्जालका दृष्टिबाट गाउँपालिकामा सन्तोषजनक स्थिति देखिदैंन । नक्सामा उल्लेखित तथ्य अनुसार यहाँ जम्मा ६ किलोमीटर मात्र कालोपत्रे सडक देखिन्छ । बाँकी अन्य ग्राभेल ११ कि.मि. र कच्ची सडक तथा मौसमी सडक ४९ कि.मि. बाटो सहित यहाँ ६६ किलोमीटर सडक रहेको छ । गाउँमा मुलबाटो ६ कि.मि. र २० कि.मि. सिंढी तथा खुड्किला तथा भऱ्याङ रहेको पाइन्छ । यी सबै सडक तथा बाटाहरू गाउँका सबै वडाहरूमा सेवा पुगेतापनि यस गाउँपालिकामा सडकको बिस्तार सन्तोषजनक देखिदैंन । सडकको बिबरण तल तालिकामा दिईएको छ ।

तालिका नं. २९ : सडकको बिबरण

| वडा नं. | लम्बाई (कि.मि.) | | | | | |
|---|---|---|---|---|---|---|
| | पक्की तथा कालोपत्रे | ग्राभेल सडक | कच्ची सडक/मौसमी सडक | कुल सडक लम्बाई | मुलबाटो | सिंढी तथा खुड्किला/भऱ्याङ |
| १ | | | | ० | | |
| २ | | | ४१ | ४१ | | १५ |
| ३ | | | | ० | | |
| ४ | | ४ | ८ | १२ | | |
| ५ | ६ | ७ | | १३ | ६ | ५ |
| जम्मा | ६ | ११ | ४९ | ६६ | ६ | २० |
| प्रतिशत | ९.०९ | १६.६७ | ७४.२४ | १००.०० | | |

स्रोतः कोन्ज्योसोम गाउँपालिकाको कार्यालय, २०७४

यस कोन्ज्योसोम गाउँपालिकामा दैनिक ८ वटा भन्दा बढी सवारी साधनहरू सञ्चालन भैरहेको देखिन्छ । गाउँका साविकका वडा नं. १ सिँगानेबाट दैनिक ४ वटा, धोङवा टोलदेखि लगनखेलसम्म, शंजु गडीदेखि चापागाऊँसम्म दैनिक १ वटा र चौघरेबाट लगनखेलसम्म दैनिक ३ वटा सवारी साधनहरू सञ्चालन भएको पाइन्छ । गाउँमा उनिउँचौर, लाकुरी भन्ज्याङ्ग आदि विभिन्न स्थानहरू गरी २० वटा भन्दा बढी बस स्टप रहेको छ । सडक यातायातको लागि आवश्यक विभिन्न पूर्वाधारहरू जस्तै सवारी साधन, पार्किङ स्थल, बस स्टप, यात्रु प्रतिक्षालय, सडक बत्ती, पैदलयात्रीले सडक पार गर्ने जेब्रा क्रसिङ, सडक सङ्केत चिह्न, बसको अन्तिम बिसौनी सम्बन्धी सेवा सुविधाहरू व्यवस्थित रुपमा विकास गर्नु पर्ने देखिन्छ भने यस गाउँपालिका भएर जाने १५ कि.मी. को कच्ची सडक दलचोकी-शंखु-इकुडोल सडक निर्माण भएतापनि हिउँदमा मात्र सवारी साधन चल्नुका साथै वर्षायाममा बाढी पहिरोको कारण यातायतमा अवरोध उत्पन्न हुने गरेको देखिन्छ ।




नक्सा नं. १२: **कोन्ज्योसोम गाउँपालिकाको सडक सञ्जाल**

### ६.१.२ गाउँ क्षेत्रमा चल्ने सवारी साधनहरूको विवरण

तालिका नं. ३० : गाउँ क्षेत्रमा चल्ने सवारी साधनहरूको विवरण

| क्र.सं. | सवारी साधनको प्रकार | संख्या | अवस्था | |
|---|---|---|---|---|
| | | | १० वर्षसम्म पुरानो | १० वर्षभन्दा बढि पुरानो |
| १. | नीजि | २८ | २० | ८ |
| २. | सरकारी स्वामित्वका | १ | १ | |
| ३. | सार्वजनिक (भाडाका) | ३ | २ | १ |
| | जम्मा | ३२ | २३ | ९ |

स्रोतः कोन्ज्योसोम गाउँपालिकाको कार्यालय, २०७४

### ६.१.३ गाउँपालिकाका प्रत्येक वडाबाट गाउँपालिकाको केन्द्र पुग्न लाग्ने अनुमानित समय (घण्टा)

तालिका नं. ३१ : गाउँपालिकाका प्रत्येक वडाबाट गाउँपालिकाको केन्द्रसम्म पुग्न लाग्ने अनुमानित समय (घण्टा)

| वडा नं. | बाटो भएर गाउँपालिकाको केन्द्र पुग्न लाग्ने समय | सेवा प्राप्त गरी घर फर्किन लाग्ने समय |
|---|---|---|
| १ | ४५ मिनेट | ४५ मिनेट |
| २ | ३ घण्टा पैदल (सोचे बस्ती) | ३ घण्टा पैदल |
| ३ | १ घण्टा पैदल (दलचोकी) | १ घण्टा पैदल |
| ४ | २ घण्टा पैदल (नल्लु) | २ घण्टा पैदल |
| ५ | ४५ मिनेट पैदल | ४५ मिनेट पैदल |

स्रोतः कोन्ज्योसोम गाउँपालिकाको कार्यालय, २०७४

### ६.१.४ गाउँपालिका कार्यालयदेखि प्रत्येक वडाकेन्द्रसम्मको दूरी

| वडा नं. | गाउँकेन्द्र रहेका स्थान | केन्द्रसम्मको दूरी (किमी) |
|---|---|---|
| १ | कोन्ज्योसोम गाउँपालिका चौघरे, ललितपुर | चौघरे ० कि.मी. |
| २ | कोन्ज्योसोम गाउँपालिका चौघरे, ललितपुर | शंखु १० कि.मी. |
| ४ | कोन्ज्योसोम गाउँपालिका चौघरे, ललितपुर | नल्लु ८ कि.मी. |
| ५ | कोन्ज्योसोम गाउँपालिका चौघरे, ललितपुर | भारदेउ ६ कि.मी. |

स्रोतः कोन्ज्योसोम गाउँपालिकाको कार्यालय, २०७४

### ६.१.५ साविकका गाविसबाट सदरमुकाम लगनखेलसम्मको दूरी (कोश)

| क्र.सं. | साविकका गाविस | सदरमुकाम लगनखेलबाट दूरी (कोश) |
|---|---|---|
| १ | भारदेउ | ४.५ |
| २ | चौघरे | ५ |
| ३ | दलचोकी | ९ |

| क्र.सं. | साविकका गाविस | सदरमुकाम लगनखेलबाट दूरी (कोश) |
|---|---|---|
| ४ | नल्लु | ५ |
| ५ | शंखु | ९ |
| | | |

स्रोतः केन्द्रीय तथ्यांक विभाग, २०६८, जिल्ला समन्वय समिति ललितपुर, २०७०

## ६.२ संचार

सन् १९९० सालसम्म संचार माध्ययमहरू सिमित थिए। हाल पत्रपत्रिका, रेडियो र टि.भि.को प्रयोग अत्याधिकमात्रमा बढ्दै गएको छ। कोन्जयोसोम गाउँपालिकामा एफ.एम., रेडियो र टेलिभिजनहरू काठमाडौं उपत्यकाबाट नै सिधा प्रशारण हुन्छन्। गाउँपालिकामा नेपाल टेलिकम र एनसेल दुवैको मोबाइल नेटवर्क उपलब्ध छ।

कोन्ज्योसोम गाउँपालिकामा काठमाडौं उपत्यकाबाट प्रकाशित हुने सबैजसो दैनिक अखबारहरू, साप्ताहिकहरू र मासिक पत्रिकाहरू समेत गाउँका विभिन्न वडाहरूमा पाइन्छ।

### ६.२.१ टेलिफोन/मोबाइल

सञ्चार प्रणालीको विवेचना गर्दा यस गाउँका सबै वडाका मानिसहरूले मोबाइलको प्रयोग गर्ने गरेको देखिन्छ। जुन सेवा नेपाल टेलिकम, एनसेल जस्ता कम्पनीहरूले उपलब्ध गराएको देखिन्छ। ग्रामिण क्षेत्रहरूमा पातलो र छरिएको वस्ती भएकोले, केवल नेटवर्कबाट टेलिफोन सेवा पुऱ्याउन प्राविधिक कठिनाइको साथै, बढी खर्चिलो हुने देखिएकोले त्यस्ता स्थानहरूमा वायरलेस प्रणालीबाट सेवा पुऱ्याउनु पर्ने देखिन्छ।

### ६.२.२ हुलाक सेवा

यस कोन्ज्योसोम गाउँपालिकामा जिल्ला हुलाक, इलाका हुलाक र अतिरिक्त हुलाक कार्यालयहरूबाट गाउँभित्र र गाउँ बाहिर एवम् विदेशमा समेत हुलाक सेवा प्रदान गरिरहेको छ। हुलाक सेवा अन्तर्गत साधारण चिठीपत्रहरू, रजिष्ट्री पत्रहरू, बिमा पुलिन्दा, धनादेश सेवा र बचत सेवाहरू सञ्चालित छन्।

## ६.३ विद्युत तथा बैकल्पिक उर्जा

### ६.३.१ दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण


गाउँपालिकाका सबै वडाहरूमा विद्युत मर्मत संभार, महसूल असुली तथा विद्युतीकरण योजनाको कार्यान्वयन नेपाल विद्युत प्राधिकरणले गर्दै आएको छ। राष्ट्रिय जनगणना २०६८ (सन् २०११) को नजिताअनुसार दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनमा विद्युत प्रमुख स्रोतको रुपमा रहेको देखिन्छ। गाउँपालिकामा बत्ती बाल्न विद्युत प्रयोग गर्नेको घरधुरी संख्या १,६९२ (८४.५६ प्रतिशत) रहेको छ। त्यस्तै गाउँपालिकामा बसोबास गर्ने कुल घरधुरीको २७५ (१३.७४ प्रतिशत) घरधुरीले मट्टितेल, ६ (०.३ प्रतिशत) घरधुरीले सोलार र ३ (०.१५ प्रतिशत) घरधुरीले गोबरग्याँस प्रयोग गर्ने गरेको देखियो भने अन्य इन्धनको श्रोत प्रयोग गर्ने घरधुरीमा १२ (०.६ प्रतिशत) र इन्धनको श्रोत नखुलेको १३ (०.६५ प्रतिशत) रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा देखाइएको छ।

तालिका नं. ३२ : वडागत दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण

| वडा नं. | १ | २ | ३ | ४ | ५ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| बिजुली | ३११ | ४२६ | २१९ | ३७२ | ३६४ | १६९२ | ८४.५६ |
| मटीतेल | ५६ | ३२ | ४८ | ७८ | ६१ | २७५ | १३.७४ |
| गोबरग्याँस | ० | १ | १ | १ | ० | ३ | ०.१५ |
| सोलार | ० | ० | ० | ४ | २ | ६ | ०.३ |
| अन्य | ११ | ० | ० | १ | ० | १२ | ०.६ |
| उल्लेख नगरिएको | २ | ३ | १ | ४ | ३ | १३ | ०.६५ |
| | ३८० | ४६२ | २६९ | ४६० | ४३० | २००१ | १००.०० |

श्रोत: राष्ट्रिय जनगणना, २०६८

दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण




## ६.३.२ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण


सन् २०११ को जनगणनाअनुसार कोन्ज्योसोम गाउँपालिकाका परिवारमा खाना पकाउन प्रयोग गरिने प्रमुख इन्धनको रूपमा काठ तथा दाउरा सबैभन्दा बढी १,९४१ (९७.०० प्रतिशत) रहेको छ। यसैगरी दोस्रोमा एल.पी. ग्याँस प्रयोग गर्ने घरधुरी संख्या ३५ (१.७५ प्रतिशत), गोबर ग्याँस प्रयोग गर्ने घरधुरी संख्या ७ (०.३५ प्रतिशत), मट्टीतेल प्रयोग गर्ने ४ (०.२० प्रतिशत) रहेको देखिन्छ। वडागत रुपमा सबैभन्दा बढी एल.पी. ग्याँस प्रयोग गर्ने वडा नं. ५ मा १७ घरधुरी संख्या रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ३३ : खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण

| वडा न.. | १ | २ | ३ | ४ | ५ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| काठ/दाउरा | ३७४ | ४४८ | २६६ | ४४७ | ४०६ | १९४१ | ९७.०० |
| मटीतेल | ० | १ | ० | ० | ३ | ४ | ०.२० |
| एल.पी. ग्याँस | ३ | ६ | २ | ७ | १७ | ३५ | १.७५ |
| कुइठा/ठोरहा | १ | ० | ० | ० | ० | १ | ०.०५ |
| गोबरग्याँस | ० | ४ | ० | २ | १ | ७ | ०.३५ |
| उल्लेख नगरिएको | २ | ३ | १ | ४ | ३ | १३ | ०.६५ |
| जम्मा | ३८० | ४६२ | २६९ | ४६० | ४३० | २००१ | १०० |

श्रोत: राष्ट्रिय जनगणना, २०६८

## परिवारले प्रयोग गर्ने खानेपानीको मुख्य श्रोत



# खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा

## ७.१ शिक्षा

कुनै पनि देशको सामाजिक तथा आर्थिक विकासमा शिक्षाले ठूलो भूमिका खेलेको हुन्छ । यसलाई मानव विकासको सूचकको रूपमा लिइन्छ । यसै सिलसिलामा यहाँ कोन्ज्योसोम गाउँपालिकाको शैक्षिक स्थिती देखाउन खोजिएको छ । विकासको प्रमुख आधारशिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ । सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्र नै सर्वोपरि भुमीका अनिवार्य रहन्छ । योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त माध्यमको रुपमा नितीगत रुपमा अबलम्बन गरिएको छ ।

### ७.१.१ साक्षरताको अवस्था


सामाजिक एवं मानव विकासको एक महत्त्वपूर्ण आयमको रुपमा साक्षरताको अवस्थालाई लिने गरिन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार यस गाउँपालिकाको कुल साक्षरता दर ५९.४६ प्रतिशत (नेपालको ६५.९४ प्रतिशत रहेको छ । लैंगिक हिसाबले यो गाउँपालिकामा पनि अन्यत्र झैं केही विभेद रहेको पाईन्छ । जस्तै: यस गाउँपालिकाको पुरुषको साक्षरता दर २,८९६ (६२.५४ प्रतिशत) को तुलनामा महिलाको साक्षरता दर २,३१० (२६.३८ प्रतिशत) रहेको छ। पुरुष र महिलाको साक्षारता दरमा लगभग ३६.१५ प्रतिशतको फरक देखिन्छ। सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ३४ : वडागत साक्षरताको विवरण

| वडा नं. | पढ्न र लेख्न सक्ने | | पढ्न मात्र सक्ने | | पढ्न र लेख्न नसक्ने | | उल्लेख नगरिएको | | जम्मा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | |
| १ | ४८५ | ४०५ | ४५ | ४७ | २६२ | ४२३ | ६ | १९ | ७९८ | ८९४ | १६९२ |
| २ | ८२३ | ६८५ | ५३ | ३५ | १४६ | ३६१ | ० | १ | १०२२ | १०८२ | २१०४ |
| ३ | ४०२ | ३५४ | २ | ४ | ८६ | २१८ | ० | ६ | ४९० | ५८२ | १०७२ |
| ४ | ६०७ | ४२२ | ६९ | ६६ | २१८ | ५३४ | १ | २ | ८९५ | १०२४ | १९१९ |
| ५ | ५७९ | ४४४ | ५३ | ६१ | २८५ | ५४४ | २ | ० | ९१९ | १०४९ | १९६८ |
| जम्मा | २८९६ | २३१० | २२२ | २१३ | ९९७ | २०८० | ९ | २८ | ४१२४ | ४६३१ | ८७५५ |
| प्रतिशत | ६२.५४ | २६.३८ | ४.७९ | २.४३ | २१.५३ | २३.७६ | ०.१९ | ०.३२ | ८९.०५ | ५२.९० | |

श्रोत: राष्ट्रिय जनगणना, २०६८

साक्षरताको विवरण




## ७.१.२ शैक्षिक जनशक्तिको विवरण


तालिका नं. ३५ : शैक्षिक जनशक्तिको विवरण

| लिङ्ग | स्कूल नगएको | प्राथमिक तह | नि.मा.वि. तह | मा.वि. तह | एस.एल.सी. तह | प्रमाणपत्र तह | स्नातक तह | स्नातकोत्तर तह र सोभन्दा माथी | अन्य | अनौपचारिक शिक्षा | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ९८ | १३९२ | ६५८ | २४७ | २३७ | १५८ | ३३ | ६ | ८ | १९७ | ११ | ३०४५ |
| महिला | ८९ | १०९८ | ६०८ | २३० | १४२ | ८२ | १६ | ० | १ | १६२ | १९ | २४४७ |
| जम्मा | १८७ | २४९० | १२६६ | ४७७ | ३७९ | २४० | ४९ | ६ | ९ | ३५९ | ३० | ५४९२ |
| प्रतिशत | ३.४० | ४५.३४ | २३.०५ | ८.६९ | ६.९० | ४.३७ | ०.८९ | ०.११ | ०.१६ | ६.५४ | ०.५५ | १००.०० |

श्रोत: राष्ट्रिय जनगणना, २०६८

कुल साक्षर जनसंख्या ५ हजार २ सय ५ जना मध्ये ६ सय ७४ जना अर्थात् १२.९५ प्रतिशतले मात्र प्रवेशिका तथा सो भन्दा माथिल्लो शैक्षिकस्तर प्राप्त गरेका छन्। जसमा २ हजार ८ सय ९६ जना साक्षर पुरुष मध्ये ४ सय ३४ (१४.९९ प्रतिशत) जनाले मात्र प्रवेशिका तथा सो भन्दा माथिल्लो शैक्षिकस्तर प्राप्त गरेका छन् भने २ हजार ३ सय १० जना साक्षर महिला मध्ये २ सय ४० (१०.३९ प्रतिशत) जनाले मात्र प्रवेशिका तथा सो भन्दा माथिल्लो शैक्षिकस्तर प्राप्त गरेका छन्। प्राप्त शैक्षिकस्तरको तथ्याङ्क हेर्ने हो भने यस गाउँपालिकामा ठुलो संख्यामा प्राथमिक तह पूरा गरेका अर्थात् २,४९० (४५.३४ प्रतिशत) रहेका छन् भने दोस्रो स्थानमा निम्न माध्यमिक तह १,२६६ (२३.०५ प्रतिशत), तेस्रो स्थानमा माध्यमिक तह ४७७ (८.३९ प्रतिशत) रहेका छन्। यस गाउँपालिकामा १८७ (३.४० प्रतिशत) जना स्कुल नै नगएको देखिन्छ भने एस.एल.सी. तहसम्म उतिर्ण गर्ने ३७९ (६.९० प्रतिशत), प्रमाणपत्र तह २४० (४.३७ प्रतिशत), स्नाताक तह ४९ (०.८९ प्रतिशत) र स्नातकोर तह र सोभन्दा माथी ६ (०.११ प्रतिशत) रहेको देखिन्छ। गाउँमा अनौपचारिक शिक्षाका साथै व्यावसायिक शिक्षा तर्फ पनि विशेष ध्यान दिनु पर्ने देखिन्छ। अत: यी विविध सूचकहरूको अध्ययन गर्दा गाउँपालिकामा शिक्षा क्षेत्रमा थप सुधारको आवश्यकता रहेको देखिन्छ। गाउँपालिकामा रहेको साक्षरताको विवरण तालिकामा उल्लेख गरिएको छ।

शैक्षिक जनशक्तिको विवरण




## ७.१.३ विषयगत शैक्षिक जनशक्तिको विवरण


तालिका नं. ३६ : विषयगत शैक्षिक जनशक्तिको विवरण

| वडा | १ | २ | ३ | ४ | ५ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| मानविकी र कला | ३ | ९२ | १६ | १४ | ५ | १३० | ४४.०७ |
| व्यापार र प्रशासन | २ | १५ | ५ | २० | २ | ४४ | १४.९२ |
| शिक्षा | ८ | ३ | १२ | ४ | १ | २८ | ९.४९ |
| विज्ञान | २ | ३ | २ | १ | ५ | १३ | ४.४१ |
| स्वस्थ्य | ० | १ | ० | ० | ० | १ | ०.३४ |
| इन्जिनीयरिङ, उत्पादन तथा कन्स्ट्रक्सन | ० | १ | ० | ० | ० | १ | ०.३४ |
| कानुन | ० | १ | ० | ० | ० | १ | ०.३४ |
| सामाजिक र व्यवहारिक विज्ञान | ० | ७ | ० | ० | ० | ७ | २.३७ |
| गणित र तथ्याङ्क | ० | २ | १ | ० | ० | ३ | १.०२ |
| कृषि, वन र मत्स्य | ० | १ | ० | ० | ० | १ | ०.३४ |
| उल्लेख नगरिएको | १६ | ३३ | १ | ० | १६ | ६६ | २२.३७ |
| जम्मा | ३१ | १५९ | ३७ | ३९ | २९ | २९५ | १००.०० |

श्रोत: राष्ट्रिय जनगणना, २०६८

राष्ट्रिय जनगणना २०६८ बाट प्राप्त तथ्याङ्कका आधारमा गाउँपालिकामा विभिन्न संकायमा अध्ययन गरेका शैक्षिक जनशक्तिको विवरणलाई तालिकामा देखाइएको छ । जसअनुसार यस गाउँमा सबैभन्दा बढी मानविकी र कला विषय लिएर पढ्नेको संख्या १३० (४४.०७ प्रतिशत) रहेको छ भने दोस्रोमा व्यापार र प्रशासन विषय लिएर पढ्नेको जनसंख्या ४४ (१४.९२ प्रतिशत), तेस्रो स्थानमा शिक्षा विषय लिएर पढ्नेको संख्या २८ (९.४९ प्रतिशत) रहेको देखिन्छ । गाउँमा प्राविधिक जनशक्तिको संख्या अत्यन्त न्यून देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

विषयत शैक्षिक जनशक्तिको विवरण




## ७.१.४ उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण

तालिका नं. ३७ : उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण

| विवरण | उमेर समूह | कुल जनसंख्या | | | विद्यालय गइरहेको जनसंख्या | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | प्रतिशत |
| पूर्व प्रा.वि. .नर्सरी, किन्डरगार्डन) जाने उमेर समूह | ३-४ वर्ष | N/A | N/A | N/A | N/A | N/A | N/A | N/A |
| आधारभूत तहमा जाने उमेर समूह (कक्षा १-८) | ५-१२ वर्ष | ७७७ | ७०१ | १४७८ | ७३९ | ६६९ | १४०८ | ९५.२६ |
| मा.वि. जाने उमेर समूह (कक्षा ९-१०) | १३-१४ वर्ष | १९ | १० | २९ | १८ | ८ | २६ | ८९.६६ |
| मा.वि. (Secondary School) जाने उमेर समूह (१०+२) | १५-१७ वर्ष | ७ | २ | ९ | ४ | २ | ६ | ६६.६७ |
| जम्मा | | ८०३ | ७१३ | १५१६ | ७६१ | ६७९ | १४४० | |

श्रोत: राष्ट्रिय जनगणना, २०६८

यस तालिकामा स्कुल जाने उमेर समुहको जनसंख्या र विद्यालय गइरहेको जनसंख्याको तुलनात्मक विवरण उल्लेख गरिएको छ। जसमा ३ देखि ४ वर्ष उमेर समुहका बालबालिका मध्ये कोही पनि स्कुल नगएको देखिन्छ। ५ देखि १२ वर्ष उमेर समुहको जनसंख्या मध्ये ९५.२६ प्रतिशत आधारभुत तह अध्ययनको लागि विद्यालय गैरहेको देखिन्छ भने ४.७४ प्रतिशत विद्यालय गएको देखिदैन त्यस्तै १३ देखि १४ वर्ष उमेर समुहको जनसंख्याको ८९.६६ प्रतिशत संख्या माध्यविक तह अध्ययन गर्न गैरहेको देखिन्छ भने १०.३४ प्रतिशत विद्यालय गएको देखिदैन। १५ देखि १७ वर्ष उमेर समुहको जनसंख्याको ६६.६७ प्रतिशत माध्यमिक तह अध्ययन गर्नका लागि विद्यालय गैरहेको देखिन्छ र बाँकी ३३.३३ प्रतिशत विद्यालय नगएको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

### ७.१.५ गाउँपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण

#### शैक्षिक पूर्वाधार तथा सेवा

विकासको प्रमुख आधारशिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्र नै सर्वोपरि भुमीका अनिवार्य रहन्छ। गाउँपालिकामा शिक्षा क्षेत्रमा धेरै प्रयास भएता पनि अपेक्षित उपलब्धि भने प्राप्त गर्न सकिएको छैन। तथापि योजनाबद्ध रुपमा शैक्षिक पूर्वाधार एवं सेवा विस्तार गर्ने प्रयास हुँदै आएको छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त माध्यमको रुपमा नीतिगत रुपमा अबलम्बन गरिएको छ। अहिले गाउँपालिकाको शैक्षिक विकास लगायत सबै क्षेत्रमा गाउँपालिकाको कार्यालयको नेतृत्वदायी एवं समन्वयकारी भुमीका रहदै आएको छ।

हाल गाउँपालिकाका विभिन्न वडाहरूमा सामुदायिक तथा संस्थागत रुपमा प्राथमिक, निम्न माध्यमिक तथा माध्यमिक विद्यालयहरू तथा केही क्याम्पस एवम् प्राविधिक शिक्षालयहरू समेत संचालनमा रहेका छन्। यस गाउँपालिकामा संचालित क्याम्पसहरू वालेश्वरी उमावि (भारदेउ), गोठभन्ज्याङ उमावि (दलचोकी), मगरगाउँ उमावि (शंखु) गरी जम्मा ३ वटा रहेको छ।

शिक्षा क्षेत्रको परिशुचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिने छ। कोन्ज्योसोमा गाउँपालिकामा बालविकास केन्द्र संख्या ३२ रहेको पाइन्छ। यसैगरी आधारभुत तहका कक्षा १-५ सम्म संचालन हुने विद्यालय संख्या ७ र कक्षा ६-८ सम्म संचालन हुने विद्यालय संख्या ५, माध्यमिक तहको साधारण धार पढाई हुने कक्षा ९-१० सम्मको विद्यालय संख्या ३, कक्षा ११-१२ सम्मको विद्यालय संख्या ३ गरी जम्मा १८ सामुदायिक विद्यालयहरू यस गाउँपालिकामा संचालित छन् र सामुदायिक विद्यालयमा संचालित स्रोतकक्षा संख्या १ रहेको छ। यस गाउँपालिकामा हालसम्म सञ्चालन भइरहेका विभिन्न तहका सामुदायिक शैक्षिक संस्थाहरूको विवरण निम्न तालिकामा दिइएका छन्।

तालिका नं. ३८ : कोन्ज्योसोम गाउँपालिकामा संचालन भैरहेका विभिन्न तहका सामुदायिक विद्यालयहरूको विवरण

| बालविकास | आधारभुत | | माध्यमिक | | | | सामुदायिक विद्यालयमा संचालित स्रोतकक्षा संख्या |
|---|---|---|---|---|---|---|---|
| | | | साधारण धार | | प्राविधिक धार | | |
| | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१० | कक्षा ११-१२ | कक्षा ९-१० | कक्षा ११-१२ | |
| ३२ | ७ | ५ | ३ | ३ | | | १ |

स्रोत: शिक्षा मन्त्रालय, ललितपुर, २०७४

तालिका नं. ३९ : कोन्ज्योसोम गाउँपालिकामा संचालन भैरहेका सामुदायिक विद्यालयहरूको नामावली तथा स्थापना मिति

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | स्थापना मिति | विद्यार्थी संख्या | सञ्चालित कक्षा |
|---|---|---|---|---|---|
| १ | गुप्तेश्वर निमावि | भारदेउ | २०४६ | २८३ | ८ |
| २ | बालेश्वरी उमावि | भारदेउ | २०१७ | २५६ | १-१२ |
| ३ | वनस्पति प्रावि | चौघरे | २०३४ | ४२ | ४ |
| ४ | कालीसेतीदेवी निमावि | चौघरे | २०२२ | ४४ | १-७ |
| ५ | ज्ञानोदय निमावि | चौघरे | २०५० | १५२ | १-८ |
| ६ | वाघभैरव मावि | चौघरे | २०१७ | १६८ | १-१० |
| ७ | वुद्ध प्रावि | दलचोकी | २०४० | २३ | १-५ |
| ८ | ज्ञानज्योति प्रावि | दलचोकी | २०३३ | ३८ | १-५ |
| ९ | जनहीत प्रावि | दलचोकी | २०५३ | ११ | १-५ |
| १० | गोठभन्ज्याङ उमावि | दलचोकी | २०३१ | ३६१ | १-१२ |
| ११ | मनकामना प्रावि | दलचोकी | २०६८ | १७ | ३ |
| १२ | गुप्तेश्वर मावि | नल्लु | २०१७ | २०६ | १-१० |
| १३ | महाङ्काल प्रावि | नल्लु | २०३७ | ४९ | १-५ |
| १४ | देवी निमावि | नल्लु | २०१७ | १०३ | १-८ |
| १५ | भूमिथुम्का प्रावि | नल्लु | २०५३ | ९४ | १-५ |
| १६ | कालीदेवी प्रावि | शंखु | २०५४ | ४४ | १-५ |
| १७ | सरस्वती मावि | शंखु | २०१७ | १५० | १-९ |
| १८ | मगरगाउँ उमावि | शंखु | २०३० | २५४ | १-१२ |
| | **जम्मा** | | | २,२९५ | |

स्रोतः जिल्ला शिक्षा कार्यालय, २०७४

## ७.१.६ श्रेणीगत शिक्षक विवरण

तालिका नं. ४० : श्रेणीगत शिक्षक विवरण

| तह | स्थायी | अस्थायी | राहत/अनुदान | जम्मा |
|---|---|---|---|---|
| प्राथमिक तह | ४२ | ३२ | १४ | ८८ |
| निम्नमाध्यमिक तह | ७ | ६ | १७ | ३० |
| माध्यमिक तह | ५ | २ | १२ | १९ |
| जम्मा | ५४ | ४० | ४३ | १३७ |

श्रोत : जिल्ला शिक्षा कार्यालय, २०७४

यस तालिकामा सामुदायिक विद्यालयमा कार्यरत श्रेणीगत शिक्षकहरू प्राथमिक, निमावि, मावि र उमाविको स्थायी र अस्थायी र राहत दरबान्दीको विवरण देखाइएको छ। प्राथमिक तहमा कार्यरत स्थायी शिक्षक ४२ जना, अस्थायी शिक्षक ३२ जना र राहत १४ जना गरी जम्मा ८८ प्राथमिक तहका शिक्षकहरू रहेको छन् । निम्नमाध्यमिक तहमा कार्यरत स्थायी शिक्षक ७ जना, अस्थायी ६ जना र राहत १७ गरी जम्मा ३० निम्नमाध्यमिक तहका शिक्षकहरू छन् भने माध्यमिक तहका स्थायी शिक्षक ५ जना, अस्थायी शिक्षक २ जना र राहत शिक्षक १२ जना गरी १९ माध्यमिक शिक्षकहरू कार्यरत छन्। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

### ७.१.७ विभिन्न तहका विद्यार्थीहरूको विवरण

तालिका नं. ४१ : शैक्षिक सत्र २०७३ मा विभिन्न तहका विद्यार्थीहरूको विवरण

| क्र.स. | विद्यालयको नाम | प्राथमिक (कक्षा १ देखि ५ सम्म) | | | निम्न माध्यमिक (कक्षा ६ देखि ८ सम्म) | | | माध्यमिक (कक्षा ९ र १२) | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोतकेन्दको नाम: भारदेउ | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| १ | श्री वालेश्वरी उमावि, भारदेउ १ | ४३ | ५८ | १०१ | ४५ | ४२ | ८७ | ५७ | ५७ | ११४ | ३०२ |
| २ | श्री कालीसेती देवी निमावि,चौघरे ५ | १३ | २१ | ३४ | ११ | ४ | १५ | ० | ० | ० | ४९ |
| ३ | श्री मगरगाउं उमावि, शंखु ५ | ३० | ३२ | ६२ | ३३ | ३९ | ७२ | ४३ | ४४ | ८७ | २२१ |
| ४ | श्री गुप्तेश्वर मावि, नल्लु ३ | ५९ | ६५ | १२४ | २३ | ३० | ५३ | १४ | १२ | २६ | २०३ |
| ५ | श्री सरस्वती मावि, शंखु ७ | २२ | २२ | ४४ | २६ | २९ | ५५ | २१ | २१ | ४२ | १४१ |
| ६ | श्री देवी निमावि, नल्लु ९ | ३३ | ४३ | ७६ | १६ | ९ | २५ | ० | ० | ० | १०१ |
| ७ | श्री वाघभैरव मावि, चोघरे ८ | ४३ | ६५ | १०८ | २२ | २२ | ४४ | १६ | १८ | ३४ | १८६ |
| ८ | श्री गोठभन्ज्याङ उमावि, दलचोकी | ५५ | ४३ | ९८ | ६७ | ७८ | १४५ | ४७ | ३९ | ८६ | ३२९ |
| ९ | श्री ज्ञानज्योती प्रावि, दलचोकी | १६ | १० | २६ | ० | ० | ० | ० | ० | ० | २६ |
| १० | श्री वनस्पती प्रावि, चौघरे ६ | २६ | १३ | ३९ | ० | ० | ० | ० | ० | ० | ३९ |
| ११ | श्री महांकाल प्रावि, नल्लु १ | २३ | २० | ४३ | ० | ० | ० | ० | ० | ० | ४३ |
| १२ | श्री मनकामना प्रावि, दलचोकी | ११ | १० | २१ | ० | ० | ० | ० | ० | ० | २१ |
| १३ | श्री वुद्ध प्रावि, दलचोकी १ | १२ | ९ | २१ | ० | ० | ० | ० | ० | ० | २१ |
| १४ | श्री गुप्तेश्वर निमावि, भारदेउ ८ | १०१ | ७७ | १७८ | ३८ | ३३ | ७१ | ० | ० | ० | २४९ |
| १५ | श्री ज्ञानोदय निमावि, चौघरे २ | ६३ | ६८ | १३१ | २० | २० | ४० | ० | ० | ० | १७१ |
| १६ | श्री जनहित प्रावि, दलचोकी ७ | ५ | १० | १५ | ० | ० | ० | ० | ० | ० | १५ |
| १७ | श्री भुमिथुम्का निमावि, शंखु ३ | १९ | १८ | ३७ | २१ | २२ | ४३ | ० | ० | ० | ८० |
| १८ | श्री कालीदेवी प्रावि, शंखु ८ | २४ | १३ | ३७ | ० | ० | ० | ० | ० | ० | ३७ |
| | जम्मा | ५९८ | ५९७ | ११९५ | ३२२ | ३२८ | ६५० | १९८ | १९१ | ३८९ | २२३४ |

स्रोत: जिल्ला शिक्षा कार्यालय, २०७३

तालिका नं. ४२ : शैक्षिक सत्र २०७४ मा विभिन्न तहका विद्यार्थीहरूको विवरण

| क्र. स. | विद्यालयको नाम | इसिडि कक्षा | | | प्राथमिक (कक्षा १ देखि ५ सम्म) | | | निम्न माध्यमिक (कक्षा ६ देखि ८ सम्म) | | | माध्यमिक (कक्षा ९ र १२) | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोतकेन्द्रको नाम: भारदेउ | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| १ | श्री वालेश्वरी उमावि, भारदेउ | ८ | १० | १८ | ४५ | ३७ | ८२ | २९ | ३१ | ६० | ७४ | ६८ | १४२ | ३०२ |
| २ | श्री कालीसेती देवी निमावि,चौघरे | ५ | ७ | १२ | १६ | १९ | ३५ | २ | १० | १२ | १८ | २९ | ४७ | १०६ |
| ३ | श्री मगरगाउं उमावि, शंखु | ११ | ९ | २० | २६ | २७ | ५३ | ५२ | ५७ | १०९ | ७८ | ८४ | १६२ | ३४४ |
| ४ | श्री गुप्तेश्वर मावि, नल्लु | १६ | १७ | ३३ | ५६ | ५७ | ११३ | २९ | २७ | ५६ | ८५ | ८४ | १६९ | ३७१ |
| ५ | श्री सरस्वती मावि, शंखु | ९ | ७ | १६ | २४ | २६ | ५० | २२ | ३६ | ५८ | ४६ | ६२ | १०८ | २३२ |
| ६ | श्री देवी निमावि, नल्लु | १६ | १७ | ३३ | ३५ | ४० | ७५ | ११ | १२ | २३ | ४६ | ५२ | ९८ | २२९ |
| ७ | श्री वाघभैरव मावि, चोघरे | १७ | १८ | ३५ | ५७ | ३६ | ९३ | २५ | २८ | ५३ | ८२ | ६४ | १४६ | ३२७ |
| ८ | श्री गोठभन्ज्याङ उमावि, दलचोकी | ४ | ८ | १२ | ४४ | ४५ | ८९ | ५० | ६८ | ११८ | ९४ | ११३ | २०७ | ४२६ |
| ९ | श्री ज्ञानज्योती प्रावि, दलचोकी | ७ | ६ | १३ | १२ | १५ | २७ | ० | ० | ० | १२ | १५ | २७ | ६७ |
| १० | श्री वनस्पती प्रावि, चौघरे | २२ | १२ | ३४ | १७ | ३० | ४७ | ० | ० | ० | १७ | ३० | ४७ | १२८ |
| ११ | श्री महांकाल प्रावि, नल्लु | ७ | ६ | १३ | २० | १९ | ३९ | ० | ० | ० | २० | १९ | ३९ | ९१ |
| १२ | श्री मनकामना प्रावि, दलचोकी | ४ | ५ | ९ | ११ | १० | २१ | ० | ० | ० | ११ | १० | २१ | ५१ |
| १३ | श्री वुद्ध प्रावि, दलचोकी | ४ | ५ | ९ | ७ | १० | १७ | ० | ० | ० | ७ | १० | १७ | ४३ |
| १४ | श्री गुप्तेश्वर निमावि, भारदेउ | २३ | २० | ४३ | ७० | ७५ | १४५ | ४१ | ५१ | ९२ | १११ | १२६ | २३७ | ५१७ |
| १५ | श्री ज्ञानोदय निमावि, चौघरे | १९ | १४ | ३३ | ६१ | ५५ | ११६ | १५ | २७ | ४२ | ७६ | ८२ | १५८ | ३४९ |
| १६ | श्री जनहित प्रावि, दलचोकी | ३ | ३ | ६ | ४ | ६ | १० | ० | ० | ० | ४ | ६ | १० | २६ |
| १७ | श्री भुमिथुम्का निमावि, शंखु | ११ | ६ | १७ | ३१ | २३ | ५४ | १९ | २० | ३९ | ५० | ४३ | ९३ | २०३ |
| १८ | श्री कालीदेवी प्रावि, शंखु | ४ | ६ | १० | ११ | १९ | ३० | ० | ० | ० | ११ | १९ | ३० | ७० |
| | जम्मा | १९० | १७६ | ३६६ | ५४७ | ५४९ | १०९६ | २९५ | ३६७ | ६६२ | ८४२ | ९१६ | १७५८ | ३८८२ |

स्रोत: जिल्ला शिक्षा कार्यालय, २०७४

तालिका नं. ४३ : शैक्षिक सत्र २०७३ का दलित, जनजाति तथा अपाङ्गता भएका विद्यार्थीहरूको विवरण

| तह | दलित | | | जनजाति | | | अपाङ्ग | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| प्राथमिक (कक्षा १ देखि ५) | ३ | ५ | ८ | ५४२ | ५४८ | १०९० | १० | ७ | १७ | १११५ |
| निम्न माध्यमिक (कक्षा ६ देखि ८) | २ | २ | ४ | २८५ | २८६ | ५७१ | ६ | ५ | ११ | ५८६ |
| माध्यमिक (कक्षा ९ र १२) | २ | २ | ४ | १७४ | १५९ | ३३३ | १ | ० | १ | ३३८ |
| कुल जम्मा | ७ | ९ | १६ | १००१ | ९९३ | १९९४ | १७ | १२ | २९ | २०३९ |

स्रोतः जिल्ला शिक्षा कार्यालय, २०७३

तालिका नं. ४४ :शैक्षिक सत्र २०७४ का दलित, जनजाति तथा अपाङ्गता भएका विद्यार्थीहरूको विवरण

| तह | दलित | | | जनजाति | | | अपाङ्ग | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| इसिडि कक्षा | ३ | १ | ४ | १४९ | १५९ | ३०८ | १ | ० | १ | ३१३ |
| प्राथमिक (कक्षा १ देखि ५) | ९ | ४ | १३ | ४९४ | ४९१ | ९८५ | १० | १२ | २२ | १०२० |
| निम्न माध्यमिक (कक्षा ६ देखि ८) | ४ | ३ | ७ | २४९ | ३०४ | ५५३ | ७ | ७ | ७ | ५६७ |
| माध्यमिक (कक्षा ९ र १२) | ३ | ५ | ८ | १६८ | २३१ | ३९९ | ३ | २ | ५ | ४१२ |
| कुल जम्मा | १९ | १३ | ३२ | १०६० | ११८५ | २२४५ | २१ | २१ | ३५ | २३१२ |

स्रोतः जिल्ला शिक्षा कार्यालय, २०७४

## ७.९.८ आईसीटि कार्यक्रम प्राप्त गर्ने विद्यालयहरू

तालिका नं. ४५ : आईसीटि कार्यक्रम प्राप्त गर्ने विद्यालयहरू

| क्र. स. | विद्यालयको नाम | क्र. स. | विद्यालयको नाम |
|---|---|---|---|
| १ | श्री वालेश्वरी उमावि, भारदेउ १ | ४ | श्री सरस्वती मावि, शंखु ७ |
| २ | श्री मगरगाउं उमावि, शंखु ५ | ५ | श्री गोठभन्ज्याङ उमावि, दलचोकी |
| ३ | श्री गुप्तेश्वर मावि, नल्लु ३ | ६ | श्री बालेश्वरी मावि भारदेउ स्रोतकेन्द्र |

स्रोतः जिल्ला शिक्षा कार्यालय, २०७४

## ७.९.९ छात्रवृत्ति सम्बन्धी विवरण

कोन्ज्योसोम गाउँपालिकामा रहेका कूल बालबालिका मध्ये द्वन्द्व पिडित, दलित, अपाङ्ग, आदिबासी समुदायका बालबालिकाहरूको विद्यालयमा पहुँच न्यून भएको हुँदा शिक्षामा लक्षित वर्गको सहभागितामा वृद्धि गर्ने उद्देश्यले विभिन्न तहमा छात्रवृत्ति दिएको देखिन्छ । तर लक्षित वर्गको सहभागितामा अपेक्षित सुधार ल्याउन सकेको देखिँदैन । जसलाई विशेष महत्त्वका साथ लक्षित समूह केन्द्रित कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने देखिन्छ । गाउँपालिकामा लक्षित समूहलाई केन्द्रित गरी वितरण गरिएको छात्रवृत्तिको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ४६ : आधारभुत तहको सबै किसिमको छात्रवृत्ति विवरण २०७३

| क्र. स. | विद्यालयको नाम | आधारभुत तह (१-८) | | | | |
|---|---|---|---|---|---|---|
| | | दलित छात्र | अपांग | १-८ छात्रा | १-५ विद्यार्थी संख्या | ६-८ को विद्यार्थी संख्या |
| १ | श्री वालेश्वरी उमावि, भारदेउ १ | ० | ० | ८८ | १०१ | ८७ |
| २ | श्री कालीसेती देवी निमावि,चौघरे ५ | २ | ० | २४ | ३४ | १५ |
| ३ | श्री मगरगाउं उमावि, शंखु ५ | १ | ११ | ६३ | ६२ | ७२ |
| ४ | श्री गुप्तेश्वर मावि, नल्लु ३ | ० | १३ | ८२ | १२४ | ५३ |
| ५ | श्री सरस्वती मावि, शंखु ७ | १ | २ | ४८ | ४४ | ५५ |
| ६ | श्री देवी निमावि, नल्लु ९ | ० | ० | ४९ | ७६ | २५ |
| ७ | श्री वाघभैरव मावि, चोघरे ८ | ० | ० | ६५ | १०८ | ४४ |
| ८ | श्री गोठभन्ज्याङ उमावि, दलचोकी | ० | १ | १२२ | ९८ | १४५ |
| ९ | श्री ज्ञानज्योती प्रावि, दलचोकी | ० | ० | १६ | २६ | ० |
| १० | श्री वनस्पती प्रावि, चौघरे ६ | ० | ० | २६ | ३९ | ० |
| ११ | श्री महांकाल प्रावि, नल्लु १ | ० | १ | २३ | ४३ | ० |
| १२ | श्री मनकामना प्रावि, दलचोकी | ० | ० | ११ | २१ | ० |
| १३ | श्री वुद्ध प्रावि, दलचोकी १ | ० | ० | १२ | २१ | ० |
| १४ | श्री गुप्तेश्वर निमावि, भारदेउ ८ | १ | ० | १३९ | १७८ | ७१ |
| १५ | श्री ज्ञानोदय निमावि, चौघरे २ | ० | ० | ८३ | १३१ | ४० |
| १६ | श्री जनहित प्रावि, दलचोकी ७ | ० | ० | ५ | १५ | ० |
| १७ | श्री भुमिथुम्का निमावि, शंखु ३ | २ | ० | ४० | ३७ | ४३ |
| १८ | श्री कालीदेवी प्रावि, शंखु ८ | ० | ० | २४ | ३७ | ० |
| | जम्मा | ७ | २८ | ९२० | ११९५ | ६५० |

स्रोत: जिल्ला शिक्षा कार्यालय, २०७४

तालिका नं. ४७ : कक्षा ९ देखि कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको लागि सीमान्तकृत, दलित, अपांग, छात्रा छात्रबृत्तिको विवरण

| क्र. स. | विद्यालयको नाम | दलित | अपांग | कक्षा ९ र १० को जम्मा छात्रा संख्या | कक्षा ९ र १० को छात्रा कोटा | ९ र १०को विद्यार्थी संख्या जम्मा |
|---|---|---|---|---|---|---|
| १ | श्री वालेश्वरी उमावि, भारदेउ १ | ० | ० | ४७ | १२ | ९१ |
| २ | श्री मगरगाउँ उमावि, शंखु ५ | ० | ० | ४३ | ११ | ८७ |
| ३ | श्री गुप्तेश्वर मावि, नल्लु ३ | ० | ० | १४ | ४ | २६ |
| ४ | श्री सरस्वती मावि, शंखु ७ | ० | ० | २१ | ५ | ४२ |
| ५ | श्री वाघभैरव मावि, चोघरे ८ | २ | ० | १६ | ४ | ३४ |
| ६ | श्री गोठभन्ज्याङ उमावि, दलचोकी | २ | १ | ४७ | १२ | ८६ |
| | कूल जम्मा | ४ | १ | १८८ | ४८ | ३६६ |

स्रोत: जिल्ला शिक्षा कार्यालय, २०७४

तालिका नं. ४८ : कक्षा ११ र १२ का जम्मा दलित छात्रा छात्रवृत्ति २०७४

| क्र.स | विद्यालयको नाम | दलित छात्रा | दलित छात्रा | जम्मा |
|---|---|---|---|---|
| १ | श्री मगरगाउं उमावि, शंखु ५ | २ | २ | ४ |

स्रोत: जिल्ला शिक्षा कार्यालय, २०७४

### ७.१.१० सामुदायिक विद्यालयहरूमा देखिएका समस्याहरू

- **विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु :** विद्यार्थीहरू प्राथमिक तह पुरा नगर्दै विद्यालय छाड्ने, विभिन्न किसिमका छात्रवृत्ति उपलब्ध गराइएको भएता पनि दलित, आदिवासीहरूको विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु शैक्षिक विकासको बाधकको रुपमा देखिएको छ ।
- **कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनु :** प्राथमिक तहको विद्यार्थीहरूको तथ्याङ्कलाई आधार मानेर हेर्दा कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनुले शैक्षिक गुणस्तर सुधारको आवश्यकतालाई इङ्गित गरेको छ ।
- **दलित, आदिवासी जनजाती भर्नादर न्यून हुनु :** विपन्न, दलित, आदिवासी जनजातीको भर्नादर न्यून हुनु गाउँपालिकाको शैक्षिक विकासको चुनौतीको रुपमा रहेको छ ।
- **दलित, आदिवासी जनजाती विद्यालय छाड्ने दर :** गाउँपालिकाको औषत विद्यालय छाड्ने दरमा वृद्धि हुनुको मुख्य कारण आदिवासी र दलितहरूको विद्यालय छाड्ने दरमा वृद्धि हुनु हो ।
- **विद्यालयहरू आर्थिक रुपले कमजोर हुनु :** नेपाल सरकारबाट प्राप्त सीमित अनुदान तथा विद्यालय व्यवस्थापन समितिको समेत आवश्यक श्रोत जुटाउन नसकेको कारणले बहुसंख्य विद्यालयहरूको आर्थिक स्थिति निकै कमजोर देखिन्छ । दुर्बल आर्थिक अवस्थाले गर्दा शैक्षिक सामग्री जुटाउन तथा अन्य अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्न बाधा पुगेको देखिन्छ ।

- **अभिभावकहरू चनाखो नहुनु :** बालबालिकाहरूको शैक्षिक प्रगतिबारे अभिभावकहरूको चासो कम हुनु तथा विद्यालयद्वारा समेत बालबालिकाहरूको स्थितिबारे अभिभावकलाई जानकरी नदिइनुले पनि शैक्षिक गुणस्तरमा नकारात्मक प्रभाव पारेको देखिन्छ ।
- **शिक्षक दरबन्दी कम हुनु :** दरबन्दी अनुसार शिक्षकको कमी हुनु तथा केही समयका लागि कुनै शिक्षकको अनुपस्थिति हुँदा कक्षाहरू खाली रहने गरेको देखिन्छ । यसरी शिक्षकहरू तालिममा जाँदा, सुत्केरी बिदा वा सञ्चित बिदामा रहँदा विद्यालयले अल्पकालित शिक्षकको व्यवस्था गर्न सक्ने प्रावधान रहेको छैन । एकातिर नेपाल सरकारबाट आवश्यक दरबन्दी उपलब्ध नहुनु अर्कोतर्फ स्थानीय निकाय एवम् व्यवस्थापन समितिले त्यसको आवश्यक व्यवस्था गर्न नसक्नु आदि कारणले गर्दा आवश्यक प्रतिफल प्राप्त गर्न सकिएको देखिँदैन ।
- **राजनीतिकरण हुनु :** विभिन्न राजनीतिक पार्टीहरूले शिक्षकहरूको संगठनहरू मार्फत शिक्षकहरूलाई आफ्नो पार्टीस्वार्थ पूरा गर्न प्रयोग गरिरहेको देखिएको छ । राजनीतिक पार्टीहरूको दबावका कारण जिल्ला शिक्षा कार्यालयले त्यस्ता शिक्षकहरूमाथि अनुशासनको कारवाही समेत गर्न नसकेको पाइएको छ । यस बाहेक व्यवस्थापन समिति समेत शिक्षकहरूलाई आफ्नो दलगत स्वार्थ परिपूर्ति गर्ने साधनका रुपमा प्रयोग गर्दै आएको देखिएको छ ।
- **शिक्षकहरूमा प्रतिबद्धताको कमी :** शिक्षकहरूले शिक्षण पेशालाई आत्मसात गर्न नसक्नु तथा विद्यार्थीले प्राप्त गर्ने प्रतिफलको जिम्मेवारी लिन नसक्नु पनि शैक्षिक प्रगतिको बाधकको रुपमा देखा परेको छ । प्राय: पठन-पाठन समयमा नसिद्धिनु पनि मुख्य समस्याको रुपमा देखिएको छ ।
- **आधुनिक प्रविधिको प्रयोग नहुनु :** सूचना तथा प्रविधिको क्षेत्रमा आएका अत्याधुनिक परिवर्तन र सुविधाबाट बहुसंख्यक विद्यालयहरू बञ्चित हुनु पनि शैक्षिक विकासमा बाधा पुगेको देखिन्छ । प्राय: धेरै विद्यार्थी र शिक्षकहरू कम्प्युटर र इन्टरनेटको प्रयोगको सुबिधाबाट बञ्चित रहेको छन् ।

## ७.२ स्वास्थ्य

काठमाडौं उपत्यकामा पर्ने तीन जिल्लाहरूमध्ये ललितपुर जिल्ला पनि एक हो । प्रदेश नं. ३ अन्तर्गत पर्ने यस ललितपुर जिल्लाको भू-धारतल मध्ये करिव एक तिहाई भाग उपत्यका भित्र र दुई तिहाई भाग पहाडी क्षेत्रमा पर्दछ । कोन्ज्योसोम गाउँपालिका भने ललितपुर जिल्लाको पहाडी क्षेत्रमा अवस्थित रहेको छ । राजनीतिक रुपमा ५ वडाहरूमा विभाजित यस गाउँपालिकामा स्वास्थ्य, सरसफाइ तथा समुदायको स्वस्थ्यकर बानी व्यवहार पनि अनुकुल देखिन्छ । स्वास्थ्य सेवा सम्बन्धी तथ्यांकका आधारमा यहाँ ५ स्वास्थ्य चौकी रहेका छन् तर आवश्यक भौतिक पूर्वाधार तथा दरबन्दी अनुसार स्वास्थ्यकर्मीहरू छैनन् । स्वास्थ्य संस्थाहरूमा औषधीको कमी मुख्य समस्याको रुपमा रहेको देखिन्छ । गाउँबासीहरू स्वास्थ्य सेवाका लागि पैदल हिड्नुपर्ने बाध्यता छ भने वर्षातको समयमा अझ कठिनाई झेल्नु पर्ने अवस्था छ । गाउँमा ठूला अस्पतालहरू हालसम्म निर्माण नभएको हुँदा ठूला रोगहरूको उपचार गर्नका लागि यहाँका गाउँबासीहरू लगनखेल स्थित पाटन अस्पतालमा जाने गरेको पाइन्छ भने कोही निजी अस्पतालहरूमा पनि जाने गरेको देखिन्छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सर्भेक्षण अनुसार करिब आधाजति जनसंख्याले गैरसरकारी तथा निजी क्षेत्रबाट स्वास्थ्य सेवा लिएको देखिन्छ। आर्थिक स्थिति मजबुत भएका तथा पहूँचवाला व्यक्तिहरू मात्रैले यस किसिमको सेवा उपभोग गर्न सफल भएको पाइन्छ। स्थानीय समुदायहरू, स्थानीय गैरसरकारी निकायहरूका प्रतिनिधीहरूको अभिव्यक्ति अनुसार यस गाउँपालिकामा मातृ तथा शिशु मृत्युदर गम्भीर समस्याको रुपमा रहेको छ।

यस क्षेत्रमा आपतकालिन प्रसुती सेवा (Emergency Obstetric Care) को कमीको कारणले गर्दा उत्पन्न हुने परिस्थिति नै मातृमृत्यदर (Maternal Mortality) को सबैभन्दा प्रमुख कारण बनेको छ। समस्याको पहिचान गर्ने सन्दर्भमा ज्ञानको कमी, लक्षणहरूको (Symptoms) गम्भीरता सम्बन्धि बुझाइमा कमी, औषधी उपचार प्रणाली (Medical System) माथिको विश्वासमा कमी, स्वास्थ्य सेवाका लागि यात्रा गरिरहनुपर्ने दुरी सम्बन्धी कुराहरू, सेवाको लागत, परम्परागत विश्वास, गरिबी न्युन गर्ने सामाजिक, आर्थिक अवस्था जस्ता विविध प्रकारका तत्त्वहरूको कारणले गर्दा आपतकालीन सेवामा कमी आउने गरेको देखिएको छ।

तालिका नं. ४९ : गाउँपालिकामा देखिएका मुख्य-मुख्य रोगहरू

| क्र.सं. | रोग | क्र.सं. | रोग |
|---|---|---|---|
| १ | ग्यास्ट्रीक | ६ | घाइते/मड्केको |
| २ | श्वासप्रश्वास | ७ | घाँटी सम्बन्धी रोग (टन्सिल्स) |
| ३ | टाउको दुखाई | ८ | चिनी रोग |
| ४ | उच्च रक्तचाप | ९ | अल्सर |
| ५ | निमोनिया | १० | छातीसम्बन्धी रोग |

### ७.२.१ गााउँघर क्लिनीक र नियमित खोप

खोप तथा मासिक क्लिनिकहरू सञ्चालन गर्नको लागि हरेक गाउँपालिकाले ४/५ वटा स्थानहरूको पहिचान गर्दछ। तर यी गाउँघरमा क्लिनिकहरूलाई नियमित रुपमा सञ्चालन गर्न सकिएको छैन साथै तिनीहरूलाई खटाइएको कर्मचारीहरूको नियमित उपस्थिति पनि कम पाइएको छ भने औषधीको आपुर्ति पनि उपलब्ध छैन। शारिरिक बृद्धिको लेखाजोखा जस्ता अन्य सेवाहरू HP को तहमा मात्र उपलब्ध गराइन्छ। गाउँपालिकामा नियमित खोप कार्यक्रम नियमित रुपमा नै चालु रहेता पनि यसले ढाक्ने लक्षित वर्ग भने घट्दो क्रममा पाइएको छ। ६ किसिमका विभिन्न प्राणघातक रोगहरूबाट बचाउनका लागि बच्चा जम्नेको १ वर्षभित्र ११ वटा खोप पुरा लगाइसक्नु पर्दछ।

### ७.२.२ एच. आई. भी./एड्सको अवस्था

सन् १९८८ मा पहिलो संक्रमण भेटिएपछि नेपालमा एचआईभीको प्रकोप विस्तारै बालबालिकामा पनि फैलिन थालेको छ। बालबालिका पनि यो समस्याबाट प्रत्यक्ष वा अप्रत्यक्षरुपमा प्रभावित हुदै गएका छन्। हाल नेपालमा एचआईभी संक्रमित बालबालिकाको संख्या उल्लेख्य रहेको छ। राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रका अनुसार २०७१ को साउन महिनासम्म नेपालमा भेटिएका जम्मा २२,९९४ एचआइभी संक्रमण मध्ये १६१८ जना १५ वर्ष मुनिका बालबालिकामा एचआइभी संक्रमण भेटिएको छ। भारतलगायतका अन्य मुलुकमा कामको खोजीमा जाने अभ्यास, बढ्दो रुपमा भइरहेको देह व्यापार, चेलीबेटी बेचविखन, सुईद्वारा लागुपदार्थको प्रयोग, अशिक्षा र गरिबीजस्ता सामाजिक समस्याले एचआइभीको प्रकोप बढाउनमा भूमिका खेलिरहेका छन्।

### ७.२.३ परिवार नियोजनका अस्थायी तथा स्थायी साधन प्रयोग सम्बन्धी विवरण

तालिका नं. ५० : परिवार नियोजनका अस्थायी तथा स्थायी साधन प्रयोग सम्बन्धी विवरण

| विवरण | | | भारदेव | चौघरे | दलचोकी | नल्लु | शंखु | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| स्थायी विधि | हालका प्रयोगकर्ता | इम्प्लाण्ट | ५२ | २० | २५ | | २७ | १२४ |
| | | सावजनिक सुविधाका | | | १८ | ५ | | २३ |
| | नयाँ प्रयोगकर्ता | सार्वजनिक शिविरमा | | | | १ | | १ |
| अस्थायी विधि | डिपो प्रोभेरा | कण्डम (पिस) | २००० | १८०० | २३४ | ८५० | १२१० | ६०९४ |
| | | हालका प्रयोगकर्ता | ९२१ | ७९२ | २७१ | १४६१ | ४९३ | ३९३८ |
| | | छोडेको/ फ्किकेको | | ७४ | २१ | १४१ | ५ | २४१ |
| | | संख्या | २९५ | २४७ | ६५ | ४६९ | १४९ | १२२५ |
| | | नयाँ प्रयोगकर्ता २० वर्ष मुनिका | २ | ९ | १ | | १ | १३ |
| | | नयाँ प्रयोगकर्ता २० वर्ष र सो भन्दा माथिका | ३९ | ३१ | १० | २७ | १९ | १२६ |
| | आईयूसिडी | संख्या | | | | | १८ | १८ |
| | इम्प्लाण्ट | हालका प्रयोगकर्ता | १३८ | ५१४ | १८८ | ४१ | ३७ | ९१८ |
| | | छोडेको/ फ्किकेको | | ४६ | | | | ४६ |
| | | नयाँ प्रयोगकर्ता २० वर्ष मुनिका | ३ | | | | २ | ५ |
| | | नयाँ प्रयोगकर्ता २० वर्ष र सो भन्दा माथिका | ४९ | २० | २५ | | १५ | १०९ |
| | खाने चक्की | हालका प्रयोगकर्ता | ४९ | ३३ | १२२ | ६७ | ११२ | ३८३ |
| | | संख्या | ६१ | २७ | २२३ | ७२ | ११४ | ४९७ |
| | | छोडेको | | ११ | | १० | १ | २२ |
| | | नयाँ प्रयोगकर्ता २० वर्ष मुनिका | | | १ | | | १ |
| | | नयाँ प्रयोगकर्ता २० वर्ष र सो भन्दा माथिका | ५ | ८ | ४ | २ | ७ | २६ |
| | | जम्मा | ३६१४ | ३६३२ | १२०८ | ३१४६ | २२१० | १३८१० |

स्रोत: जिल्ला जनस्वास्थ्य कार्यालय, २०७४

### ७.२.६ सुरक्षित मातृत्वको अवस्थाको विवरण

बालबालिकालाई गर्भमा रहँदा देखि र जन्मेपछि स्याहार तथा रेखदेख गर्न सकिएन भने उनीहरू विभिन्न रोगबाट संक्रमित हुने जोखिम हुन्छ। गर्भमा रहँदा मूलत: आमाको उमेर, पोषण, आराम, मादक तथा सुर्तिजन्य पदार्थको सेवन लगायतका अवस्थाले बालबालिकाको स्वास्थ्य निर्भर रहन्छ। बालबालिका स्वस्थ जन्मनका लागि गर्भवती महिलाले कम्तीमा पनि चारपटक नियमित स्वास्थ्य जाँच गराउनुपर्दछ र आवश्यक खोप (टि.टि) तथा आइरन, भिटामिन चक्कीहरू नियमित सेवन गर्नुपर्दछ। कम उमेरमै गर्भवती हुँदा आमा र शिशु दुवैको स्वास्थ्यमा हानिनोक्सानी पुग्ने भएकाले सरकारले कानुनी रुपमा विवाह गर्ने न्यूनतम उमेर २० वर्ष तोकिएको छ। तर १७ प्रतिशत किशोरीहरू (१५ देखि १९ वर्ष उमेरका) गर्भवती भएका वा आमा भइसकेका हुन्छन् (नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०६८)।

सरकारले स्वास्थ्य सेवा विभागमार्फत सुरक्षित मातृत्व तथा नव शिशु स्वास्थ्यका लागि समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिरहेको छ। यसले आमा र बालबालिकाको मृत्युदर घटाउन धेरै मद्दत पुऱ्याएको छ। तर पनि उक्त सेवाहरू कार्यक्रम केन्द्रित भएका कारण सबै लक्षित वर्गमा अझै पुग्न सकेको देखिँदैन।

स्वास्थ्य विभागको तथ्याङ्कअनुसार कोन्ज्योसोम गाउँपालिकामा सुरक्षित मातृत्वको अवस्थाको विवरण तल तालिकामा देखाइएको छ।

तालिका नं. ५१ : सुरक्षित मातृत्वको अवस्थाको विवरण

| विवरण | भारदेव | चौघरे | दलचोकी | नल्लु | शंखु | जम्मा |
|---|---|---|---|---|---|---|
| प्रोटोकलअनुसार पिएनसी जाँच गर्ने महिला | ३४ | | ४ | १ | | ३९ |
| एएनसी जाँच गर्न योग्य महिला | ३५ | ३००१ | ३ | | | ३०३९ |
| एएनसी जाँच गर्ने महिला | ३१ | ३००१ | २ | | | ३०३४ |
| Safe Motherhood Program-Aama Program-Incentive-Transport-No of Women Eligible | ३६ | १८०२ | ६ | | | १८४४ |
| Safe Motherhood Program-Aama Program-Pregnant Women Received Incentive on Transportation | ३६ | १८०२ | ६ | | | १८४४ |
| पहिलो पटक एएनसी जाँच गर्ने २० वर्षभन्दा माथिका महिला (जुनसुकै समय) | ३९ | २१ | १३ | १३ | १३ | ९९ |
| पहिलो पटक एएनसी जाँच गर्ने २० वर्षभन्दा माथिका महिला (प्रोटोकल अनुसार) | ३३ | ९ | १० | ३ | २ | ५७ |
| पहिलो पटक एएनसी जाँच गर्ने २० वर्षभन्दा मुनिका महिला (जुनसुकै समय) | १४ | ३ | ३ | ५ | १ | २६ |
| पहिलो पटक एएनसी जाँच गर्ने २० वर्षभन्दा मुनिका महिला (प्रोटोकल अनुसार) | १४ | ५ | ३ | | १ | २३ |
| चौथौं पटक एएनसी जाँच गर्ने २० वर्षभन्दा मुनिका महिला (प्रोटोकल अनुसार) | ९ | १ | १ | | | ११ |
| चौथौं पटक एएनसी जाँच गर्ने २० वर्षभन्दा माथिका महिला (प्रोटोकल अनुसार) | ३० | ३ | ९ | ४ | | ४६ |
| कम तौल भएको जन्मजात शिशु (१.५ देखि २.५ के.जी.भन्दा मुनि) | २ | | | | | २ |
| साधारण तौल भएको जन्मजात शिशु (२.५ के.जी.भन्दा बढि) | २८ | ६ | ६ | ६ | | ४६ |
| धेरै कम तौल भएको जन्मजात शिशु (१.५ के.जी.भन्दा कम) | ३ | | | | | ३ |
| बच्चा जन्मदा नाभी मलम लगाएका शिशु | ३५ | ६ | ६ | | | ४७ |
| Safe Motherhood Program-Delivery Outcome-Mother Single | ३६ | ६ | ६ | ६ | | ५४ |
| डेलिभरी हुँदा जन्मेको एक शिशु | ३० | ५ | ६ | ७ | | ४८ |
| डेलिभरी हुँदा जन्मेको जुम्ल्याहा शिशु | २ | | | | | २ |
| Safe Motherhood Program-Delivery Service-Non-SBA Health Workers Home | | | | ६ | | ६ |
| Safe Motherhood Program-Delivery Service-Skilled Birth Attendants (SBA)Facility | ३६ | ६ | ६ | | | ४८ |
| सुत्केरी भएको २४ घण्टाभित्र पि.एन.सी. जाँच गरेको महिला | ३५ | ६ | ७ | ४ | | ५२ |
| सुत्केरीको ............... (Cephalic) | ५ | | | | | ५ |
| सामान्य सुत्केरी (Spontaneous Cephalic) | ३६ | ६ | ६ | ६ | | ५४ |
| प्रसुति उपकरण प्रयोग गरेर (Vaccum/Forcep Cephalic) | २ | | १ | | | ३ |
| जम्मा | ५६१ | ९६८९ | १०४ | ६१ | १७ | १०४३२ |

स्रोत: जिल्ला जनस्वास्थ्य कार्यालय, ललितपुर, २०७४

### ७.२.७ खोपको विवरण

नेपाल सरकारले राष्ट्रिय खोप कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छ। खोप कार्यक्रम कम खर्चिलो तथा मितव्ययी रुपमा गरिने स्वास्थ्य क्षेत्रको एउटा प्रभावकारी प्रयत्न हो। खोप कार्यक्रमले उल्लेख्य रुपमा बालमृत्युदर घटाउन र विभिन्न रोगलाई रोकथाम गर्न सहयोग पुर्याएको पाइन्छ। जसले गर्दा सहस्राब्दी विकास लक्ष्यको बालमृत्युदर घटाउने लक्ष्य (एम.जी.डी.-४) प्राप्त गर्न सहयोग पुगेको छ।

जिल्ला स्वास्थ्य कार्यालयको तथ्याङ्क अनुसार आ.व. २०७३/७४ मा खोप लगाउने संख्या विगतको भन्दा तुलनात्मक रुपमा बृद्धि भएको देखिन्छ। वी.सी.जी १०८ जना, डि.पी.टी. पहिलो खोप पाएका १४९, डि.पी.टी. दोश्रो खोप पाएका १४६, डि.पी.टी. तेश्रो खोप १४५ जना देखिनुले धेरै बालबालिका सुरक्षित भएको अनुमान गर्न सकिन्छ। दादुरा खोप पाएका १२-२३ महिनाका बालबालिका ५५, ९-११ महिनाका बालबालिका १४८ जना प्रयोगकर्ताहरू देखिएका छन्।

तालिका नं. ५२ : खोपको विवरण

| विवरण | भारदेव स्वा.चौ. | चौघरे स्वा.चौ. | दलचोकी स्वा.चौ. | नल्लु स्वा.चौ. | शंखु स्वा.चौ. | जम्मा |
|---|---|---|---|---|---|---|
| दादुरा/रुबेला का खोप पाएका १२-२३ महिनाका बालबालिका | १३ | १७ | ११ | ३ | ११ | ५५ |
| दादुरा/रुबेला का खोप पाएका ९-११ महिनाका बालबालिका | ४८ | ३५ | १७ | २३ | २५ | १४८ |
| बि.सि.जि. खोप पाएका बालबालिका | ४९ | १९ | ११ | १३ | १६ | १०८ |
| आईपिभी खोप पाएका बालबालिका | ४५ | २८ | २२ | २१ | १९ | १३५ |
| जे.ई. खोप पाएका बालबालिका | ३८ | ३७ | २५ | ३० | २४ | १५४ |
| १ पटक टि.डी. खोप पाएका गर्भवती महिला | ४७ | २३ | १० | ४ | २२ | १०६ |
| २ पटक टि.डी. खोप पाएका गर्भवती महिला | ४४ | १८ | १६ | ५ | १४ | ९७ |
| २+ पटक टि.डी. खोप पाएका गर्भवती महिला | १ | | | १० | | ११ |
| डी.पी.टी-हेपाटाइटिस बी.-हिव पाहिलो खोप पाएका बालबालिका | ४४ | २९ | २१ | १५ | ४० | १४९ |
| डी.पी.टी-हेपाटाइटिस बी.-हिव दोस्रो खोप पाएका बालबालिका | ५२ | ३१ | १९ | १३ | ३१ | १४६ |
| डी.पी.टी-हेपाटाइटिस बी.-हिव तेस्रो खोप पाएका बालबालिका | ५० | ३१ | २४ | १९ | २१ | १४५ |
| ओपिभी पाहिलो खोप पाएका बालबालिका | ४४ | २९ | २१ | १५ | ४० | १४९ |
| ओपिभी दोस्रो खोप पाएका बालबालिका | ५२ | ३१ | १९ | १३ | ३१ | १४६ |
| ओपिभी तेस्रो खोप पाएका बालबालिका | ५० | ३१ | २४ | १९ | २४ | १४८ |
| पिसिभी पहिलो खोप पाएका बालबालिका | २७ | १४ | १३ | १० | २७ | ९१ |
| पिसिभी दोस्रो खोप पाएका बालबालिका | २५ | १६ | १० | ६ | १८ | ७५ |
| पिसिभी तेस्रो खोप पाएका बालबालिका | १८ | २० | ९ | ८ | १२ | ६७ |
| बिसिजी खोप पाएका बालबालिका | १७० | ४६० | १३० | १४० | २६१ | ११६१ |
| डिपिटी-हेपटाईटीज बी खोप पाएका बालबालिका | १७५ | २४० | १३० | १२० | १८० | ८४५ |
| आइपिभि खोप पाएका बालबालिका | ६७ | १६२ | ८० | ६५ | १३० | ५०४ |
| जे.इ. खोप पाएका बालबालिका | ५५ | १२० | ७५ | ५५ | ८० | ३८५ |
| दादुरा खोप पाएका बालबालिका | ११० | २२० | १४० | ९० | १७० | ७३० |
| ओ.पि.भि खोप पाएका बालबालिका | २१५ | २६० | १५० | १३० | २४० | ९९५ |
| पिसिभि खोप पाएका बालबालिका | ६८ | ७२ | ३८ | ३० | ७२ | २८० |
| टिटानस सुई पाएका गर्भवति महिला | ११६ | १२० | १२० | १०० | ७० | ५२६ |
| **जम्मा** | १६२३ | २०६३ | ११३५ | ९५७ | १५७८ | ७३५६ |

स्रोत: जिल्ला जनस्वास्थ्य कार्यालय, ललितपुर, २०७४

### ७.२.८ बालबालिकाको स्वास्थ्य

आ.व. २०७३/७४ मा यस गाउँपालिकामा वी.सी.जी खोप पाएका १०८ जना, डि.पी.टी. पहिलो खोप पाएका १४९ जना, डि.पी.टी. दोश्रो खोप पाएका १४६ जना, डि.पी.टी. तेश्रो खोप पाएका १४५ जना बालबालिका देखिनुले धेरै बालबालिका सुरक्षित भएको अनुमान गर्न सकिन्छ । यसैगरी दादुरा खोप पाएका १२-२३ महिनाका बालबालिका ५५ जना, ९-११ महिनाका बालबालिका १४८ जना प्रयोगकर्ताहरू देखिएका छन् । त्यस्तै भिटामिन ए खुवाइएका १२-५९ महिनाका बालबालिका १,४२६ जना र ६-११ महिनाका बालबालिकाहरू १५१ जना रहेको छ । महिला स्वास्थ्य स्वयंसेविकाहरूद्वारा निमोनिया रोगको उपचार शुरु गरिएदेखि बच्चाहरूलाई उपचारका लागि स्वास्थ्य संस्थामा लैजाने क्रममा बृद्धि भएको छ भने महिला स्वास्थ्य स्वयंसेविकाहरूबाटै उपचार हुने बालबालिकाहरूको संख्या पनि अधिकतम रहेको देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

### ७.२.९ बाल्यकालमा हुने रोगका जोखिम

५ वर्षमुनिका बालबालिकालाई विभिन्न रोगले संक्रमण गर्ने उच्च सम्भावना रहन्छ । नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ का अनुसार बाल्यकालमा हुने प्रमुख संक्रमण एवं मृत्युका कारणका रुपमा निमोनिया, झाडापखाला, मलेरिया, दादुरा र कुपोषण पर्दछन् । सरकारले ती रोगबाट बचाउन तथा रोगको रोकथाम गर्न, बाल्यकालमा हुने रोगहरूको समुदायमा आधारित एकिकृत व्यवस्थापन कार्यक्रम लागु गरेको छ । कार्यक्रमले यी रोगको एकिकृत व्यवस्थापन समुदायमै गर्दछ ।

### ७.२.१० शिशु तथा ५ वर्ष बाल मृत्युदर

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०११ अनुसार शिशुमृत्यदर सन् १९९६ मा ७९ प्रतिहजार थियो भने सन् २००१ मा क्रमशः घट्दै ६४ प्रतिहजारमा पुगेको छ । सन् २००६ को उक्त सर्वेक्षणअनुसार ४८ प्रतिहजार पुगेको थियो । त्यस्तै सन् २०११ को सर्वेमा शिशु मृत्युदर ४६ प्रतिहजारमा झरेता पनि अघिल्लो सर्वेसँग तुलना गर्दा झिनो मात्रै अन्तर देखिएको छ ।

### ७.२.११ बालपोषण सम्वन्धी विवरण

कुनै पनि ठाउँको पोषणको अवस्था कस्तो छ भन्ने कुरा त्यस ठाउँका बालबालिकालाई हेरेर सजिलै अनुमान लगाउन सकिन्छ । पोषित बालबालिकालाई कुनै पनि ठाउँको सामाजिक र आर्थिक विकासको सुचकको रुपमा हेर्न सकिन्छ । सरकारले पनि पोषणलाई प्राथमिकता दिई ५ वर्ष मुनिका बालबालिकाहरूलाई नियमित रुपमा बालबृद्धि अनुमान गर्दै आएका छन् । बालअधिकार सम्बन्धि महासंन्धी, १९८९ ले समेत बालबालिकालाई अवहेलना, वेवास्ता, हेलचेक्राइ, दुव्यर्वहार, हिंसा लगायतबाट जोगाई खाना र पोषणको अधिकार सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ । अन्तरिम संविधान, २०६३ ले पनि खाद्य सम्प्रभुतालाई मौलिक हकका रुपमा राखेको छ ।

तालिका नं. ५३ : बालपोषण सम्वन्धी विवरण

| विवरण | भारदेउ | चौघरे | दलचोकी | नल्लु | शंखु | जम्मा |
|---|---|---|---|---|---|---|
| सामुदायिक महिला स्वास्थ्य परिचालिकाद्वारा प्रथम पटक १२-१७ महिनाका बालबालिाकाहरूका लागि शिशु तथा बाल्यकालिन पोषण परामर्श र सामुदायिक बाल पोषण विकास कार्यक्रम | २३ | | | | | २३ |
| सामुदायिक महिला स्वास्थ्य परिचालिकाद्वारा दोस्रो पटक १२-१७ महिनाका बालबालिकाहरूका लागि शिशु तथा बाल्यकालिन पोषण परामर्श र सामुदायिक बाल पोषण विकास कार्यक्रम | ४६ | | | | | ४६ |
| महिला स्वास्थ्यकर्मीद्वारा दोस्रो पटक १२-१७ महिनाका बालबालिकाहरूका लागि शिशु तथा बाल्यकालिन पोषण परामर्श र सामुदायिक बाल पोषण विकास कार्यक्रम | | २ | | | | २ |
| सामुदायिक महिला स्वास्थ्य परिचालिकाद्वारा पहिलो पटक १८-२३ महिनाका बालबालिकाहरूका लागि शिशु तथा बाल्यकालिन पोषण परामर्श र सामुदायिक बाल पोषण विकास कार्यक्रम | ४५ | | | | | ४५ |
| सामुदायिक महिला स्वास्थ्य परिचालिकाद्वारा दोस्रो पटक १८-२३ महिनाका बालबालिकाहरूका लागि शिशु तथा बाल्यकालिन पोषण परामर्श र सामुदायिक बाल पोषण विकास कार्यक्रम | १८ | | | | | १८ |
| सामुदायिक महिला स्वास्थ्य परिचालिकाद्वारा पहिलो पटक ६-११ महिनाका बालबालिकाहरूका लागि शिशु तथा बाल्यकालिन पोषण परामर्श र सामुदायिक बाल पोषण विकास कार्यक्रम | ५८ | | | | | ५८ |
| महिला स्वास्थ्यकर्मीद्वारा पहिलो पटक ६-११ महिनाका बालबालिकाहरूका लागि शिशु तथा बाल्यकालिन पोषण परामर्श र सामुदायिक बाल पोषण विकास कार्यक्रम | | १ | | | | १ |
| शिशु तथा बाल्यकालिन पोषण परामर्श- | २९ | १० | | १४ | १ | ५४ |
| शिशु तथा बाल्यकालिन पोषण परामर्श-पूर्ण स्तनपान गराएका | २७ | २१ | | ७ | २ | ५७ |
| जुकाको औषधि पाउने ५ वर्षमुनिका बालबालिका | ३२९ | ३१७ | ७९ | ३३७ | २७७ | १३३९ |
| भिटामिन ए पाउने १२-५९ महिनाको बालबालिका | ३२९ | ३१७ | १६६ | ३३७ | २७७ | १४२६ |
| भिटामिन ए पाउने ६-११ महिनाको बालबालिका | ५२ | ३५ | १९ | २४ | २१ | १५१ |
| ४५ आइरन चक्की पाउने सुत्केरी महिला | ३८ | ८ | १२ | ७ | १७ | ८२ |
| भिटामि ए पाउने सुत्केरी महिला | ३८ | ८ | ५ | ७ | १७ | ७५ |
| १८० आईरन चक्की पाउने गर्भवती महिला | ३९ | ४ | १० | ६ | | ५९ |
| पहिलो पटक आईरन चक्की पाउने गर्भवती महिला | ५१ | २८ | १३ | १७ | २० | १२९ |
| जुकाको औषधी सँगै आइरन चक्की पाउने गर्भवति महिला | ५१ | २८ | १४ | १७ | २० | १३० |
| ०-११ महिनाका बालबालिकाहरूको वृद्धिदर जाँच गर्न आउने नयाँ दर्ता संख्या | ४२ | १९ | १३ | १४ | १५ | १०३ |
| १२-२३ महिनाका बालबालिकाहरूको वृद्धिदर जाँच गर्न आउने नयाँ दर्ता संख्या | ४६ | २५ | | ३० | १ | १०२ |
| ०-११ महिनाका बालबालिकाहरूको पुन: वृद्धिदर जाँच गर्न आउने (मध्यम) | | | १ | | | १ |
| ०-११ महिनाका बालबालिकाहरूको पुन: वृद्धिदर जाँच गर्न आउने (साधारण) | २२२ | १२६ | ६५ | ७० | १०१ | ५८४ |
| १२-२३ महिनाका बालबालिकाहरूको पुन: वृद्धिदर जाँच गर्न आउने | ७ | १८ | ६१ | | ५४ | १४० |
| जम्मा | १४९० | ९६७ | ४५८ | ८८७ | ८२३ | ४६२५ |

स्रोत: जिल्ला जनस्वास्थ्य कार्यालय, ललितपुर, २०७४

### ७.२.१२ ओपिडी सम्बन्धी विवरण

तालिका नं. ५४ : ओपिडी सम्बन्धी विवरण

| विवरण | भारदेउ स्वा.चौ. | चौघरे स्वा.चौ. | दलचोकी स्वा.चौ. | नल्लु स्वा.चौ. | शंखु स्वा.चौ. | जम्मा |
|---|---|---|---|---|---|---|
| ओपिडीमा नयाँ जाँच गराउन आउनेको संख्या (५ वर्षभन्दामुनिका बालबालिकाहरू सहित) | ५५६४ | ३२७४ | १८५१ | २१६० | ३९५७ | १६८०६ |

स्रोतः जिल्ला जनस्वास्थ्य कार्यालय, ललितपुर, २०७४

## ७.३ खेलकुद तथा मनोरञ्जन

खेलकुद क्षेत्रमा स्वस्थ, प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी गाउँपालिकाको चौतर्फी विकासलाई बल पुऱ्याउन सकिन्छ भन्ने मान्यता अनुसार यस गाउँपालिकामा खेलकुदका लागि विभिन्न स्थानहरूमा खेलकुद मैदान रहेको देखिन्छ। गाउँका भारदेव वडा नं. ५ मा भलिबल मैदान, फुटबल मैदान, वडा नं. १ चौघरेमा फुटबल ग्राउण्ड, वडा नं. १ काम्लेचौरमा फुटबल ग्राउण्ड रहेको छ। यसैगरी गाउँको वडा नं. २ मा रहेको चार ओटा विद्यालयको हाताभित्र खेलमैदान रहेको पाइन्छ। तर ती स्थानहरूमा खेलकुदको लागि केहीमात्र पूर्वाधार तयार भएको देखिन्छ। समग्रमा भन्नुपर्दा बालबालिका एवं युवा जनशक्तिको स्वास्थ्य शारीरिक विकासको लीग नभई नहुने खेलकुदको क्षेत्रमा अत्यन्त न्युन लगानी हुने गरेको देखिन्छ। विगतमा निर्मित खेलकुदसम्बन्धी पूर्वाधारहरूको मर्मत गर्न पनि निकै ठुलो लगानी गर्नुपर्ने आवश्यकता देखिएको छ।

गाउँका विभिन्न स्थानहरूमा विश्रामका लागि पाटीपौवा तथा चौताराहरू रहेको पाइन्छ। केही पाटीपौवाहरू अघिल्लो वर्षमा गएको भूकम्पद्वारा क्षतीग्रस्त भएको छ र तिनीहरूलाई हालसम्म मर्मत तथा सम्भारको लागि कुनै कार्य अगाडि बढेको देखिदैन।

## ७.४ नागरिक सुरक्षा

### ७.४.१ बृद्धबृद्धाहरूको अवस्था

जनगणना २०६८ को नतिजा अनुसार, ७० वर्ष उमेर नाघेका ३.२३ प्रतिशत (३१४ जना) बृद्धबृद्धाहरू यस गाउँपालिकामा रहेका छन्। शारिरीक जीर्णताका कारण परिवारजनहरूको समेत आवश्यक हेरचाह नपुग्ने यो समुदायको सामाजिक अवस्था अत्यन्त कष्टप्रद रहेको छ। बृद्धहरूको मनोरञ्जनका लागि कुनै विशेष स्थल वा कार्यक्रमको निर्माण वा तयारी नभएको हुँदा बृद्धबृद्धाहरूलाई सेवा पुऱ्याउन यस गाउँपालिकामा बृद्धाश्रम निर्माण गर्नुपर्ने देखिन्छ। पश्चिमा संस्कृतिको प्रभावले हाम्रो संस्कृतीको मुल मर्म र बृद्धजन तथा नयाँपुस्ताबीचको पारस्परिक सुमधुर सम्बन्धलाई तहसनहस पार्ने खतरा बढ्दै गएको छ। राज्यको तर्फबाट ७० वर्ष माथिका सबै जेष्ठ नागरिकहरूलाइ दिइने भनिएको बृद्ध भत्ता समेत सबैले पाउन सकेका छैनन्। अर्ध बृद्धावस्थाकै हाराहारिमा रहेको ६०-६४ वर्षको २.७५ प्रतिशत (२६७ जना), ६५-६९ वर्षका २.१८ प्रतिशत (२१२ जना) गरी जम्मा ८.१७ प्रतिशत (७९३ जना) बृद्ध नागरिकहरूको लागि समेत गाउँपालिकाको कार्यालय तथा सरोकारवालाहरूले कुनै विशेष कार्यक्रम ल्याएको छैन र यस स्थितिलाई कसरी सहज बनाउने र गाउँपालिकामा जिवीत यी जेष्ठ नागरिकहरूको अमुल्य अनुभवबाट नयाँ पीढीले कसरी अनुभव र शिक्षा प्राप्त गर्ने भन्नेबारे अध्ययन र योजना बनाउनुपर्ने देखिन्छ।

### ७.४.२ सामाजिक सुरक्षा भत्ता

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०६९ बमोजिम समाजका जेष्ठ नागरिक, एकल महिला, विधवा, दलित वर्ग, लोपोन्मुख आदिवासी जनजाति, अशक्त अपाङ्गता भएका नागरिकहरू एवम् दलित बालबालिकाहरूले सामाजिक सुरक्षा भत्ता वृत्ति अनुदान प्राप्त गर्नेछन्। यसै अनुरुप कोन्ज्योसोम गाउँपालिकामा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरूको विस्तृत विवरण तल तालिकामा दिईएको छ।

तालिका नं. ५५ : सामाजिक सुरक्षा भत्ता

| वडा नं. | साविकका गाविसहरू | जेष्ठ नागरिक | | | | | | महिला | | | जम्मा संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दलित | | | अन्य | | | | | | |
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | एकल | विधवा | जम्मा | |
| १ | चौघरे | ० | ० | ० | २६ | २१ | ४७ | ० | ८ | ८ | ५५ |
| २ | शंखु | १ | ० | १ | ४६ | ४० | ८६ | ० | ४ | ४ | ९१ |
| ३ | दलचोकी | ० | ० | ० | १५ | २० | ३५ | १ | १३ | १४ | ४९ |
| ४ | नल्लु | ० | ० | ० | २३ | २९ | ५२ | ० | ८ | ८ | ६० |
| ५ | भारदेउ | ० | ० | ० | २९ | २१ | ५० | ० | ८ | ८ | ५८ |
| | जम्मा | १ | ० | १ | १३९ | १३१ | २७० | १ | ४१ | ४२ | ३१३ |

स्रोतः जिल्ला समन्वय समिति, २०७४

माथिको तालिकामा कोन्ज्योसोम गाउँपालिकामा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरूको विवरण दिईएको छ। जसमा यस गाउँपालिकामा जम्मा ३१३ जनाले समाजिक सुरक्षा भत्ता पाएका छन्।

## ७.५ अपाङ्गगताको विवरण

राष्ट्रिय जनगणना २०६८ अनुसार कोन्ज्योसोम गाउँपालिकामा अपाङ्गताको अवस्थालाई हेर्दा अपाङ्गता भएको जनसंख्या १.६२ प्रतिशत (१५७ जना) रहेको छ। जसमा शरिरीक अपाङ्गता भएका ७५ (४७.७७ प्रतिशत), श्रवण सम्बन्धी अपाङ्गता भएका २८ (१७.८३ प्रतिशत), दृष्टीसम्बन्धी अपाङ्गता भएका १९ (१२.१० प्रतिशत), स्वर बोलाई सम्बन्धी समस्या भएका १९ जना (१२.१० प्रतिशत) देखिन्छन् भने मानसिक अपाङ्गता भएका ५ जना (३.१८ प्रतिशत), बहु अपाङ्गता भएका ५ जना (३.१८ प्रतिशत) रहेको देखिन्छ। साथै बौद्धिक अपाङ्गता भएका ४ जना (२.५५ प्रतिशत) र श्रवण, दृष्टि सम्बन्धी अपाङ्गता २ (१.२७ प्रतिशत) रहेका छन्। खासगरी व्यक्तिहरूमा अपाङ्गता हुने कारण आयोडिनयुक्त नुनको प्रयोगको कमी, ग्रामीण क्षेत्रमा मुख नधुने समसयाका कारण उत्पन्न Trachoma रोग, दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्य उपचार नपाएर, द्वन्द्व वा युद्ध वा विस्फोटक पदार्थको प्रयोग आदि देखिएका छन्। जसलाई घटाउन प्रतिरोधात्मक र उपचारात्मक दुवै कार्यहरू गरिनुपर्दछ। नेपालले अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाहरूको हक हित र अधिकारको संरक्षण एवं सम्बर्द्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गतासम्बन्धी कार्ययोजना, २०६३ तयार गरी कार्यान्वयनमा ल्याएको छ। त्यसै गरी २०६६ पुस १२ गते नेपालले अपाङ्गता भएका व्यत्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी, २००६ लाई अनुमोदन गरेको छ। २०६८ सालको जनगणना अनुसार नेपालमा कुल जनसंख्याको १.९४ प्रतिशत (५,१२,३२१ जना) जनसंख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता देखिएको छ।


जसमध्ये शारिरीक अपाङ्गता ३६.३ प्रतिशत, दृष्टिबिहीन १८.५ प्रतिशत, मानसिक अपाङ्गता ६ प्रतिशत, बौद्धिक अपांगता २.९ प्रतिशत, बहु अपाङ्गतामा ७.५ प्रतिशत रहेको छ। सरकारले अपाङ्गता परिचयपत्र वितरण निर्देशिकासमेत जारी गरी वितरण गरिरहेको छ। अपाङ्गता परिचयपत्र वितरण गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताका आधारमा शारिरीक अपाङ्गता, दृष्टिविहीन र न्युन दृष्टियुक्त, स्वरबोलाइ सम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, श्रवण दृष्टिविहिनता, मानसिक अपाङ्गता बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी सात किसिमले र गाम्भीर्यताका आधारमा तह क (रातो रङको परिचयपत्र), तह ख (नीलो रङको परिचयपत्र), तह ग पहेलो रङको परिचयपत्र र तह घ (सेतो रङको परिचयपत्र) गरी चार तहमा विभक्त गरी परिचय पत्र वितरण गर्ने कार्य सुरु गरिएको छ। हालसम्म यो समुदायको सामाजिक आर्थिक अवस्थामा परिवर्तन ल्याउन केही सामान्य आयमुलक र सिपमुलक तालिमहरू सञ्चालन गरिएता पनि यिनीहरूको आत्मविश्वासलाई बढाउन र समुदायबाट हुने गरेको उपेक्षाबाट मुक्त राख्न स्थानीय स्रोत साधान र निकायहरूमा यो समुदायको पहूँच पुऱ्याउन विभिन्न कार्यक्रम ल्याउनु पर्ने देखिन्छ।

तालिका नं. ५६ : अपाङ्गताको विवरण

| | शारिरीक अपाङ्गता | दृष्टी सम्बन्धी अपाङ्गता | सुनाई सम्बन्धी अपाङ्गता | श्रवण, दृष्टिविहीन अपाङ्गता | स्वरबो लाई सम्बन्धी अपाङ्गता | मानसिक अपाङ्गता | बौद्धिक अपाङ्गता | बहु अपाङ्गता | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ५१ | ११ | १६ | २ | ९ | २ | २ | २ | ९५ |
| महिला | २४ | ८ | १२ | ० | १० | ३ | २ | ३ | ६२ |
| जम्मा | ७५ | १९ | २८ | २ | १९ | ५ | ४ | ५ | १५७ |
| प्रतिशत | ४७.७७ | १२.१० | १७.८३ | १.२७ | १२.१० | ३.१८ | २.५५ | ३.१८ | १०० |

श्रोत: राष्ट्रिय जनगणना, २०६८

अपाङ्गताको विवरण



## ७.६ बालश्रमको अवस्था

बालबालिकालाई सामाजिक वा आर्थिक लाभका लागि श्रममा संलग्न गराउनु बालश्रम हो। नेपालमा कानुनले बालबालिकाको उमेरका आधारमा स्वीकार्य र अस्वीकार्य कामहरू तोकेको छ। १३ वर्ष उमेर नपुगेका बालबालिकाहरूलाई श्रमिकका रुपमा काममा लगाउन हुदैन भने १४ वर्ष देखि १५ वर्षसम्मकालाई खासखास क्षेत्रको हल्का र विशेष सुविधाका काममा लगाउन पाइन्छ। कुनै पनि बालबालिकालाई जोखिमपुर्ण काममा लगाउन पाइदैन। तथापी सुरक्षित वातावरणमा नयाँ-नयाँ कुरा सिक्ने, जान्ने, पढ्ने, बुझ्ने उमेरमा नेपालका धेरै बालबालिकाका बालश्रमिकका रुपमा काम गर्न बाध्य छन्। आफ्ना बालापनलाई कडा श्रमसँग साटिरहेका छन्। काम गर्नु पर्नाले शिक्षाबाट बञ्चित हुनु देखि शोषण र दुर्व्यवहारबाट धेरै बालबालिका पिडित भएका छन्। नेपालमा बालश्रमका बारेमा विभिन्न विषयगत क्षेत्रहरूमा साना-ठुला अध्ययन भए तापनि आवधिक, एकिकृत, आधिकारिक तथ्यांक तथा जानकारीको भने अभाव छ। बालश्रम नेपाली बालबालिकाको एक दु:खद यथार्थ हो।

बालबालिकालाई श्रममा लगाइनु बालअधिकार विपरित कार्य हो। बालश्रमलाई नेपालको अन्तरिम संविधानको धारा २२ ले पनि रोक लगाएको छ भने बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६, श्रम ऐन २०४८ लगायत कानुनी व्यवस्थाहरू विद्यमान छन्। यसैगरी नेपालले राज्य पक्षका रुपमा अनुमोदन गरिसकेको संयुक्त राष्ट्रसंघका बाल अधिकार सम्बन्धि महासन्धि, १९८९, अन्तराष्ट्रिय श्रम संगठनको रोजगारीको न्युनतम उमेर सम्बन्धी महासन्धी नं १३८ तथा निकृष्ट प्रकारको बालश्रम सम्बन्धि महासन्धी नं. १८२ तथा सिफारिश नं १९० ले पनि राज्यलाई बालश्रमविरुद्ध थप उत्तरदायित्व बहन गर्न प्रेरित गरेको छ।

## ७.७ संस्थागत स्याहारमा रहेका द्वन्द्व प्रभावित बालबालिका

केन्द्रीय बालकल्याण समितिले विभिन्न ४६ जिल्लामा गरेको अध्ययनअनुसार २४ जिल्लामा संस्थागतरुपमा द्वन्द्व प्रभावित बालबालिका रहेको पाइयो। ७४६ जनामा १२१ परिवार विहिन, बाबुमात्र भएका २६ जना बालबालिका, आमामात्रै भएका ४३६ जना र दुबै भएका १६३ बालबालिका छन्। सबैभन्दा बढी ४१६ जना र त्यसपछि काठमाडौंमा ९८ जना बालबालिका संस्थागत स्यहारामा रहेको छन्। उक्त बालबालिकाको अवस्थामा हेर्ने हो भने बालबालिकाकालाई संस्थागत स्याहारमा राख्नु अन्तिम विकल्पका रुपमा लिने गरेकोमा ती बालबालिकालाई बैकल्पिक स्याहार र सुरक्षाको व्यवस्था गर्नुपर्ने देखिन्छ।

## ७.८ बालसंरक्षण तथा संबर्द्धन समिति

बालबालिकाको जीवन रक्षा, संरक्षण, सहभागिता र विकास सम्बन्धी विभिन्न कार्यक्रम सरकारी र गैरसरकारी निकायका साझेदार संस्थाहरूको सहकार्यमा संचालन गर्न बाञ्छनिय भएकोले त्यस्ता कार्यक्रमलाई निर्देशित र नियमन गर्न नेपाल सरकार, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले बाल अधिकार संरक्षण र संबर्द्धन कार्यक्रम (कार्यान्वयन) निर्देशिका, २०६५ जारी गरि लागु गरेको छ।

सोही जारी निर्देशिका अनुसार पचहत्तरै जिल्लामा बालअधिकार संरक्षणार्थ विभिन्न संरचनाहरू गठन भई कार्यक्रमहरू लागु भएको देखिन्छ। जसमा १६६१ ओटा गाउँपालिकाहरूमा १६६१ ओटा गाउ बाल संरक्षण तथा सम्बर्द्धन उपसमितिहरू गठन भएको देखिन्छ भने २७ नगरपालिकाहरूमा २७ ओटा नगर बालसंरक्षण तथा सम्बर्द्धन उपसमिति गठन भएको देखिन्छ। यी नगरपालिकाका ६३ ओटा वडाहरूमा वडा स्तरीय वडा बालसंरक्षण संबर्द्धन गठन भएको देखिन्छ।

## ७.९ बालक्लब

बालबालिकाहरू संगठित भई आफुसँग सरोकार राख्ने विषयमा छलफल गर्न, प्रतिनिधित्व गर्न र आफ्नै क्षमता विकास, सचेतना लगायत बाल अधिकारको संरक्षण प्रबर्द्धनमा विविध क्रियाकलाप गर्न नेपालमा बाल-समूह, बाल क्लव, बालअधिकार मञ्च आदिका रुपमा बालबालिकाहरू क्रियाशिल रहेका छन् । बालक्लब, बाल-सहभागिताको एक शसक्त माध्यम बनेको छ । जसलाई बालबालिकासँग सम्बन्धित थुप्रै नीतिगत दस्तावेजहरूमा पनि उल्लेख गरिएको छ । बालबालिकाहरूलाई समुहमा आबद्ध गराउन र उनीहरूसँग सरोकार राख्ने विषयमा मत व्यक्त गर्नका लागि विभिन्न स्तरका नीति तथा योजना निर्माणदेखि कार्यान्वयन र अनुगमनसम्म बालक्लबको प्रतिनिधत्वलाई मान्यता दिइएको छ ।

व्यक्तिगतरुपमा गाउँमा बालबालिकाको सहभागिता, सक्रियता र नेतृत्वमा गठन गरिएका बालक्लबहरूले बाल अधिकारसम्बन्धी चेतनामुलक कार्यहरू गरिरहेको छन् । बालक्लबहरूले संचालन गरेका कार्यक्रमहरूमा (१) जन्मदर्ता प्रचारात्मक अभियान, (२) विद्यालय भर्ना अभियान, (३) बालश्रम न्युनीकरण कार्यक्रम, (४) बालसहभागिता अभिबृद्धि कार्यक्रम, (५) बालबालिकालाई प्रदान गरिने खोप प्रचार कार्यक्रम, (६) निशुल्क शिक्षा प्रचारात्मक र प्रबर्द्धनात्मक कार्यक्रम, (७) भयरहित वातावरणमा शिक्षा पाउने अधिकारबारे प्रचारप्रसार, (८) वातावरणीय सुधार कार्यक्रम, (९) अभिभावक चेतनाशिक्षा कार्यक्रम र (१०) बालविवाह उन्मुलन सम्बन्धी प्रचारात्मक कार्यक्रम प्रमुख रहेका छन् ।

## ७.१० बाल विकास केन्द्रको विवरण

यस कोन्ज्योसोम गाउँपालिकामा विभिन्न वडामा गरी जम्मा १४ वटा बाल विकास केन्द्रहरू रहेका छन् । गाउँपालिकाको वडा नं. १ मा एउटा पनि बाल विकास केन्द्र नरहेको देखियो । वडा नं. २ मा ४ वटा, वडा नं. ३ मा ५ वटा, वडा नं. ४ मा ३ वटा र वडा नं. ५ मा २ वटा बाल विकास केन्द्र रहेका छन् । वडागत रूपमा वडा नं ३ मा सबैभन्दा बढि ५ वटा बाल विकास केन्द्र रहेका छन् । त्यस्तै गरी प्रत्येक बाल विकास केन्द्रमा बालबालिकाको उपस्थिति उल्लेखनिय रूपमा रहेको छ । वडा नं. ५ मा २ वटा बाल विकास केन्द्र भएता पनि बाल विकास केन्द्रमा आउने बालबालिको संख्या ३२० जना रहेको छ । कोन्ज्योसोम गाउँपालिकामा रहेका बालविकास केन्द्रहरूको विस्तृत विवरण निम्न बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ५७ : वडागत बाल विकास केन्द्रको विवरण

| वडा नं. | बाल विकास केन्द्रको जम्मा संख्या | भर्ना भएका बालबालिकाका संख्या | | जम्मा बालबालिका संख्या |
|---|---|---|---|---|
| | | बालक | बालिका | |
| १ | - | - | - | - |
| २ | ४ | २० | २५ | ५५ |
| ३ | ५ | ४५ | ३० | ७५ |
| ४ | ३ | १४ | २२ | ३६ |
| ५ | २ | १५० | १७० | ३२० |
| **जम्मा** | १४ | २२९ | २४७ | ४७६ |

स्रोत: कोन्ज्योसोम गाउँपालिकाको कार्यालय, २०७४

## ७.११ बाल सञ्जालको अवस्था

तालिका नं. ५८ : बाल सञ्जालको अवस्था

| वडा नं. | बाल सञ्जालको विवरण | लैंगिक आधारमा सदस्य संख्या | | सामाजिक आधारमा सदस्य संख्या | | | जम्मा सदस्य संख्या |
|---|---|---|---|---|---|---|---|
| | | बालक | बालिका | दलित | जनजाति | अन्य | |
| १ | बाल क्लव | २१ | १७ | १ | ३७ | - | ३८ |
| २ | - | - | - | - | - | - | - |
| ३ | | | | | | | |
| ४ | नल्लु बाल संजाल | | | | | | |
| ५ | साविक गा.वि. सं स्तरिय बाल संजाल | ७ | ११ | - | १८ | - | १८ |
| **जम्मा** | | २८ | २८ | १ | ५५ | - | ५६ |

स्रोत: कोन्ज्योसोम गाउँपालिकाको कार्यालय, २०७४

कोन्ज्योसोम गाउँपालिकामा रहेको बाल सञ्जाल अवस्थाको तालिका अनुसार गाउँपालिकाको वडा नं. १ मा एउटा बाल क्लव रहेको देखिन्छ। यस बाल सञ्जालमा २१ बालक र १७ बालिका गरी जम्मा ३८ जना बालबालिका रहेका छन जसमा १ जना सदस्य दलित छ भने ३७ जना सदस्यहरू जनजाति रहेका छन। वडा नं. २ मा कुनै बाल सञ्जाल नरहेको देखियो। त्यसैगरी वडा नं ४ मा नल्लु बाल संजाल र वडा नं. ५ मा साविक गा.वि.स.स्तरिय बाल सञ्जाल छ। यस साविक गा.वि.स.स्तरिय बाल सञ्जालमा ७ बालक र ११ बालिका गरी जम्मा १८ जना बालबालिका रहेका छन। वडागत रूपमा वडा नं १ मा सबैभन्दा बढि ३७ जना बालबालिकाको सहभागिता रहेको छ।

## ७.१२ वडा नागरिकमञ्च तथा नागरिक सचेतना केन्द्र सम्बन्धी विवरण

तालिका नं. ५९ : वडा नागरिकमञ्च तथा नागरिक सचेतना केन्द्र सम्बन्धी विवरण

| वडा नं. | लैंगिक आधार | | | सामाजिक आधार | | | |
|---|---|---|---|---|---|---|---|
| | जम्मा सदस्य | महिला | पुरुष | दलित | जनजाति | अन्य | जम्मा |
| १ | ६५ | ५८ | ७ | - | ६५ | - | ६५ |
| २ | ३९ | ३९ | - | ६ | १७ | १६ | ३९ |
| ३ | - | - | - | - | - | - | - |
| ४ | - | - | - | - | - | - | - |
| ५ | २५० | १०० | १२० | १० | ३० | २१० | २५० |
| जम्मा | ३५४ | १९७ | १२७ | १६ | ११२ | २२६ | ३५४ |

स्रोत: कोन्ज्योसोम गाउँपालिकाको कार्यालय, २०७४

## ७.१३ जनचेतनामूलक तालिम प्राप्त गरेको जनसंख्या विवरण

तालिका नं. ६० : जनचेतनामूलक तालिम प्राप्त गरेको जनसंख्या विवरण

| क्र.सं. | तालिम विवरण | लिङ्ग | | |
|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा |
| १ | बचत तथा ऋण | ९० | १०६ | १९६ |
| २ | संस्थागत नेतृत्व | ५० | ४० | ९० |
| ३ | लैंगिक समविकास | ३० | ५० | ८० |
| ४ | स्वास्थ्य | २५ | ४९ | ७४ |
| ५ | परिवार नियोजन | ४५ | ४९ | ९४ |
| ६ | खानेपानी सरसफाई | ९० | १०० | १९० |
| ७ | वन व्यवस्थापन | ८० | ६० | १४० |
| ८ | फोहोरमैला व्यवस्थापन | ५ | १० | १५ |
| ९ | सिप विकास | ११५ | १३५ | २५० |
| १० | अन्य | ० | ० | ० |
| | जम्मा | ५३० | ५९९ | ११२९ |

स्रोत: कोन्ज्योसोम गाउँपालिकाको कार्यालय, २०७४

## ७.१४ खानेपानी तथा सरसफाई


### ७.१४.१ परिवारले प्रयोग गर्ने पिउने पानीको मुख्य श्रोतको विवरण

तालिका नं. ६१ : परिवारले प्रयोग गर्ने पानीको मुख्य श्रोत

| धारा/पाइप | ढाकिएको इनार/कुवा | खुला इनार/कुवा | मूल धारा | नदी/खोला | अन्य | उल्लेख नगरिएको |
|---|---|---|---|---|---|---|
| १९३९ | ३ | १९ | १५ | ११ | १ | १३ |
| ९६.९० | ०.१५ | ०.९५ | ०.७५ | ०.५५ | ०.०५ | ०.६५ |

स्रोत: राष्ट्रिय जनगणना २०६८

कोन्ज्योसोम गाउँपालिकाको खानेपानीको प्रमुख स्रोत धारा तथा पाइप भएको देखिन्छ । गाउँका १,९३९ (९६.९० प्रतिशत) परिवारहरूले सबैभन्दा बढी धारा तथा पाइप प्रयोग गरेको पाइएको छ। ती बाहेक खुला इनार तथा कुवाको पानी प्रयोग गर्ने घरधुरी संख्या १९ (०.९५ प्रतिशत), मूल धाराको पानी प्रयोग गर्ने घरधुरी संख्या १५ (०.७५ प्रतिशत), नदी तथा खोलाको पानी प्रयोग गर्ने घरधुरी ११ (०.५५ प्रतिशत) र ढाकिएको इनार तथा कुवाको पानी प्रयोग गर्ने घरधुरी ३ (०.१५ प्रतिशत) रहेको छ। यसरी गाउँमा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ७.१४.२ वडागत खानेपानीको विवरण

तालिका नं. ६२ : खानेपानीको विवरण

| वडा नं. | १ | २ | ३ | ४ | ५ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| धारा/पाइप | ३७२ | ४५३ | २५१ | ४५० | ४१३ | १९३९ | ९६.९० |
| ट्युबवेल/हाते पम्प | ० | ० | ० | ० | ० | ० | ०.०० |
| ढाकिएको इनार/कुवा | १ | १ | १ | ० | ० | ३ | ०.१५ |
| खुला इनार/कुवा | २ | २ | ६ | ५ | ४ | १९ | ०.९५ |
| मूल धारा | ० | १ | ९ | १ | ४ | १५ | ०.७५ |
| नदी/खोला | ३ | २ | १ | ० | ५ | ११ | ०.५५ |
| अन्य | ० | ० | ० | ० | १ | १ | ०.०५ |
| उल्लेख नगरिएको | २ | ३ | १ | ४ | ३ | १३ | ०.६५ |
| जम्मा | ३८० | ४६२ | २६९ | ४६० | ४३० | २००१ | १०० |

स्रोत: राष्ट्रिय जनगणना २०६८

राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाका विभिन्न वडाहरूका घरधुरीहरूले प्रयोग गर्ने खानेपानीको विभिन्न श्रोतको विवरण तालिकामा देखाइएको छ। जसमा खानेपानीको मुख्य स्रोतको रुपमा सबै वडाहरूमा सबैभन्दा बढी धारा तथा पाइपको प्रयोग गरेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ


### ७.१४.३ शौचालयको विवरण

तालिका नं. ६३ : शौचालयको प्रकार

| | फ्लस भएको (सार्वजनिक ढल) | फ्लस भएको (सेप्टिक ट्याङ्की) | साधारण | चर्पी नभएको | उल्लेख नगरिएको |
|---|---|---|---|---|---|
| जम्मा | १८ | ६५४ | ४०४ | ९१२ | १३ |
| प्रतिशत | ०.९ | ३२.६८ | २०.१९ | ४५.५८ | ०.६५ |

स्रोत: राष्ट्रिय जनगणना २०६८

माथिको तालिकामा कोन्ज्योसोम गाउँपालिकाको घरपरिवारले प्रयोग गर्ने शौचालयको प्रकारलाई उल्लेख गरिएको छ । गाउँमा शौचालय प्रयोग गरेका घरपरिवारहरूमा सबैभन्दा धेरै फ्लस भएको (सेप्टि ट्याङ्की) आधुनिक शौचालय प्रयोग गर्नेको परिवार ६५४ (३२.६८ प्रतिशत) रहेको छ। दोस्रोमा साधारण शौचालयको प्रयोग गर्नेको संख्या ४०४ (२०.१९ प्रतिशत) र फ्लस भएको (सार्वजनिक ढल) शौचालयको प्रयोग गर्ने परिवारको संख्या १८ (०.९ प्रतिशत) देखिएको छ। तर यस गाउँपालिकामा कुल घरपरिवारको लगभग आधा जति घरमा शौचालय नभएको पाइयो जुन कुल घरपरिवार संख्याको ४५.५८ प्रतिशत आर्थात ९१२ घरपरिवार शौचालय विहिन रहेको देखिन्छ। यसरी यस गाउँपालिकाका घरपरिवारमा उचित शिक्षाको कमीले सरसफाईमा ध्यान नपुगेको देखिन्छ। जसको लागि गाउँघरमा जनचेतना जगाउने विभिन्न कार्यक्रमहरू संचालन गर्नुपर्ने अति आवश्यक देखिएको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।



### ७.१४.४ वडागत शौचालयको संख्याको विवरण

तालिका नं. ६४ : वडागत शौचालय संख्याको विवरण

| चर्पीको प्रकार | १ | २ | ३ | ४ | ५ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| फ्लस भएको (सार्वजनिक ढल) | ० | २ | ७ | ३ | ६ | १८ | ०.९ |
| फ्लस भएको (सेप्टिक ट्याङ्क) | ४८ | १८२ | २३३ | ७९ | ११२ | ६५४ | ३२.६८ |
| साधारण शौचालय | ११४ | १३६ | २८ | ३८ | ८८ | ४०४ | २०.१९ |
| चर्पी नभएको | २१६ | १३९ | ० | ३३६ | २२१ | ९१२ | ४५.५८ |
| उल्लेख नगरिएको | २ | ३ | १ | ४ | ३ | १३ | ०.६५ |
| जम्मा | ३८० | ४६२ | २६९ | ४६० | ४३० | २००१ | १०० |

श्रोत: राष्ट्रिय जनगणना, २०६८

राष्ट्रिय जनगणना २०६८ अनुसार गाउँका प्रत्येक वडाका प्रत्येक घरधुरीमा भएको शौचालयको अवस्थालाई अध्ययन गर्दा वडा नं. ३ र २ वडामा सबैभन्दा बढी फ्लस भएको (सेफ्टि ट्याङ्की) शौचालय प्रयोग गरेको पाईयो भने सबैभन्दा बढी वडा नं. ४ र ५ मा शौचालय नभएको देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

## ७.१५ शान्ति सुरक्षा

कोन्ज्योसोम गाउँपालिकाका ईलाका प्रहरी चौकी मार्फत शान्ति सुरक्षा कायम हुने गरेको छ। यस गाउँपालिकामा वर्षभरिमा कुनै अप्रिय घटना घटेको दर्ता गाउँपालिकामा गराइएको पाइएन । गाउँघरमा सानातिना झैझगडा, कुटपिट, साँध, सिमानामा विवाद, चोरी डकैती, ठगी, घरेलु हिंसा घटनाहरू भएको स्थानीय बासीको भनाई छ ।

ईलाका प्रहरी कार्यालयको प्रत्यक्ष सुरक्षा जिम्मेवारीभित्र रहेको यस गाउँपालिकामा विभिन्न सामाजिक समस्याहरूको उजुरी पर्ने गरेको छ । सुरक्षा चुनौतीको सामना गरी भविष्यमा हुन सक्ने घटनाको न्यूनीकरणका लागि प्रहरी कार्यालयसँग थप सवारी साधन हुनुपर्ने, महिला ब्यारेकको व्यवस्था हुनुपर्ने, महिला हिरासत अलग्गै बनाउनुपर्ने, प्रहरी कार्यालयहरूको ब्यारेक नयाँ निर्माण गर्नुपर्ने र पुराना ब्यारेक बेलाबेलामा मर्मत गर्नुपर्ने आवश्यकता रहेको छ ।

## ७.१६ फोहोर मैला ब्यवस्थापन तथा ढल निकास

देशका अन्य गाउँपालिका तथा ठूला शहरी बस्ती जस्तै हरेक गाउँपालिका तथा शहरउन्मुख बस्तीहरूको जटील समस्या त्यहाँ बसोबास गर्ने मानिस, जनावर, कलकारखाना र व्यवसायबाट श्रृजित र उत्सर्जन हुने फोहर, ढल र प्रदुषण हो । यो गाउँपालिकामा पनि फोहरमैला व्यवस्थापनको योजनाबद्ध विकासको सुरुवात जरुरी छ । यस गाउँपालिकाले यहाँको फोहर व्यवस्थापनमा बिशेष ध्यान पुऱ्याउन आवश्यक छ । पानीका मुहान र तीनका माध्यमबाट फोहर तथा प्रदुषणको बहाब गाउँ भरिनै फैलन सक्छ । यसकारण यस गाउँपालिकाले योजनाबद्धरुपमा ठोस तथा तरल दुबैखालका फोहरको व्यवस्थापनका लागि यथाशिघ्र बिस्तृत कार्ययोजना निर्माण गर्नु जरुरी छ । हाल यस गाउँपालिकामा देखिएका समस्याहरूमा:

१. फोहर व्यवस्थापनका नाममा फोहोरहरू खोलाखोल्साका होचा भागमा अनियन्त्रित तरिकाले फाल्ने प्रबृति यत्रतत्र देखिन्छ । यसरी फालिएको फोहर बर्षातका समयमा पानीले बगाएर खोला खोल्सा तथा नदीका तल्लो भाग सम्म पुर्‍याएर प्रदुषणलाई बिस्तारित गर्दछ ।

२. जमीनका होचाभाग पानीका स्रोत पनि हुने भएका र तिनै पानी सतहमा देखिने एवं जमीनको भित्रपनि छिरेर जानेहुँदा होचा भागमा फालिएको फोहरले सतहको पानी तथा जमीन भित्रको पानी समेतलाई प्रदुषित गर्दछ ।

त्यसकारण यहाँको फोहोरको व्यवस्थापन सम्बन्धमा अहिलेको प्रारम्भिक अध्ययनले दुईखालका सुझाव दिन सकिन्छ ।

### क) घरायसी फोहर

- फोहोरको पहिचान भान्छाकोठाबाट गरी कुहिने र नकुहिने गरी छुट्याउने ।
- कुहिनेलाई मलमा प्रयोग गर्न तालिम तथा हरेक घरधनीलाई उत्प्रेरित गर्ने कार्यक्रम गाउँपालिकाले गर्ने ।

नकुहिने फोहरलाई पून: विभिन्न तहमा छुट्याउने जस्तै काठ, प्लाष्टीक, धातु, सीसा। यी फोहरलाई आवश्यकताअनुसार पहिचान गरिसकेकपछि पून: प्रयोगमा आउनेलाई सम्बन्धित सेवा व्यवस्थापन तर्फ जोड दिने । नभएका यस गाउँपालिका क्षेत्रका खुला स्थान जहाँ पानीको स्रोत छैन त्यहाँ  बैज्ञानिक तवरबाट छनौट गर्न व्यवस्था गर्ने ।

# खण्ड ८ : वन तथा वातावरण

## ८.१ प्राकृतिक वन तथा वनस्पती

प्राकृतिक सम्पत्ति जल, जमिन र जंगल(वन)को उचित उपयोगको स्थिति कुनैपनि राष्ट्रको सामाजिक उन्नति र विकासको सवालसँग प्रत्यक्ष वा अप्रत्यक्षरुपले जोडिएको हुन्छ। त्यसैले जंगलको उचित सदुपयोग र संरक्षण एवं सम्बर्द्धन गर्न सके सामाजिक तथा आर्थिक क्षेत्रको विकासमा ठूलो टेवा पुग्न जान्छ। हाम्रो देशमा कुल क्षेत्रफलको झण्डै २० प्रतिशत कृषि योग्य जमिनले ढाकेको र २९ प्रतिशत जमिन बन क्षेत्रले ढाकेको छ तथा झाँडी तथा बुट्यान क्षेत्र १०.६ प्रतिशत गरी जम्मा ३९.६ प्रतिशत जमिन वनजंगल क्षेत्रले ढाकेको छ। प्रदेश नं. ३ अन्तर्गत ललितपुर जिल्लामा अवस्थित कोन्ज्योसोम गाउँपालिका वन वातावरण र जैविक विविधताको दृष्टिकोणले सम्पन्न गाउँपालिकाको श्रेणीमा पर्दछ। गाउँको कुल क्षेत्रफल २४.६४ वर्ग कि.मि. मध्ये ५५.८ प्रतिशत वन क्षेत्रको रुपमा रहि आएको छ। जुन राष्ट्रिय वन र सामुदायिक वन क्षेत्रको रुपमा रहेको छ।

यस गाउँम पाइने प्रमुख बनस्पतीका प्रजातिहरूमा ओखर, चाँप, गुराँस, खर्सु, अस्ना, सिमल, साल, कर्मा, दार, लामपाते, जामुन, चिलाउने, बकैता, उत्तीस, लाँकुरी, पैंयू, बाँझ, खस्रू, फलाँट, फिरफिरे, ठिंगुरे सल्ला, निम, लप्सी, कटुस, खयर, रक्तचन्दन, टुनी, लाँकुरी, कालिकाठ, खोटेसल्लो, काउलो, सत्चन्दन, वर, पीपल, बेल, अमला, पलाँस, डुम्री, कटहर, अम्बा, केरा, कागती, भोगटे, दारिम, हर्रो-बर्रो, हल्लुडे, सिरीस आदि हुन्। गाउँपालिकाको दलचोकी महत्त्वपूर्ण जडीबुटी र गैरकाष्ठ वनपैदावारको भण्डार हो। यस क्षेत्रमा विशेष गरी पाईने गैरकाष्ठ प्रजातिहरूमा चिराइतो, अर्गेली, सतुवा, लौठसल्ला, सुगन्धवाल, अमला, हर्रो-बर्रो, टिमुर, सिकाकाई, तेजपात, पिप्ला, कुरिलो, अर्गेली, भोर्ला, झ्याउ, पाषण वेद, रिट्ठा, मजिठो, बोझो, भ्याकुर, तामा बाँस आदि प्रमुख हुन्। यसै गरी गाउँपालिकामा पाईने विभिन्न वन्यजन्तुहरूम साइटिस सूचीमा रहेको स्तनधारी वन्यजन्तुहरूमा काले ओट, भालु, चितुवा, सालक, चरिवाघ, वन विरालो, लोखर्के, रातो बाँदर, स्याल, न्याउरी मुसा हुन् भने साइटिस सूचीमा नपरेका वन्यजन्तुहरू मलसाप्रो, निर बिरालो, खरायो, छुचुन्द्रो, चमेरो, घर मुसा, दुम्सी, फ्याउरो, स्याल, रतुवा मृग आदि हुन्। चराचुरुङ्गीहरूमा ढुकुर, बकुल्ला, चिल, कालिज, सिम कुखुरा, गिद्ध, कोइली, जुरेली, भंगेरा, फिस्टा, सुँगा, चिवे, मयुर, जलेवा, कोकले, धोविचरा, माटिकोरी, तोपचरा, निलकण्ठ आदि प्रजातिका चराचुरुङ्गीहरू पाइन्छन्। माछा प्रजातिहरू कत्ले, सहर, बाम, रेन्बो, ट्राउट माछा र उभयचरमा पाहा पाइन्छ।

## ८.२ जैविक विविधता सम्वन्धी विवरण

पर्यावरणीय सन्तुलनका लागि पारिस्थितिक जैविक प्रणालीलाई सन्तुलितरुपबाट कायम राख्न वन, बनस्पती तथा प्राणीहरू बिचको स्थापित सम्बन्धलाई दिगोरुपमा कायम राख्न सजगता अपनाउनुपर्ने देखिन्छ। दिगो विकासका निम्ती पूर्वाधार विकासको क्रममा हुने विनासलाई न्युनीकरण गर्न नितान्त आवश्यक छ। वातवारणीय सन्तुलनले वनस्पती वा प्राणीहरूको क्रमिक ह्रास र विनास हुँदै अन्तत: लोप हुने अवस्था हुन सक्छ। विषम हावापानीमा विभिन्न जात जातिका प्राणी र बनस्पती रहेको यस गाउँमा वन संरक्षण र सम्बर्द्धनको कार्यमा स्थानीय बासिन्दाहरूको सहभागिता अपरिहार्य हुन पुगेको छ।

मानव जीवनको लागि जैविक विविधताको संरक्षण अपरिहार्य छ । दैनिक जिवनको लागि आवश्यक काठ, दाउरा, घाँसको लागि मात्र नभई पारिस्थितिक तथा जैविक प्रणालीको सन्तुलनको लागि समेत जैविक विविधताको महत्त्वलाई दृष्टिगत गरी हाल यस गाउँमा सामुदायिक वन जस्ता अवधारणाहरूलाई व्यवहारमा लागु गरिएको छ । यसै सन्दर्भमा वन वरिपरी बढिरहेको जनसंख्या र आगामी दिनहरूमा उक्त वन क्षेत्रले मागको आधारमा आपुर्ति गर्न नसक्ने वन पैदावरको हैसियतलाई विचार गर्दा यस क्षेत्रको जैविक विविधता व्यवस्थापन कार्य चुनौतीपूर्ण बन्दै गएको छ ।

कोन्ज्योसोम गाउँपालिका समुन्द्री सतहबाट १०५३ मि. को भुभाग देखि २६१९ मि. सम्मको भुभागमा अवस्थित रहेको र यस गाउँमा विविध प्रकारका जलवायु भएको कारण यस क्षेत्रमा पाइने प्रमुख बनस्पतीका प्रजातिहरूमा ओखर, चाँप, गुराँस, खर्सु, अस्ना, सिमल, साल, कर्मा, दार, लामपाते, जामुन, चिलाउने, बकैता, उत्तीस, लाँकुरी, पैंयू, बाँझ, खस्रू, फलाँट, फिरफिरे, ठिंगुरे सल्ला, निम, लप्सी, कटुस, खयर, रक्तचन्दन, टुनी, लाँकुरी, कालिकाठ, खोटेसल्लो, काउलो, सत्चन्दन, वर, पीपल, बेल, अमला, पलाँस, डुम्री, कटहर, अम्बा, केरा, कागती, भोगटे, दारिम, हर्रो-बर्रो, हल्लुडे, सिरीस आदि हुन् । यस गाउँपालिकामा विशेष गरी पाईने गैरकाष्ठ प्रजातिहरूमा चिराइतो, अर्गेली, सतुवा, लौठसल्ला, सुगन्धवाल, अमला, हर्रो-बर्रो, टिमुर, सिकाकाई, तेजपात, पिप्ला, कुरिलो, अर्गेली, भोर्ला, झ्याउ, पाषण वेद, रिठ्ठा, मजिठो, बोझो, भ्याकुर, तामा बाँस आदि प्रमुख हुन् ।

गाउँमा रहेका वनजंगलहरूले काले ओट, भालु, चितुवा, सालक, चरिवाघ, वन विरालो, लोखर्के, रातो बाँदर, स्याल, न्याउरी मुसा, मलसाप्रो, निर बिरालो, खरायो, छुचुन्द्रो, चमेरो, घर मुसा, दुम्सी, फ्याउरो, स्याल, रतुवा मृग आदि प्रजातिका जीवहरूको लागि उपयुक्त वासस्थान उपलब्ध गराएको छ । गाउँमा रहेका विभिन्न नदीनाला तथा खोलाहरूले विभिन्न प्रजातिका चराचुरुङ्गीहरू विशेषतः ढुकुर, बकुल्ला, चिल, कालिज, सिम कुखुरा, गिद्ध, कोइली, जुरेली, भंगेरा, फिस्टा, सुँगा, चिवे, मयुर, जलेवा, कोकले, धोविचरा, माटिकोरी, तोपचरा, निलकण्ठ, गौथली, काग, जुरेली, बाज, बट्टाइ, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, धनेश, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, तित्रा, धोबी चरो, हाडफोरुवा, कन्याङकुरुङ, भद्राई, सारस तथा विभिन्न घिस्रने जन्तुहरू गोमन, छेपारो, अजिँगर, भित्ती, कछुवा, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग तथा विभिन्न माछा प्रजातिहरू कत्ले, सहर, बाम, रेन्बो, ट्राउट माछा र उभयचरमा पाहा आदिलाई बासस्थान प्रदान गर्दै संरक्षित गरेको छ । यद्यपी वनजंगल अतिक्रमणका कारण प्रकृती प्रदत्त यी जैविक र वनस्पतिय अमुल्य वन सम्पदाहरूको विस्थापन र विनाशको क्रम क्रमिकरुपले बढ्दै गइरहेको छ । वर्षेनी वन क्षेत्र फडानी भई कृषियोग्य भुभागमा परिणत हुनु र वन्यजन्तुहरूको वासस्थान एवं वन्य प्रजातीमा ह्रास हुनु जैविक विविधता संरक्षणका निमित्त विकराल चुनौतीका रुपमा देखिएको छ ।

गाउँको हावापानीले जीवजन्तु र वनस्पतीहरूलाई संरक्षित गर्न सकिने खालका वासस्थान उपलब्ध गराइको भएतापनि जनसंख्या र बसाईसराइको अत्याधिक चाप र भुमीको उर्वरापनका कारण करिब ४ दशक अघिदेखि नै यहाँको वनक्षेत्र अतिक्रमण र वन फडाँनीको चपेटामा पर्न गएको छ । जैविक विविधता अन्तर्गत पर्ने स्थानीय कला संस्कृतिहरूको विविधतालाई जगेर्ना गर्दै धार्मिक, ऐतिहासिक, सांस्कृतिक र पर्यटकिय दृष्टिकोणले महत्त्वपुर्ण रहेको छ ।

## ८.३ गाउँमा पाइने मुख्य वनस्पतिहरू तथा जडिबुटीहरू

यस कोन्ज्योसोम गाउँपालिकामा पाईने मुख्य जडिबुटीहरूमा ओखर, चाँप, गुराँस, खर्सु, अस्ना, सिमल, साल, कर्मा, दार, लामपाते, जामुन, चिलाउने, बकैता, उत्तीस, लाँकुरी, पैंयू, बाँझ, खस्रू, फलाँट, फिरफिरे, ठिंगुरे सल्ला, निम, लप्सी, कटुस, खयर, रक्तचन्दन, टुनी, लाँकुरी, कालिकाठ, खोटेसल्लो, काउलो, सत्चन्दन, वर, पीपल, बेल, अमला, पलाँस, डुम्री, कटहर, अम्बा, केरा, कागती, भोगटे, दारिम, हर्रो-बर्रो, हल्लुडे, सिरीस, चिराइतो, अर्गेली, सतुवा, लौठसल्ला, सुगन्धवाल, अमला, हर्रो-बर्रो, टिमुर, सिकाकाई, तेजपात, पिप्ला, कुरिलो, अर्गेली, भोर्ला, झ्याउ, पाषण वेद, रिट्ठा, मजिठो, बोझो, भ्याकुर, तामा बाँस आदि हुन्। तर यि जडिबुटीको व्यवसायिक प्रयोजनका हिसावले प्रयोग भएको भने पाइदैन। यस बाहेक लौठ सल्ला, ठिंग्रे सल्ला, विस्वामा, लोक्ता, अर्घौली, झ्याउ, सुगन्धवाल, चिराइतो, मजिठो, कुरीलो आदि जडिबुटीहरू रहेका छन्।

## ८.४ जिल्लामा पाईने वन्यजन्तु तथा पशुपन्छीहरू

गाउँमा पाइने मुख्य जनावरहरूमा काले ओट, भालु, चितुवा, सालक, चरिवाघ, वन विरालो, लोखर्के, रातो बाँदर, स्याल, न्याउरी मुसा, मलसाप्रो, निर बिरालो, खरायो, छुचुन्द्रो, चमेरो, घर मुसा, दुम्सी, फ्याउरो, स्याल, रतुवा मृग आदि छन् भने चराचुरूङ्गीमा ढुकुर, बकुल्ला, चिल, कालिज, सिम कुखुरा, गिद्ध, कोइली, जुरेली, भंगेरा, फिस्टा, सुँगा, चिवे, मयुर, जलेवा, कोकले, धोविचरा, माटिकोरी, तोपचरा, निलकण्ठ, गौथली, काग, जुरेली, बाज, बट्टाइ, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, धनेश, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, तित्रा, धोबी चरो, हाडफोरुवा, कर्‍याङकुरुङ, भद्राई, सारस जस्ता पंक्षी पाईन्छन्। गोहोरो, सर्प, छेपारो, माउसुली जस्ता सरीसृप, भ्यागुतो जस्ता उभयचर, विच्छी, फट्यांग्रा, वन मौरी, अरिङ्गाल, बारूलो र विभिन्न जातका अन्य किराहरू पाईन्छन् भने कत्ले, सहर, बाम, रेन्बो, ट्राउट माछा पनि पाइन्छ।

## ८.५ सरकारद्वारा व्यवस्थित वन

यस गाउँमा कुल वनक्षेत्र २४.६४ वर्ग कि.मी. रहेको छ। जिल्ला वन कार्यालय अन्तर्गत वन क्षेत्र रहेकोमा सामुदायिक वन र निजी वनको रुपमा स्थानीय उपभोक्ताहरूलाई हस्तान्तरण नगरिएको राष्ट्रिय वनको भाग नै सरकारद्वारा व्यवस्थित वनको रुपमा रहेको छ। यो वन गाउँका विभिन्न वडाहरूमा रहेको छ। यस वनमा मुख्य रुपमा चिलाउने कटुस, तिजु, पैयू, उत्तिस, टुनी, खोटे सल्ला, साल, लालिगुराँसका प्रजातीहरू, बाँस, निगालो, लोक्ता आदि वनस्पति तथा पिपला, अमला, हर्रो, बर्रो, चाबो, चिराईतो, दालचिनी आदि जडीबुटीहरू पाइन्छन्।

## ८.६ सामुदायिक वन

तालिका नं. ६५ : आ.व. २०७२/०७३ सम्म ललितपुर जिल्लामा दर्ता भएका सामुदायिक वनको विवरण

| क्र.सं. | सा.व.को नाम | ठेगाना | क्षेत्रफल | घरधुरी संख्या | समिति संख्या | इ.व.का. |
|---|---|---|---|---|---|---|
| १ | बलेश्वरी | भारदेउ | ६५ | ६५ | ११ | चौघरे |
| २ | गुप्तेश्वर पाखा | भारदेउ | ९२ | १०० | ९ | चौघरे |
| ३ | रातो ककारो | भारदेउ | २२.७४ | १४३ | ९ | चौघरे |
| ४ | कुन्नेकलो पाखा | भारदेउ | २३२.४ | ९० | १३ | चौघरे |
| ५ | बालकुमारी | भारदेउ | ४१.९४ | १०८ | ११ | चौघरे |
| ६ | मानेचौर | शंखु | १.५२ | ४९ | १३ | चौघरे |
| ७ | ठुलो पँधेरो | शंखु | १.६ | ३५ | १३ | चौघरे |
| ८ | लाङ्कुरी भन्ज्याङ्ग | शंखु | ३ | ३५ | ९ | चौघरे |
| ९ | टाउके ढुङ्गा | चौघरे | १० | ३० | ७ | चौघरे |
| १० | लट्टसे भन्ज्याङ्ग | चौघरे | २६ | १९ | १३ | चौघरे |
| ११ | लाँकुरी भन्ज्याङ्ग | चौघरे | ४३.५ | ९६ | ११ | चौघरे |
| १२ | खोर डाँडा | चौघरे | २०३ | २०३ | ९ | चौघरे |
| १३ | गुर्दुम पाखा | चौघरे | ७१ | ५५ | ९ | चौघरे |
| १४ | कैलान डोल | नल्लु | २० | १०९ | १३ | लेले |
| १५ | देउराली भन्ज्याङ्ग | नल्लु | ४० | ११२ | १३ | लेले |
| १६ | थानपाटी | नल्लु | ३४ | ३३ | ९ | लेले |
| १७ | महाङ्काल वन | नल्लु | १३३ | ११० | ११ | लेले |
| १८ | सेती देवी वन | नल्लु | २० | ४४ | १३ | लेले |
| १९ | देउराली डाँडा महिला | नल्लु | ४६.१ | १०७ | ११ | लेले |
| २० | भुमी डाँडा | नल्लु | २५.०३ | ४३ | ११ | लेले |
| २१ | गणेश चौर | दलचोकी | ६०.५३ | ५५ | ११ | लेले |
| २२ | भाङ्ग खोरिया | दलचोकी | ७०.८८ | ४० | ११ | लेले |
| २३ | सातकन्या | दलचोकी | १ | १६ | ९ | लेले |
| २४ | तिनपाने ठुलो वन | दलचोकी | ८३.७२ | ३२ | ११ | लेले |
| | जम्मा | | १३४७.९६ | १७२९ | २६० | |

स्रोतः वार्षिक प्रगति पुस्तिका, २०७२/२०७३

तालिका नं. ६६ : आ.व. २०७२/०७३ मा नविकरण भएका सामुदायिक उपभोक्ता समितिहरूको विवरण

| क्र.सं. | सा.व.उ.स.को नाम | ठेगाना | क्षेत्रफल | घरधुरी संख्या | समिति संख्या | इ.व.का. |
|---|---|---|---|---|---|---|
| १ | रातो ककारो | भारदेउ | २२.७५ | १४३ | ९ | चौघरे |
| २ | कुन्नेकाली पाखा | भारदेउ | २७० | ९० | १३ | |
| ३ | गुर्दमपाखा | चौघरे | ५० | ५५ | ९ | |
| ४ | खोरडाँडा | चौघरे | २०३ | २०३ | ९ | |
| ५ | लाँकुरी भञ्ज्याङ्ग | चौघरे | ४५.७५ | ९६ | ११ | |
| ६ | भाङ्गखोरिया | दलचोकी | ६५ | ४० | ११ | लेले |
| ७ | तिनपाने ठूलो | दलचोकी | ११० | ३२ | ११ | |
| ८ | गणेश चौर | दलचोकी | ५२ | ५५ | ११ | |
| ९ | देउरालीडाँडा महिला | नल्लु | ४६.१ | १०७ | ११ | |
| | जम्मा | | ८६४.६ | ८२१ | ९५ | |

स्रोतः वार्षिक प्रगति पुस्तिका, २०७२/२०७३

स्थानीय बासिन्दालाई वन संरक्षण र उपयोगमा सहभागी बनाउने नेपाल सरकारको नीति अनुसार यस गाउँमा जिल्ला वन कार्यालय मार्फत सामुदायिक वन उपभोक्ता समूह गठन गरी वन हस्तान्तरण गर्ने काम पनि भइरहेको छ। यस गाउँमा आ.व. २०७२/९७३ सम्ममा जम्मा २४ वटा सामुदायिक वन दर्ता भएको छ । दर्ता भएका सामुदायिक वनहरूमध्ये जम्मा ९ वटा सामुदायिक उपभोक्ता समूहरूलाई (८६४.६ वर्ग कि.मी.) वन क्षेत्र संरक्षण, व्यवस्थापन गर्न हस्तान्तरण भै सकेको छ। जसबाट ८२१ घरधुरी लाभान्वित भएका छन्। विगतको समयमा थोरै जनसंख्याको तुलनामा प्रशस्त वन क्षेत्र भएकोले पनि वन संरक्षण भन्दा उपयोगमा मात्र जोड दिएको पाइन्छ तर गएको केही वर्षदेखि वन क्षेत्र वरिपरिका जनतामा नयाँ जागरण देखिएको छ। बढ्दो अतिक्रमण, लुकिचोरी हुने कटानी, चरिचरन, आगलागी आदि कारण र भैरहेको वन विनासले गाउँको अवस्था संवेदनशील भएको छ। सामुदायिक वनहरूमा विद्यमान संरक्षण र आफ्नो सामुदायिक वन प्रतिको लगावको परिणाम स्वरुप उजाड र मरुभूमीकरणतर्फ उन्मुख हुँदै खोला र खहरेहरूले ग्रसित भएका वनक्षेत्रहरू आज प्राकृतिक रुपमा संरक्षित भएका छन्। सामुदायिक वनका उपभोक्ताहरूसँग प्राविधिक ज्ञान र वनको उत्पादकत्व बढाउन आवश्यक पर्ने प्रविधिको अभाव खड्किएको छ। तसर्थ वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सामुदायिक वनहरूलाई स्रोत, साधन र प्रविधियुक्त जनशक्तिको उपलब्ध हुनु जरुरी छ। उपभोक्ताहरूमा रहेका परम्परागत वन संरक्षण विधिहरूका अतिरिक्त नयाँ विधि र कार्यशैलीहरूको विकास गराउन जरुरी देखिन्छ। दक्षता अभिवृद्धिका निमित्त सामुदायिक वन उपभोक्ताहरूलाई तालिम, गोष्ठी, सेमिनार र अवलोकन भ्रमणका अवसरहरू प्रदान गर्नुपर्ने देखिन्छ।

बौद्धिक सम्पदा अधिकार (Patent right) का विषयमा र GATT WTO सम्बन्धी अवधारणाहरूका विषयमा समुदायलाई आवश्यक जानकारी गराउनु अनुशिक्षण दिनुपर्ने देखिन्छ। जिविस र सामुदायिक वन उपभोक्ता समूहहरूको सहभागितामा सामुदायिक वनभित्र गैरकाष्ठ वनपैदावरको उत्पादनलाई प्रोत्साहित गर्न र विभिन्न तालिम गोष्ठी अध्ययन भ्रमणहरू गरिदै आएका छन्। यसले स्थानीय स्तरबाटै वन व्यवस्थापनका सम्पूर्ण पक्षहरूलाई अघि बढाउन र वनक्षेत्रको उत्पादन बढाउन थप मद्दत मिल्ने देखिन्छ। सामुदायिक वनहरूको सुदृढीकरणका निमित्त जिल्ला वन कार्यालयको जनशक्ति मात्रले सम्भव नदेखिएकाले उक्त कार्यका निमित्त वनसँग आवद्ध विभिन्न गैससहरूलाई गाउँमा परिचालन गर्नुपर्ने देखिन्छ।

सामुदायिक वनहरूको संरक्षणमा प्रभावकारी उपायहरूको अवलम्बनले प्राकृतिक पुनरुत्पादन क्रमशः बढ्दै जाने देखिन्छ । वनहरूबाट काठ र दाउराको परम्परागत उत्पादन लिने प्रवृत्तिमा परिवर्तन गर्दै जनतालाई गैरकाष्ठ पैदावारको उत्पादनतर्फ उन्मुख गराउनुपर्ने र वन्यजन्तुहरूको व्यवसायिक पालन लगायतका गतिविधिहरूबाट आय स्रोतहरूमा बृद्धि गर्न जनसहभागितामा विशेष जोड दिनुपर्ने देखिन्छ ।

## ८.७ काठ/दाउरा संकलन तथा बिक्री वितरणको विवरण

तालिका नं. ६७ : आ.व. २०७२/०७३ मा जिल्ला वन कार्यालय ललितपुरबाट कटान सहमित प्राप्त गरी सामुदायिक वनबाट संकलन तथा बिक्री वितरण भएको काठ दाउराको विवरण

| क्र.सं. | सा.व.उ.स. | ठेगाना | काठ क्यू.फि. | दाउरा (भारी) | दाउरा (चट्टा) |
|---|---|---|---|---|---|
| १ | कैलन डोल | नल्लु | १३८.७३ | ४९.७१ | |
| २ | रातो ककारो | भारदेउ | १७९.३८ | ३६ | ०.१ |
| | जम्मा | | ३१८.११ | ८५.७१ | ०.१ |

स्रोतः वार्षिक प्रगति पुस्तिका, २०७२/२०७३

यस कोन्ज्योसोम गाउँपालिकामा रहेका सामुदायिक वनहरूले आ.व. २०७२/०७३ मा जिल्ला वन कार्यालय ललितपुरबाट कटान सहमति लिएर उपरोक्तमा उल्लेखित ३१८.११ क्यु.फिट काठ कटान गरेको पाइएको छ ।

## ८.८ धार्मिक वन

धार्मिक संघ/संस्थाको वरिपरि रहेको वन जंगल क्षेत्रहरू धार्मिक क्षेत्रको महत्त्व र सौन्दर्य बढाउने उद्देश्यले त्यस्ता धार्मिक वनको रुपमा हस्तान्तरण गरिन्छ । कोन्ज्योसोम गाउँपालिकाको विभिन्न भागहरूका धार्मिक स्थल धार्मिक वनको सम्भावना बोकेका क्षेत्रहरू भएतापनि हालसम्म गाउँमा कुनै पनि धार्मिक वन रहेको पाइदैन ।

## ८.९ कबुलियती बन सम्वन्धी विवरण

गरिबीका रेखामुनी रहेका जनताहरूलाई, हैसियत बिग्रिएको तथा भू-क्षय भई अनुत्पादक वनक्षेत्रलाई मात्र कबुलियती वनको रुपमा हस्तान्तरण गर्ने लक्ष्य अनुरुप कबुलियती वन समुहहरू गठन भएका हुन् । यस गाउँमा ३ हेक्टर क्षेत्रफल रहेको एक मात्र भारदेउ सिमेन्ट एण्ड स्टोन इन्डस्ट्रीज, भारदेउमा गठन भएको छ ।

| क्र.सं. | कबुलियती वनको नाम | ठेगाना | क्षेत्रफल (हेक्टर) |
|---|---|---|---|
| १ | भारदेउ सिमेन्ट एण्ड स्टोन इन्डस्ट्रीज | भारदेउ | ४ |

स्रोतः वार्षिक प्रगति पुस्तिका, २०७२/२०७३

## ८.१० निजी वन

राष्ट्रिय वन क्षेत्र माथि पर्ने वन पैदावरको चापलाई कम गर्न नेपाल सरकारले अवलम्बन गरेको नीति अन्तर्गत सामुदायिक वनसँगै निजी वन कार्यक्रम समेत यस गाउँमा संचालन गरिएको छ । यस गाउँमा जिल्ला वन कार्यालय अन्तर्गत आ.व. २०७२/०७३ सम्ममा ६ वटा निजी वन दर्ता भै सकेका छन् र सोसम्बन्धी विवरण तल तालिकामा देखाइएको छ ।

तालिका नं. ६८ : आ.व. २०७२/०७३ सम्ममा दर्ता भएका निजी वन

| क्र.सं. | ठेगाना | क्षेत्रफल (रो पनी) | दर्ता मिति | कैफियत |
|---|---|---|---|---|
| १ | भारदेउ (क), (ख) | २८-१२-० | २०५४/०९/१६ | वकाइनो, पैयू, सिरीश, टाँकी, काइयो, चाँप, लप्सी, उत्तिस, बाँझ आदि गरी २६०० विरुवा |
| २ | भारदउ (क) | १९-०६-०५ | २०५४/०९/१६ | उत्तिस, काँगियो, पैयू, धूपी, लप्सी, बकाइनो, दूधिलो गरी ५०० बिरुवा |
| ३ | नल्लु (ख) | २६-०४-०८ | २०५४/०९/१६ | उत्तिस, काँगियो, पैयू, सल्ला, लप्सी, वकाइनो, दूधिलो, नासपती गरी ८५० विरुवा |
| ४ | भारदेउ (क) | १२-०९-०१ | २०५९/१२/१० | उत्तिस, लप्सी, चाँप, पैंयू, सल्ला, धूपी, सिरीश गरी ११९० विरुवा |
| ५ | शंखु | ७-४-० | २०६५/०१/१५ | सल्ला |
| ६ | भारदेउ (ख) | ३३-०१-०० | २०५२/०२/३१ | लप्सी, काँगियो, धुपी, कपुर, सल्लो, बाँस, कटुस आदि |
| | **जम्मा** | १२७-७-२ | | |

स्रोतः वार्षिक प्रगति विवरण, २०७२/०७३

## ८.१२ वृक्षारोपण सम्बन्धी विवरण

जिल्ला वन कार्यालय ललितपुरको प्राविधिक सहयोगमा आ.व. २०७२/०७३ मा यस कोन्ज्योसोम गाउँपालिकाको भारदेउमा रहेको गुप्तेश्वरीपाखा सामुदायिक वनको खाली स्थानमा ५०० गोटा बाँस, २५०० गोटा लौठसल्ला र तिनपाने ठूलो सामुदायिक वन, दलचोकीमा १४०० गोटा लौठसल्ला रोपण कार्यक्रम सम्पन्न भएको।

तालिका नं. ६९ : बाँस तथा लौठसल्लाको वृक्षारोपण सम्बन्धी विवरण

| क्र.सं. | सामुदायिक वनको नाम र ठेगाना | विरुवाको किसिम | संख्या |
|---|---|---|---|
| १ | गुप्तेश्वरीपाखा सामुदायिक वन, भारदेउ | बाँस | ५०० गोटा |
| २ | गुप्तेश्वरीपाखा सामुदायिक वन, भारदेउ | लौठसल्ला | २५०० गोटा |
| ३ | तिनपाने ठूलो सामुदायिक वन दलचोकी | लौठसल्ला | १४०० गोटा |

स्रोतः जिल्ला वन कार्यालय, २०७२/०७३

## ८.१३ वन संरक्षणका लागि चाल्नु पर्ने कदम

राष्ट्रिय सामुदायिक र संरक्षित वनहरूलाई सघनीकरण गर्दै तिनीहरू भित्र गैरकाष्ठ पैदावार र बहुमुल्य जडिबुटीहरूको उत्पादन गर्नु नितान्त आवश्यक छ। राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारको विश्लेषण गरी गैरकाष्ठ पैदावारमा आधारित जडिबुटी प्रशोधन उद्योगको स्थापना तथा सञ्चालनतर्फ सरकारी तथा गैरसरकारी संघसंस्थाहरूको संलग्नता हुनु नितान्त आवश्यक देखिन्छ। गाउँमा जनसंख्याको चाप बढ्दै गएको र उन्नत जातका पशुहरूको तुलनामा स्थानीय अनुत्पादक पशुहरूको संख्या पनि उच्च रहेको देखिन्छ। यी अनुत्पादक

पशुहरूको अनियन्त्रित चरिचरनको कारण राष्ट्रिय र संरक्षित वन क्षेत्रहरू अत्याधिक प्रभावित भएका छन् प्राकृतिक रुपबाट पुनरुत्पादन हुने गरेको पोथ्रा पोथ्रीहरू अनियन्त्रित चरिचरनले विनाश भइरहेका छन्। प्राकृतिक स्रोत र साधनहरूको दिगो उपयोगबाट नै मानव समाजको समुन्नत भविष्यको परिकल्पना गर्न सकिने भएकोले गाउँमा पाइने विभिन्न प्रजाति संरक्षणका निम्ति छुट्टै कार्य सञ्चालन गर्नुपर्ने साथै वनस्पती उद्यान र जैविक उद्यानको निर्माणतर्फ उन्मुख हुनेपर्ने देखिन्छ। जनताको सहभागिता र संलग्नतामा वन संरक्षणलाई सामुदायिक वन कार्यक्रम, कबुलियती वन कार्यक्रम र कृषि वन कार्यक्रम सञ्चालन गरी गरिब, असहाय, अपांग र महिला समुदायलाई हस्तान्तरण गर्नुपर्ने देखिन्छ। वनको हैसियतमा समेत सुधार ल्याउन सामुदायिक वन उपभोक्ता समूह र कबुलियती वन उपभोक्ता समूहरूबाट हुन सक्ने सकारात्मक कार्यक्रमहरूलाई पहिचान गरी सहभागितात्मक सामुदायिक वन विकास कार्यक्रम अघि बढाउनु अत्यावश्यक देखिन्छ।

गाउँ क्षेत्रमा रहेका नदीनाला तथा खोलाहरू, पुरातात्विक स्थलहरूको समुचित व्यवस्थापन र वातवारणीय सम्बर्द्धन गरी प्राकृतिक सम्पदाको विकास गर्नुपर्ने देखिन्छ। बढ्दो अतिक्रमण, लुकिचोरी हुने कटानी, चरिचरन, आगलागी आदि कारण र भैरहेको विनासले वन क्षेत्रको अवस्था संवेदनशिल भएको छ। त्यसैले गर्दा गाउँका वडाहरूमा वन संरक्षण समिति तथा वन उपभोक्ता समितिहरू गठन गरी वन संरक्षणको प्रयास थालनी गरिएको छ। विगतका वर्षहरूको तुलनामा जनताको सहभागिताको परिणाम स्वरुप गाउँको सघन अवस्थामा रहेका कतिपय वनक्षेत्रहरू पुन: प्राकृतिक अवस्थामा रुपान्तरित हुन पुगेका छन्। सामुदायिक वनहरूमा विद्यमान सामुदायिक वनको संरक्षण र आफ्नो सामुदायिक वन प्रतिको लगावको परिणाम स्वरुप उजाड र मरुभुमीकरणतर्फ उन्मुख हुँदै खोला र खहरेहरूले ग्रसित भएका वनक्षेत्रहरू आज प्राकृतिकरुपमा नै पुनरुत्थान एवं संरक्षित भएका छन्। सामुदायिक वनका उपभोक्ताहरूसँग प्राविधिक ज्ञान र बनको उत्पादकत्व बढाउन आवश्यक पर्ने प्रविधिको अभाव खड्किएको छ। तसर्थ वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सामुदायिक वनहरूलाई स्रोत, साधान र प्रविधि युक्त जनशक्तिको रुपमा विकास गर्नु जरुरी छ। उपभोक्ताहरूमा रहेका परम्परागत वन संरक्षण विधिहरूका अतिरिक्त आधुनिक विधि र कार्यशैलीहरू विकास गराउन जरुरी देखिन्छ। दक्षता अभिबृद्धिका निमित्त सामुदायिक वन उपभोक्ताहरूलाई तालिम, गोष्ठी र अवलोकन भ्रमणका अवसरहरू प्रदान गर्नुपर्ने देखिन्छ।

बौद्धिक सम्पदा अधिकारको विषयमा र जीएटीटी डब्ल्यु टी ओ सम्बन्धी अवधारणहरूका विषयमा समुदायलाई आवश्यक जानकारी गराउन प्रशिक्षण दिनुपर्ने देखिन्छ। जिविस र सामुदायिक वन उपभोक्ता समूहहरूको सहभगितामा सामुदायिक वनभित्र गैरकाष्ठ वन प्रैदावारको उत्पादनलाई प्रोत्साहित गर्न र विभिन्न तालिम गोष्ठी अध्ययन भ्रमणहरू गरिँदै आएका छन्। यसले स्थानीयस्तरबाटै वन व्यवस्थापनका सम्पूर्ण पक्षहरूलाई अघि बढाउन र वनक्षेत्रको उत्पादकत्व बढाउन थप मद्दत मिल्ने देखिन्छ। सामुदायिक वनहरूको सुदृढिकरण निमित्त जिल्ला वन कार्यालयको जनशक्ति मात्रले सम्भव नदेखिएकोले उक्त कार्यकको निमित्त वनसँग आबद्ध विभिन्न गैससहरूलाई गाउँमा परिचालन गर्नुपर्ने देखिन्छ। सामुदायिक वनहरूको आयस्रोतमा बृद्धि गर्न विभिन्न किसिमका जडिबुटीका प्रजातीहरूमा आधारित उद्योगहरूको स्थापना गर्ने खालका कार्यक्रमहरूलाई प्रबर्द्धन गर्नुपर्ने देखिन्छ।

## ८.१४ आ.व. २०७२/०७३ मा संचालन भएका कार्यक्रमहरू:

### ८.१४.१ राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्य

राष्ट्रिय वन विकास कार्यक्रम स्वीकृत वार्षिक कार्यक्रम बमोजिम संचालन गरिन्छ । सरकारद्वारा व्यवस्थापन गरिएको वनको संरक्षण, विकास र व्यवस्थापन गर्नु नै यो कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । यस कार्यक्रम अन्तर्गत आ.व. २०७२/०७३ मा सञ्चालन गरिएका मुख्य मुख्य क्रियाकलपाहरू निम्न अनुसार रहेका छन् ।

#### (क) अतिक्रमण तथा चोरी निकासी नियन्त्रणका लागि गस्ती परिचालन

यस ललितपुर जिल्ला वन कार्यालयले आफ्नो मातहत अन्तर्गत रहेका इलाका वन कार्यालय र सेक्टर वन कार्यालयमा कार्यरत कर्मचारीहरूलाई परिचालन गरी स्थानीय सामुदायिक वन उपभोक्ता समुहहरू र सरोकारवाला संघ संस्थाहरूको सहयोग एवं समन्वयमा वनको संरक्षण गर्ने कार्य गरिरहेको छ । यस कोन्ज्योसोम गाउँपालिकामा रहेका सामुदायिक वनहरूमा पनि अतिक्रमण हुन नदिई सामुदायिक वन उपभोक्ता समितिहरूलाई सजग गराई वन संरक्षण गर्ने गराएको छ । वन क्षेत्र भित्र अतिक्रमण गरी अनियमित रुपमा ढुङ्गाखानी सञ्चालन गर्नेउपर वन ऐन बमोजिम कानूनी कारवाही गरी वन अतिक्रमण कार्य नियन्त्रण गरिएको छ । वन क्षेत्रको अतिक्रमण हुन नदिन नियमितरुपमा गस्ती परिचालन गरी नयाँ वन अतिक्रमण हुन नदिनुको साथै विगतका अतिक्रमित वन क्षेत्रलाई क्रमश: हटाई वन क्षेत्रमा समावेश गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडी बढाई वन संरक्षण गरिएको छ ।

#### (ख) वन अपराधकोा सूचना संकलन

वन सुराकी नियुक्ती गरी वन सम्बन्धी अपराध हुनु पूर्व वन अपराध नियन्त्रण र वन अपराध भए पश्चात वन सम्बन्धी अपराध गर्ने व्यक्तिलाई कानून बमोजिम कारवाही गरिएको छ ।

#### (ग) सहभागितामूलक अतिक्रण्म, चोरी कटान तथा चोरी सिकारी नियन्त्रण

जिल्ला स्थित सरोकारवालाहरूसँग समन्वय गरी वन अतिक्रमण, चोरी कटान तथा चोरी निकासी नियन्त्रण सम्बन्धी कार्य गरेको छ ।

#### (घ) वन तथा वन्यजन्तु सम्बन्धी मुद्दाको अनुसन्धान तहकिकात र मुद्दाको दायरी

वन्यजन्तु चोरी शिकारी जस्ता अनियमित कार्यहरूलाई नियन्त्रण गर्ने कार्यमा विभिन्न जनचेतना अभिवृद्धि गर्ने खालका कार्यक्रमहरू सञ्चालन गरिनुको साथै वन्यजन्तु चोरी शिकारी जस्ता अनियमित कार्यहरूलाई विशेष निगरानी गरी स्थानीय सामुदायिक वन उपभोक्ता समिति, प्रहरी प्रशासन एवं CIB सँग नियमित रुपमा समन्वय गरी नियन्त्रण गरे गराएको छ । जसको फलस्वरुप यस वर्ष अघिल्लो वर्षको तुलनामा वन्यजन्तु सम्बन्धी अपारधमा कमी आएको छ ।

#### (ङ) वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजना कार्यान्वयन

वर्षेनी वन डढेलोबाट प्रभावित सामुदायिक वनहरूमा अग्नीरेखा निर्माण गराई वन डढेलोबाट वन क्षेत्रलाई जोगाएको र वन डढेलो लागेको वनमा स्थानीय प्रहरी प्रशासन, सामुदायिक वन उपभोक्ता समितिसँग समन्वय गरी वन डढेलो सचेतना ऱ्याली, आगलागी नियन्त्रण गोष्ठी, तथा स्थानीय प्रहरी, शसस्त्र प्रहरी, नेपाली सेनाको सहयोगमा

वन डढेलो नियन्त्रण गरी वन क्षेत्रको संरक्षण गरेको छ । साथै वन डढेलोबाट बढी प्रभावित हुने कोणधारी (सल्ला) प्रजातिका वनलाई चौडापाते वनमा क्रमश: रुपान्तरण गर्न सामुदायिक वन कार्ययोजना नविकरण गरी सो सम्बन्धी प्रावधान रखोको छ ।

### (च) मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन सहयोग तथा वन्यजन्तु उद्धार

मानव वन्यजन्तु द्वन्द्व कम गर्नको लागि विभिन्न समूहमा जनचेना अभिवृद्धि गर्दै आएको छ ।

## ८.१५ भू–संरक्षण

भू-क्षय हुनबाट जोगाउने तथा माटोको उर्वराशक्तिलाई कायम राख्न गरिने विविध क्रियाकलापहरूलाई भू-संरक्षण सम्बन्धी क्रियाकलापको रुपमा लिन सकिन्छ । गाउँको भू-भागहरूलाई विभिन्न जलाधार क्षेत्रहरूमा विभाजन गरी ति क्षेत्रहरूको वैज्ञानिक व्यवस्थापन गर्दै भू-संरक्षण कायम गर्दै जलाधार क्षेत्रमा रहेका विविध प्राकृतिक श्रोतहरू जस्तै-जल, जंगल, जनावर, जमिन र जनताको संरक्षण संवर्द्धन र उपयोग गर्ने कार्यलाई एकिकृत जलाधार व्यवस्थापन भनिन्छ ।

# खण्ड ९ : विकास सुचकांक र गरिबीको स्थिति

## ९.१ मानव विकास सुचकको विवरण (HDI)

मानव विकास सुचकले तीनवटा कुरालाई आधार बनाएको छ । जसमा आम्दानी, शिक्षा र सापेक्षित आयु छन् । यी तिनवटै परिसुचकलाई समावेश गरी मानव विकासको सुचक निर्धारण गरिएको छ । हरेक देश/ठाउँका जनताको स्वास्थ्य स्थिति, शैक्षिक अवस्था तथा जीवन स्तरको अवस्था मापन गरी स्तर निर्धारण गर्ने प्रयोजनको लागि संयुक्त राष्ट्रसंघको विकास कार्यक्रम (UNDP) ले विकास गरेको शिक्षा, स्वास्थ्य तथा प्रतिव्यक्ति आयका सूचकहरूको संयुक्त सूचकाङ्क नै मानव विकास सूचकाङ्क हो । UNDP नेपालले हालै नेपालका सबै जिल्लाहरूको मानव विकास सूचकाङ्कको मान समेटिएको नेपाल मानव विकास प्रतिवेदन, २०१४ सार्वजनिक गरेको छ । यो प्रतिवेदन अनुसार ललितपुर जिल्लाको मानव विकास सूचकाङ्क ०.६०१ (नेपालको ०.४९०) रहेको छ । अर्थात् ललितपुर जिल्लाको मानव विकास सूचकाङ्क नेपालको राष्ट्रिय औषत भन्दा बढी देखिन्छ । मानव विकास सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल काठमाण्डौं जिल्लाको मानव विकास सूचकाङ्क ०.६३२ रहेको छ भने यस ललितपुर जिल्ला मानव विकास सूचक आधारमा दोश्रो स्थानमा रहेको छ । पुच्छारमा रहेको बाजुरा जिल्लाको मानव विकास सूचकाङ्क ०.३६४ रहेको छ । मानव विकास सूचकाङ्कका अवयव सूचकहरू हेर्ने हो भने ललितपुर जिल्लाको हरेक व्यक्ति बाँच्ने अपेक्षित औषत आयु (Life expectancy) ७०.३० वर्ष र यसको सूचक ०.७५५, प्रौढ साक्षरता दर (Adult literacy) ७९.६८ प्रतिशत र यसको सूचक ०.७९७, शिक्षा आर्जनमा खर्चेको औषत समय (Mean years of schooling) ६.४७ वर्ष र यसको सूचक ०.४३१ तथा प्रतिव्यक्ति आय (Per capita income) १८९४ अमेरिकी डलर र यसको सूचक ०.४९१ रहेको देखिन्छ ।

तालिका नं. ९.१ : मानव विकास सुचकको विवरण (HDI)

| क्षेत्र | स्वास्थ्य | | शिक्षा | | | | आम्दानी | | मानव विकास सुचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | सापेक्षित आयु | | प्रौढ साक्षरता | | विद्यालय जाने मध्यम वर्ष | | प्रतिव्यक्ति आम्दानी (क्रय शक्ति) | | ज्यामितीय मध्यक |
| | मान | सुचक | मान | सुचक | मान | सुचक | मान | सुचक | |
| नेपाल | ६८.८० | ०.७३० | ५९.५७ | ०.५९६ | ३.९० | ०.२६० | ११६० | ०.४०९ | ०.४९० |
| ललितपुर | ७०.३० | ०.७५५ | ७९.६८ | ०.७९७ | ६.४७ | ०.४३१ | १८९४ | ०.४९१ | ०.६०१ |

स्रोत: नेपाल मानव विकास प्रतिवेदन, २०१४

## ९.२ मानव गरीबी सूचकाङ्क (Human Poverty Index)

अपेक्षित औषत आयु ४० वर्ष वा सो भन्दा कम भएको जनसंख्याको प्रतिशत, प्रौढ निरक्षरता, सुरक्षित

खानेपानी नपुगेको जनसंखयाको प्रतिशत तथा कुपोषित ५ वर्ष भन्दा मुनिका बालबालिकाहरूको प्रतिशत जस्ता सूचकहरूको संयुक्त सूचकाङ्कको रुपमा विकास गरिने मानव गरीबी सूचकाङ्कको स्थिति हेर्दा ललितपुर जिल्ला मानव विकास सूचकाङ्कको स्थिति सबैभन्दा राम्रो अवस्थामा रहेको देखिन्छ। ललितपुर जिल्लाको मानव गरीबी सूचकाङ्क मान १९.१८ (नेपालको ३१.१२) रहेको छ। यो सूचकाङ्कको मान जति कम भयो त्यति राम्रो मानिन्छ किनभने यो सूचकाङ्क नकारात्मक सूचकहरूको प्रयोग गरी निकालिन्छ। जस्तैः प्रौढ निरक्षरता दर। मानव गरीबी सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थानमा हुम्ला जिल्लाको मानव गरीबी सूचकाङ्क ४९.२६ रहेको छ भने पुच्छारमा रहेको कास्की जिल्लाको मानव गरीबी सूचकाङ्कक १६.५० रहेको छ। मानव गरीबी सूचकाङ्कका अवयव सूचकहरूमा ललितपुर जिल्लाको प्रौढ निरक्षरता दर (Adult illiteracy rate) २०.३२ प्रतिशत, ४० वर्ष सम्म पनि बाँच्न सक्ने अपेक्षा नगरिएको जनसंख्या (Percentage of people not expected to survive to age 40) ४.०३ प्रतिशत, सुरक्षित खानेपानी नपुगेको जनसंख्या (Percentage without safe water) ३०.४८ प्रतिशत तथा ५ वर्ष मुनिका कुपोषणबाट प्रभावित बालबालिकाको संख्या (Percentage of children under age five who are malnourished) १६.२० प्रतिशत रहेको देखिन्छ।

(स्रोत : नेपाल मानव विकास प्रतिवेदन ,२०१४, UNDP,NEPAL)

## ९.३ मानव विकास र गरीबी

नेपालमा गरीबीको लघुक्षेत्र अनुमान, २०६८ अनुसार ललितपुर जिल्ला तेश्रो समृद्धिस्तर भएका जिल्लाहरूको श्रेणीमा पर्दछ। ७५ जिल्लाहरू मध्ये गरिबीको दरको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल कास्की जिल्लाको गरिबीको दर ४ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको बाजुरा जिल्लाको गरीबीको दर ६४.१ प्रतिशत रहेको छ। ललितपुर जिल्लामा गरिबीको रेखामुनी रहेको संख्या ३४,५५४ रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ३.७ : गरीबीको दरको विवरण

| गरिबीको स्थान | गरिबीको दर (प्रतिशत) | गरिबीको विषमता (प्रतिशत) | गरिबीको गहनता (प्रतिशत) | गरीबहरूको संख्या |
|---|---|---|---|---|
| ३ | ७.६२ (०.७६) | १.५१ (०.१८) | ०.४६ (०.०७) | ३४,५५४ |

श्रोतः राष्ट्रिय जनगणना, २०६८

## ९.४ गरिबी न्यूनीकरण

गरिबी न्यूनीकरणका लागि स्वरोजगर सृजना गर्ने, उद्यमशीलताको खोजी तथा प्रवर्द्धन गर्ने एवं विभिन्न सिपमूलक तथा क्षमता अभिवृद्धि हुने क्रियाकलापद्वारा विशेषत ग्रामीण प्रकृतिका वडाहरूमा रोजगारी सृजना गर्नेतर्फ कार्यक्रम केन्द्रित गरी नयाँ थप भएका वडाहरूमा विभिन्न सिपमूलक तालिम सञ्चालन गरी जीविकोपार्जनका कार्यक्रमलाई प्रोत्साहन गर्नु पर्ने देखिन्छ।

## ९.५ समग्र विकास स्थिति

राष्ट्रिय जनगणना २०६८ अनुसार ९,७०९ जनताको बसोबास भएको गाउँपालिकामा खास गरी सामाजिक रुपले पछिपरेका र आर्थिक रुपले विपन्न अवस्थामा रहेका गरिबीको रेखामुनि परेका जनताको जीवनस्तरलाई कसरी माथि उठाउने र सामाजिक भेदभाव रहित एवं आर्थिक रुपले सम-समुन्नत गाउँको निर्माण कसरी गर्ने भन्ने चुनौतीलाई समयसापेक्ष रुपमा समाधान गर्न विगत देखि वर्तमानसम्म गरिएका मानवीय प्रयासहरू र तिनबाट प्राप्त प्रतिफलको आधारमा जीवनस्तरमा भएको रुपान्तरणलाई नै अहिलेसम्मको मानवीय विकासको रुपमा लिन सकिन्छ। यसरी हेर्दा गाउँबासीहरूको मानवविकास सुचकांक, लैंगिक समता सुचकांक, जनताको बाच्ने औसत आयु, औसत ग्राहस्थ उत्पादन, औसत साक्षरतादर र औसत आम्दानी जस्ता विभिन्न आयामहरूलाई दृष्टिगत गर्नु आवश्यक हुन जान्छ। संक्षेपमा गाउँको मानवीय विकासको स्थितिलाई हेर्दा जनताको यातायात सेवामा पहुँच अझै पनि बाह्रै महिना भरपर्दो गरी पुऱ्याउन सकिएको छैन। यसै गरी स्वास्थ्य सेवाको पहुँच सबै वडाहरूमा आवश्यकताअनुसार उपलब्ध गराउन सकिएको छैन। गाउँमा भएका स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र उपस्वास्थ्य चौकी, स्थापित भए बमोजिम आवश्यक दक्ष स्वास्थ्यकर्मीहरूको प्रर्याप्ता नहुँदा जनताको स्वास्थ्य सेवा पाउने स्थितिमा गुणात्मक परिवर्तन आएको देखिँदैन। केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कअनुसार गाउँमा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ। जसमा धारता तथा हाते पम्पको पानी प्रयोग गर्ने घरधुरीको संख्या सबैभन्दा बढी ९७.९० प्रतिशत देखिन्छ भने दोस्रो ठूलो स्रोतको रुपमा खुला इनार तथा कुवाको प्रयोग गर्नेको संख्या ०.९५ प्रतिशत देखिन्छ। त्यस्तै, मूल धारा प्रयोग गर्ने ०.७५ प्रतिशत, नदी तथा खोला प्रयोग गर्ने ०.५५ प्रतिशत देखिन्छ।

सामाजिक एवं मानव विकासको एक महत्त्वपूर्ण आयमको रुपमा रहेको शिक्षा क्षेत्रमा यो गाउँ ललितपुर जिल्लाका अन्य गाउँहरूको तुलनामा केही अगाडि रहेको देखिन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार यस गाउँको साक्षरता दर ५९.४६ प्रतिशत (नेपालको ६५.९४ प्रतिशत) रहेको छ। लैंगिक हिसाबले यो गाउँ पनि अन्यत्र झैं केही विभेद रहेको पाईन्छ। जस्तै: यस गाउँको पुरुषको साक्षरता दर ७०.२२ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ४९.८८ प्रतिशत मात्र रहेको छ। पुरुष र महिलाको साक्षारता दरमा लगभग २०.३४ प्रतिशतको फरक देखिन्छ। सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ।

शिक्षा तर्फ र प्राथमिक शिक्षालाई सबै गाउँबासीहरूको प्राथमिक अधिकारको रुपमा अझै पनि व्यावहारिक रुपमा स्थापित गर्न सकिएको छैन र अद्यावधिक स्कुल जाने उमेरका केही बालबालिकाहरूले स्कुल भर्ना भई पढ्न पाइरहेका छैनन्। पहिलो कुरा त स्थापित स्कुलहरूमा समेत कक्षाकोठाहरूको कमी हुनु र शिक्षक विद्यार्थी अनुपात कमी रहनु स्वयंमा विडम्बनापूर्ण स्थिति छ भने अर्को तिर मावि र उच्च माविको शिक्षा पुरा गरेका युवाहरूको समेत रोजगारीको प्रत्याभुति हुन सकेको छैन। माध्यमिकस्तरको शिक्षालाई व्यावसायिक नबनाएसम्म हाल शिक्षामा देखिएको निरासजनक स्थितिको अन्त्य हुने सम्भावना पनि देखिँदैन।

यस गाउँपालिकाको जनसंख्या जसरी नेपालको जनसंख्या बढेको छ त्यही स्थितिले यहाँ पनि जनसंख्या बढिरहेको अवस्था देखिन्छ। जनसंख्या दोब्बर हुँदाको अवस्थामा जनतालाई गाँस, बास, शिक्षा र स्वास्थ्य सेवा साथै रोजगारीको व्यवस्था पनि दोब्बर गर्नुपर्ने देखिन्छ।